जनपक्षीय विचारप्रधान साप्ताहिक

# देशप्रेम

DESHPREM *National Weekly*

www. deshpremweekly .com

देशप्रेम प्रकाशन प्रा.लि.द्वारा प्रकाशित

वर्ष २७ अंक ३९  २०८२ माघ १८ गते आइतबार (Feb. 1, 2026 ) जि.प्र.का.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।

## निर्वाचन नहुँदै प्रधानमन्त्रि घोषणागर्नेको संख्यामा अत्यधिक बृद्धि

# देशभक्त र विदेशभक्तका बीचमा जनमत संग्रह

काठमाडौं । आगामी फागुन २१ गते हुने भनिएको निर्वाचनको तयारी सरकारी र निजी दुवैतर्फबाट अन्तिम अवस्थामा पुगेको छ । अकस्मात संसद पुनर्स्थापना नभएमा निर्वाचन रोकिने कुनै संभावना देखिएको छैन । सरकारले यही माघ २१ गतेपछि सेना परिचालनगर्ने र आगामी फागुन चारगतेबाट निर्वाचनका लागि उम्मेदवारहरुलाई घरदैलो र जुलुसगर्न खुल्लागर्ने भएको छ । निर्वाचन आचारसंहिताको परिच्छेद-४ मा राजनीतिक दल, उम्मेदवार, दलको भातृ संगठनहरुले पालना गर्नुपर्ने आचारसंहितासम्बन्धी व्यवस्था छ । जसमा उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि मतदान हुने दिनभन्दा १७ दिन अघिदेखि मात्र निर्वाचन प्रचारप्रसारसम्बन्धी कामगर्न पाउने व्यवस्था छ । आचारसंहिताले मतदानको १७ दिन अघि तीन प्रकारका कामगर्न बन्देज गरेको छ ।



पहिलो, दलहरुलाई जुलुस, आमसभा वा कोणसभागर्न रोकलगाइएको छ । दोश्रो, सञ्चार माध्यममा कुनै प्रकारको प्रचारप्रसार सामग्री प्रकाशन वा प्रसारणगर्न रोकलगाएको छ । अर्थात दलहरुले विज्ञापन बजाउन पनि पाउने छैनन् । तेश्रो निर्वाचन प्रचारप्रसारको लागि घरदैलो कार्यक्रमगर्न रोकलगाइएको छ । निर्वाचन आयोगजका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि सञ्चार माध्यमहरुले आधिकारिक श्रोतलाईमात्र आधार मानेर समाचार एवं सूचनाको प्रवाहगर्न आग्रह गर्नुभएको छ । गतसाता सार्वजनिक सेवा प्रसारण नेपालले आयोजना गरेको प्रतिनिधिसभा सदस्य निर्वाचन-०८२ आचारसंहिता अभिमुखीकरण विषयक कार्यक्रममा प्रमुख आयुक्त भण्डारीले निर्वाचनका क्रममा भ्रामक समाचार फैल्याउन बाट जोगिन सुझाव दिनुभएको थियो । उहाँले नागरिकलाई यतिबेला अत्यन्त सत्यतथ्य समाचार सामग्रीको खाँचो हुनेहुँदा खासगरी सञ्चार माध्यमलले आचारसंहिताको पालनागर्ने र गराउने भूमिका निर्वाह गर्नुपर्ने बताउनुभएको थियो । डिटिल प्लेटफर्म कृत्रिम बुद्धिमता (एआई) जस्ता एप्स प्रयोग गरेर यतिबेला सामाजिक सञ्जालमा कसैको छविमा आँच आउने खालका श्रव्यदृश्य सामग्री देखिएकाले यसलाई व्यवस्थापनगर्न निर्वाचन आयोगले मेटा, टिकटकलगायत सामाजिक सञ्जालसँग सम्झौतागर्न लागेको उहाँको भनाई थियो । कार्यक्रममा आयोगका सचिव **बाँकी ८ पेजमा**

## माघभित्रै संसद पुनर्स्थापनाको ठेगान लाग्ने

काठमाडौं । यही माघभित्रै सर्वोच्च अदालतमा परेका संसद पुनर्स्थापनासम्बन्धी १७ भन्दा बढी रिटहरुको टुंगो लाग्ने संभावना रहेको कानून व्यवसायीबीच चर्चाको विषय भएको छ । जसका लागि एकातिर रिट निवेदकहरुले आआफ्नो रिटको टुंगो छिटो लगाउन अदालतलाई आग्रह गरेका छन्भने अर्कातिर सबैतिरको प्रत्युत्तर प्राप्त भैसकेकाले अदालतले पनि यसैसाताबाट बहस गराउने भएको छ । त्यसैगरी कतिपय समूहहरुले संसद पुनस्थापनाको मागगर्दै सडक प्रदर्शन पनि थालेका छन् । विघटित प्रतिनिधिसभामा नेपाली कांग्रेसका प्रमुख सचेतक रहनुभएका श्यामकुमार घिमिरे नेतृत्वको पूर्व सांसदहरुको टोलीले गतसाता प्रधानन्यायाधीशसँग भेटका लागि समय लिएर पनि छलफल नगरी प्रतीक्षामा रहेको थियो । कांग्रेसका ६५ पूर्व सांसदले संसद पुनर्स्थापनाका लागि रिट दायर गर्नुभएको थियो । यसअघि कानून व्यवसायीहरुले उक्त मुद्धालाई प्राथमिकता दिएर टुंगोमा पुऱ्याउन आग्रह गर्नुभएको थियो । हाल सर्वोच्चमा संसद पुनस्थापनासम्बन्धी १७ वटा रिट गत कात्तिकदेखि बिचाराधिन रहेका छन् । **बाँकी ८ पेजमा**

## क्रान्तिकारीका बिभिन्न नेतामाथि कारवाही

काठमाडौं । क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालले आफ्नो पार्टीका बिभिन्न नेताहरुमाथि कारवाही गरेको थाहाभएको छ । सो पार्टीका महासचिव सिपि गजुरेलद्वारा हालै जारी एक बक्तव्यमा उपरोक्त कुरा उल्लेख छ । वक्तव्यमा पार्टीविरोधी तथा अनुशासनविपरीत गतिविधि गरेकोभन्दै पार्टीका वैकल्पिक राजनीतिक समिति सदस्य भीम चापागाईसहित पाँचजनालाई पार्टी तथा मोर्चाको सम्पूर्ण जिम्मेवारीबाट निष्काशन गरिएको उल्लेख छ । निष्काशितहरुमा वैकल्पिक राजनीतिक समिति सदस्यहरु भीम चापागाई र बालकृष्ण ओली तथा केन्द्रीय समिति सदस्यहरु सूर्य तिमिल्सिना, शिव धिमाल र सूर्य भूजेल रहेका छन् । उनीहरुले विरोधी पार्टीहरुसित अनधिकृत भेटघाट गरेको र आफ्नो पार्टीविरोधी, अन्य सुशासनहीन तथा फुटपरस्त गतिविधि गरेको कुरा पुष्टि हुनआएकोले पार्टी सदस्यतासहित पार्टी, मोर्चा तथा विभागका सम्पूर्ण जिम्मेवारीबाट निष्काशन गरिएको ब्यहोरा उल्लेख छ । त्यसैगरी निर्वाचन बहिष्कारको प्रचार गरेको **बाँकी ८ पेजमा**

## बालेन साहलाई उम्मेदवारी फापेन

काठमाडौं। कामपाका पूर्वप्रमुख बालेन साहलाई प्रतिनिधिसभा सदस्यको उम्मेदवारी नै नफापेको राजनीतिक क्षेत्रमा चर्चाको विषय भएको छ । आगामी फागुन २१ को निर्वाचन नहुँदै आफूलाई प्रधानमन्त्रि हुने घोषणा गरेर निर्वाचन प्रचारमा लागेका साहलाई निर्वाचनमा अपसगुन लाग्न शुरुभएको देखिएको छ । एकातिर साहका समर्थक चढेको गाडीबाट लडेर केही घाइतेभएका छन्भने अर्कातिर बालेन विरुद्ध आचारसंहिता उल्लंघन गरेका लगायतका उजुरीहरु पर्नथालेका छन् । गतसाता बाँकेको नेपालगञ्जमा बालेन समर्थक चढेको गाडीबाट खस्दा छजना घाइते भएका थिए । त्यसैगरी बालेन शाहविरुद्ध निर्वाचन आयोगमा उजुरीसमेत परेको छ । निर्वाचन आचारसंहिता, प्रचलित कानून तथा लोकतान्त्रिक निर्वाचन प्रक्रियाविपरीत घृणात्मक, भ्रामक र मानहानिकारक अभिव्यक्ति दिएको आरोप लगाउँदै निर्वाचन आयोगमा उजुरीपरेको हो । एमालेका अध्यक्ष केपी ओलीले सार्वजनिकरुपमा प्रस्ताव गरेको पारदर्शी, बौद्धिक र तथ्यमा आधारित पब्लिक डिबेटको सन्दर्भलाई लिएर बालेनले सामाजिक **बाँकी ८ पेजमा**

## राष्ट्रियताको रक्षा र संघीयताको खारेजीमा जोड

काठमाडौं । नेकपा (मसाल) ले राष्ट्रियताको रक्षा र संघीयताको खारेजीमा जोड दिँदैआएको छ । यसैक्रममा मसाल सम्बद्ध अखिल नेपाल किसान महासंघ (अफ्फा) का केन्द्रीय अध्यक्ष भैरबराज रेग्मीले गणतन्त्र र राष्ट्रियताको रक्षा तथा संघीयताको खारेजीमा जोड दिनुभएको छ । उहाँले राजमोले साम्राज्य वादीहरुको षड्यन्त्र र पार्टीहरुको अवसरवादी चरित्रको सशक्त भण्डाफोरको उद्देश्यकासाथ चुनावी कार्यक्रमकारुपमा लिएकोसमेत बताउनुभएको छ । मूल प्रवाह सुदुर पश्चिमोत्तर भारत क्षेत्रीय समितिको आयोजनामा गतसाता भएको निर्वाचन परिचालन भेलालाई सम्बोधनगर्दै रेग्मीले उपरोक्त कुरा बताउनुभएको हो । उहाँले सम्बोधनकाक्रममा संसदीय व्यवस्था मूलतः पूँजीवादी व्यवस्था भएपनि राजतन्त्रभन्दा प्रगतिशिल भएको बताउनु भएको थियो । उहाँले यो व्यवस्थालाई उपयोगगर्ने र जनतालाई बढिभन्दा बढि सजग बनाउने महत्वपूर्ण अवसर भएकोहुँदा यसलाई **बाँकी ८ पेजमा**

## निर्वाचनका लागि १९ अर्ब निकाशा

काठमाडौं । आगामी फागुन २१ गते हुने भनिएको प्रतिनिधिसभाको निर्वाचनको खर्चका लागि १९ अर्बभन्दा बढी निकाशा भैसकेको थाहा भएको छ । चालु आब ०८२/८३ को दोश्रो त्रैमासिक (कात्तिकदेखि पुससम्म)को सरकारी खर्च निर्वाचन केन्द्रित रहेको रहस्य खुलेको छ । हालसम्म निर्वाचन आयोग, गृहमन्त्रालय र रक्षा मन्त्रालयका लागि मात्र १९ अर्ब सात करोड रुपैयाँबराबर श्रोत सहमति दिइएको अर्थ मन्त्रालयले जनाएको छ । जसमा निर्वाचन आयोगले आगामी फागुन २१ मा हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि छअर्ब ७३ करोड ६६ लाख ९० हजार श्रोत सहमति पाएको देखिएको छ । त्यसैगरी राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि चारकरोड ३१ लाख ७९ हजार निकाशा **बाँकी ८ पेजमा**

## पूर्वमाओवादी खेमामा पुष्पकमलको बिरोध

काठमाडौं । तत्कालीन माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले आफूले माओवादी केन्द्र पार्टी र माओवादको सिद्धान्त परित्याग गरेपछि पूर्वमाओवादी धारलाई एकताबद्ध हुन नदिने प्रयास थालेको थाहा भएको छ । हालै सामाजिक सञ्जाल फेसबुकमा एक टिप्पणी प्रकाशितगर्दै नेकपा( माओवादी) का महासचिव नेत्रबिक्रम चन्दले उपरोक्त खुलाशा गर्नुभएको



थियो । उहाँले दाहालले एकताको चर्चागर्नु जालफेलको बासी र असफल हुइयाँमात्र भएको पनि बताउनुभएको छ । महासचिव चन्दले पुष्पकमल दाहालले गत साता बुधबार आयोजित एक कार्यक्रममा एकतामा आउन आग्रह गरेकोप्रति लक्षितगर्दै उपरोक्त कुरा बताउनुभएको हो । उहाँले फेसबुकमार्फत आफ्नो धारणा अगाडि सार्दै सबै कम्युनिष्ट पार्टीबीच मोर्चा र सहकार्य, सिद्धान्त, कार्यदिशा, कार्यक्रम र उद्देश्य **बाँकी ८ पेजमा**

## आचारसंहिता उल्लंघन गर्नेक्रम बढ्दो

काठमाडौं । आगामी फागुन २१ मा हुने भनिएको निर्वाचनमा सहभागी हुने तयारीमा रहेका बिभिन्न दल र उम्मेदवारहरुबाट आचार संहिता उल्लंघान गर्नेक्रम बढेपछि गृह मन्त्रालयले वडातहमा क्रियाशील राजनीतिक दलका पदाधिकारी एवं प्रबुद्ध व्यक्तिको सहभागितामा स्वतन्त्र, निष्पक्ष एवं भयरहित वातावरणमा निर्वाचन सम्पन्नगर्ने अवधारणा तयार गरेको थाहाभएको छ । मन्त्रालयले सुव्यवस्थित निर्वाचन व्यवस्थापनका लागि वडा तहसम्म समन्वय र सहकार्य अभिवृद्धि गर्नेसम्बन्धी अवधारणा-०८२ जारी गरिसकेको छ । निर्वाचनका सबै प्रक्रियामा राजनीतिक दल, नागरिक समाज, सञ्चार जगत, निजी क्षेत्र एवं प्रबुद्ध व्यक्तिको भूमिका महत्वपूर्ण रहने तथ्यलाई मध्यनजरगर्दै मन्त्रालयले सो **बाँकी ८ पेजमा**

## राष्ट्रियसभामा सरकारको आलोचना

काठमाडौं । प्रतिनिधिसभा बिनाको राष्ट्रियसभाको बैठक सञ्चालन गरिएपछि बैठकमा वर्तमान सरकारकै आलोचना हुनथालेको छ । राष्ट्रिय सभाका सदस्यहरुले वर्तमान सरकारका बिभिन्न मन्त्रिहरुको आलोचनागर्दै कर्तव्य पालनागर्न आग्रह गर्नुभएको छ । पछिल्ला बैठकका शून्य समयमा सदस्यहरुले सडकको कमजोर अवस्था, जाजरकोटका भूकम्पपीडितले हालसम्म राहत नपाएकोदेखि लिएर निर्वाचन नजिकिँदै जाँदा सामाजिक सञ्जालमा आएका भ्रामक सूचनाको पछिलाग्न नहुने धारणा राख्नुभएको छ । बैठकमा विशेष समयमा सांसदहरुले वर्तमान अन्तरिम सरकारका चारजना मन्त्रीले जिम्मेवारी छाडेर प्रतिनिधिसभा सदस्यको निर्वाचनमा उम्मेदवारी दिएको विषयमा असन्तुष्टि जनाउनु भएको छ । गत २३ र २४ भदौमा भएको जेनजी आन्दोलनपछि पूर्वप्रधान न्यायाधीश सुशीला कार्कीको नेतृत्वमा बनेको मन्त्रिपरिषद्का चारजना मन्त्रीले राजीनामा दिई निर्वाचनमा उम्मेदवारी दिनु **बाँकी ८ पेजमा**

## काठमाडौं उपत्यकामा चोरी र डकैती बढ्दो

काठमाडौं । आगामी फागुन २१ गतेको निर्वाचनका लागि सबै सुरक्षा संयन्त्र परिचालन गरिएको अवस्थामा काठमाडौं उपत्यकामा चोरी र डकैती बढ्दै गएको देखिएको छ । सोहीक्रममा कामपाका पूर्व प्रमुख तथा हाल रास्वपाका झापा क्षेत्रनम्बर पाँचका प्रतिनिधिसभाका उम्मेदवार बालेन साहको काठमाडौंको मण्डिखाटारमा रहेको घरमा चोरी भएको छ । बालेन र उहाँकी श्रीमती हाल चुनाव प्रचारमा उपत्यका बाहिर परिचालित भएपछि उक्त घटना भएको बताइन्छ । सो घर रेखदेखगर्ने बालेनका मामा ससुराका छोराले गत शुक्रबार प्रहरीलाई खबर गरेपछि घटना बाहिर आएको थियो । प्रहरीका अनुसार चोरहरुले घरमा जडान गरिएका सिसीटिभी क्यामेरा, फुटेज रेकर्ड हुने डिभिआर (डीभीआर) मेशिन र बाथरुम

**समाचार विश्लेषण**

तथा भान्साका धाराका टुटीहरुसमेत चोरेर लगेको पाइएको छ । घटनाको जानकारी पाएलगत्तै उपत्यका अपराध अनुसन्धान कार्यालय महाराजगञ्ज प्रहरी वृत्त र जिल्ला प्रहरी परिसर काठमाडौंको टोली अनुसन्धानका लागि खटिएको थाहाभएको छ । यसअघि प्रहरीले बिभिन्न शंकास्पद क्षेत्रमा चेकप्वाइन्ट राखेर निगरानी बढाउँदा काठमाडौं र भक्तपुरका बिभिन्न स्थानमा लुटपाट आतंक मच्चाइरहेको एउटा ठूलै समूहलाई काठमाडौंको मूलपानीबाट गोली प्रहारगरी नियन्त्रणमा लिन सफल भएको थियो । जिल्ला प्रहरी परिसर काठमाडौंले पत्रकार सम्मेलनगरी लुटपाटमा संलग्न समूहका नाइके विनय तामाङसहित १० जनालाई बरामद गरिएको सामग्रीसहित सार्वजनिक पनि गरिसकेको छ । प्रहरीले काभ्रे पलाञ्चोकका विनय, सलोन तामाङ, राजीव भण्डारी र पेमा तामाङ, सिन्धुलीका आर्यन माझी र सविन माझी, मोरङका मनिस रसाइली, रामेछापका विशाल तामाङ, खोटाङका विदुर विश्वकर्मा र सिन्धुपाल्चोकका फुर्वा तामाङलाई नियन्त्रणमा लिएर कारवाही थालेको **बाँकी ८ पेजमा**

## राष्ट्रिय झण्डाको दुरुपयोग बढेको खुलाशा

काठमाडौं,१२ माघ । पछिल्ला दिनमा नेपालको राष्ट्रिय झण्डाको दुरुपयोग बढ्दैगएको खुलाशा भएको छ । गृहमन्त्रालयले एक विज्ञप्ति जारीगरी राष्ट्रको गौरव र स्वाभिमानको प्रतीक राष्ट्रिय झण्डाको प्रयोगगर्दा यसको उच्च गरिमा र मर्या[redacted] राखी प्रचलित कानुन[redacted] प्रयोगगर्नु होला, अन्यथा यसको दुरुपयोग भएको पाइएमा कानूनबमोजिम कारवाही हुने भनेपछि उपरोक्त रहस्य खुलेको हो । गृहमन्त्रालयले राष्ट्रिय झण्डाको प्रयोगगर्दा त्यसको उच्च गरिमा र मर्यादालाई ध्यानमा राखी प्रचलित कानूनबमोजिम मात्र प्रयोगगर्न आग्रह गरेको छ । निर्वाचन आचारसंहिता-०८२ को परिच्छेद ४, दफा १३ को खण्ड (न) मा दल वा उम्मेदवारले जुलुस, आमसभा, कोणसभा, घरदैलो भेटघाट वा जुनसुकै प्रकारको र्‍यालीगर्दा बढीमा १० वटा राष्ट्रिय झण्डा प्रयोग गर्नबाहेक निर्वाचन प्रचारप्रसारगर्दा राष्ट्रिय झण्डा प्रयोगगर्न गराउन नहुने व्यवस्था गरिएको मन्त्रालयको भनाइ छ । त्यसैगरी मुलुकी अपराधसंहिता-०७४ को दफा १५१ मा नेपालको राष्ट्रिय झण्डाको अपमानगर्न वा सार्वजनिक नैतिकता, शिष्टाचार वा सदाचारको दृष्टिकोणले प्रयोगगर्न नहुने ठाउँ वा अवस्थामा नेपालको राष्ट्रिय झण्डा प्रयोगगर्न नहुने व्यवस्था रहेको र सो को उल्लंघन भएमा सजायको व्यवस्थासमेत गरिएको छ । नेपालको राष्ट्रिय गौरवको प्रतीक रा[redacted]को प्रयोगलाई व्यवस्थित [redacted] सम्मानजनक बनाउन [redacted] र राष्ट्रिय गीतको प्र[redacted] कार्यविधि-०६९ कार्यान्वय[redacted]को छ । राष्ट्रिय झण्डाको आकार, प्रयोग, प्रयोगगर्ने विधि, राष्ट्रिय झण्डा फहराउने विधि एवं राष्ट्रिय झण्डाको प्रयोगमा निषेधसहितका प्रावधानहरु रहेका छन् । त्यसैगरी प्रमुख जिल्ला अधिकारीलाई आफ्नो क्षेत्रभित्र यस कार्यविधिबमोजिम राष्ट्रिय झण्डाको प्रयोग भए/नभएको सम्बन्धमा नियमितरुपमा अनुगमनगर्ने प्रावधान छ । मन्त्रालयले राष्ट्रिय झण्डाको अपमान हुने किसिमको कुनै पनि कार्यगर्न वा **बाँकी ८ पेजमा**

## देशभक्त..

कृष्णबहादुर राउतले निर्वाचनको आचारसंहिता पालना गर्न/गराउनका लागि निगरानीगर्ने दायित्व सञ्चार माध्यमको हुने बताउनुभएको थियो। यसैक्रममा सामान्य प्रशासन मन्त्रालयले ७५३ वटै स्थानीय तह र ७७ वटै जिल्ला समन्वय समितिलाई निर्वाचन आचारसंहिता-०८२ लागू गर्न/गराउन सर्कुलर गरेको छ। निर्वाचन आयोगले गत चारगते राति १२ बजेदेखि लागूगरेको आचारसंहिता सम्बन्धित स्थानीय तह र जिल्ला समन्वय समितिले पनि आआफ्नो क्षेत्रमा लागूगराउन पत्राचार गरेको बताइएको छ। सरकारले गत पुस १२ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशितगरी आचारसंहिता सार्वजनिक गरेको थियो। निर्वाचन आयोगले आचारसंहितामा कड्याइँ गरेपनि त्यसको उल्लंघन गर्नेक्रम बढेर गएको छ। गतसातासम्ममा २१ वटा भन्दा आचारसंहिता उल्लंघन गरेका घटनामा आयोगले कारवाही थालेको बताइएको थियो। जसमा आफूलाई भाबि प्रधानमन्त्रि भएको प्रचारगर्ने कामपाका पूर्व प्रमुख बालेन साहलगायत रहेका छन्। त्यसैगरी निर्वाचनको मुखैमा सरकारले बिभिन्न चारवटा जलबिद्युत आयोजनालाई राष्ट्रिय वन क्षेत्र प्रयोगगर्न स्वीकृति दिएर निर्वाचन आचारसंहिताको उल्लंघन गरेको राजनीतिक क्षेत्रमा टिकाटिप्पणीको बिषय भएको छ। गतसाता बसेको मन्त्रिपरिषद् बैठकले सुतीखोला जलबिद्युत आयोजना, तामाकोशी पाँचौं जलबिद्युत आयोजना, माथिल्लो संखुवासभा जलबिद्युत आयोजना र सेतीखोला जलबिद्युत आयोजनालाई राष्ट्रिय वन क्षेत्र प्रयोगगर्न स्वीकृति दिएको थियो। गत भदौ २३ र २४ मा कतिपय विदेशी शक्तिको उक्साहटमा बिध्वंश मच्चाइएको र सो शक्तिलाई समर्थनगर्नेहरु पनि निवार्नचनमा खुलेर आगाडि आएकोभन्दै यस पटकको निर्वाचन देशभक्त र विदेशभक्तका बीचको जनमत संग्रह भएको जनस्तरमा चर्चाको बिषय भएको छ। एमालेले सो कुरालाई प्रमुख प्रचारको बिषय बनाएको छ।

## राष्ट्रियताको....

आन्दोलनकारुपमा प्रभावकारी तरिकाले लैजानुपर्ने दाबिसमेत गर्नुभएको थियो। नेता रेग्मीले मूल प्रवाह एकता समाजको देशको जनतान्त्रिक आन्दोलनमा महत्वपूर्ण भूमिका रहेकोहुँदा यसपटक राजमोलाई जिताउन भारतबाट उत्साहजनक उपस्थिति रहने विश्वास छ भन्नुभएको थियो। उक्त समारोहलाई सम्वोधनगर्दै मूल प्रवाहका पूर्व केन्द्रीय अध्यक्ष ठाकुर खनालले विचारलाई जनताको हकहितको लागि सैद्धान्तिक हतियारका रुपमा प्रयोग गर्नुपर्ने धारणा राख्नुभएको थियो। मूल प्रवाहका महासचिव त्रिभुवन भट्टराईले अमेरिकी साम्राज्यवादका एजेन्टहरुलाई परास्तगर्न समयले प्रत्येक देशभक्त नेपालीहरुको काँधमा जिम्मेदारी सुम्पेको बताउनु भएको थियो। सो सभालाई मूल प्रवाह केन्द्रीय सचिवालय सदस्य दिनेश खडका, मूल प्रवाहका केन्द्रीय सदस्य एवं सुदुर पश्चिमोत्तर क्षेत्रीय अध्यक्ष तारा सोमरे, अखिल भारत नेपाली बिद्यार्थी संघका केन्द्रीय अध्यक्ष एवं अधिवक्ता माधव पोखरेल, सांस्कृतिक विभागका क्षेत्रीय संयोजक जुना भण्डारी चालिसे, महिला क्षेत्रीय विभाग संयोजक माया आचार्यलगायतले सम्वोधन गर्नुभएको थियो। मसाल र राष्ट्रिय जनमोर्चाले विदेशमा रहेका नेपालीहरुका माझमा समेत नेपालका संघीय शासनले सिर्जनागरेको आर्थिक, सामाजिक र राजनीतिक संकटकाबारेमा बहस चलाउँदै आएका छन्।

## आचारसंहिता..

अवधारणा ल्याएको हो। अवधारणा कार्यान्वयनका लागि मन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालयलाई पत्राचारसमेत गरेको छ। वडा तहमा रहेका राजनीतिक व्यक्ति, पदाधिकारी एवं प्रबुद्ध व्यक्तिलाई निर्वाचन व्यवस्थापनलगायत कार्यमा समावेश गराइ निर्वाचनमा निजको अपनत्व अभिवृद्धिगरी गराई निश्पक्ष निर्वाचन सम्पन्नगर्ने अभिप्रायले अवधारणा सार्वजनिक गरिएको मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जानकारी दिनुभएको छ। अवधारणा कार्यान्वयनका लागि प्रमुख जिल्ला अधिकारी एवं जिल्ला सुरक्षा समितिका सबै पदाधिकारीलाई जिम्मेवार बनाइएको छ। निर्वाचन आयोगले पनि आचारसंहिता उल्लघङ्नलाई नियन्त्रणगर्न तीब्रताका साथ आफ्ना गतिविधि अगाडि बढाएको छ। आगामी फागुन २१ गतेका लागि तयारभएको प्रतिनिधि सभाको निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी तथा विश्वसनीय बनाउनका लागि निर्वाचन आचारसंहिता-०८२ कार्यान्वयनमा ल्याएको छ। आचारसंहिताको पूर्ण पालनाका गराउन आयोगले सरोकारवाला सबै पक्षलाई ध्यानाकर्षण गराउँदै आएको छ। केन्द्रीय आचारसंहिता अनुमगन समितिमा प्राप्त उजुरी र जानकारीका आधारमा हालसम्म राजनीतिक दल, उम्मेदवार र संस्थागरी २१ वटा स्पष्टिकरण सोधिएको थाहाभएको छ। त्यसमध्ये पाँचवटाकोमात्रै जवाफ प्राप्तभएको र बाँकी जवाफका लागि ताकेता भइरहेको आयोगले जनाएको छ। आचारसंहिताको उल्लंघन हुनेगरी मिथ्या एवं भ्रमपूर्ण र घृणास्पद अभिव्यक्ति दिने व्यक्तिको निगरानीगर्न र गैरकानूनी कार्यगर्ने व्यक्ति वा संस्थालाई नियामक निकायसँगको सहकार्यमा कानूनी दायरामा ल्याउन पहल भइरहेको आयोगले जनाएको छ। आयोगमा स्थापना गरिएको निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्र अन्तर्गत सूचना सदाचार प्रवर्द्धन इकाइ पूर्णरुपमा क्रियाशिल रहेको आयोगले जनाएको छ।

## निर्वाचनका..

भइसकेको पाइएको छ। त्यसैगरी आगामी प्रतिनिधिसभा निर्वाचनका लागि छअर्ब ३१ करोड निकाशासमेत भइसकेको देखिएको छ। गत कात्तिक १८ मा प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि निर्वाचन आयोगलाई चारअर्ब ९६ करोड ६६ लाख सहमति दिइएको थियो/। त्यसैगरी मंसिर २० मा एक अर्ब ७७ करोड ९० हजारगरी कूल छअर्ब ७३ करोड ६६ लाख ९० हजारको श्रोत सहमति प्रदान गरिएको मन्त्रालयले जनाएको छ। राष्ट्रिय सभाका लागि निर्वाचन आयोगलाई मंसिर १२ मा चारकरोड ३१ लाख ७९ हजार श्रोत सहमति प्रदान गरिएकोमा सो रकम निकाशासमेत भइसकेको थाहाभएको छ। गृहमन्त्रालय र त्यसअन्तर्गतका निकायका लागि प्रतिनिधिसभा सदस्य पदको निर्वाचनका लागि १० अर्ब ३९ करोड ३४ लाख ८० हजार श्रोत सहमति प्रदान गरिएको पाइएको छ। त्यसैगरी नेपाली सेनालाई प्रतिनिधिसभा सदस्य पदको निर्वाचनका लागि गत पुस २० मा चालु खर्चतर्फ एकअर्ब ९४ करोड ६८ लाख ५५ हजार श्रोत सहमति प्रदान गरिएको पाइएको छ। गत कात्तिक १३ मा राष्ट्रिय अनुसन्धान विभागलाई दुईकरोड ८० लाख श्रोत सहमति प्रदान गरिएको पाइएको छ। नेपाली सेनालाई सुरक्षा उपकरण खरिदका लागि मंसिर २४ मा चारकरोड ४२ लाख ५० हजार श्रोत सहमति प्रदान गरिएको पाइएको छ। अझ निर्वाचन सम्पन्न हुन एक महिना बाँकी रहेकाले थप खर्च हुने सरकारी अधिकारीहरुको अनुमान रहेको छ।

## राष्ट्रियसभामा..

भएको छ। त्यसले सरकारको नैतिकतामाथि प्रश्न उठ्नसक्नेभन्दै असन्तुष्टि जनाइएको छ। कतिपयले नागरिक सरकार गठनहुँदाको विश्वासअनुसार कार्यसम्पादन हुनुपर्नेमा त्यसो हुननसकेको धारणा राख्नुभएको छ। उहाँहरुले नागरिक सरकारमा बसेर निर्वाचनको उम्मेदवार बन्नु आपत्तिजनक भएकोभन्दै उहाँले सत्ताका लागिमात्रै राजनीतिगर्ने प्रवृत्तिको आलोचना गर्नुभएको छ। कतिपय सदस्यले शान्तिसुरक्षामा सुरक्षा निकायको भूमिका थप प्रभावकारी हुनुपर्नेमा जोड दिनुभएको छ। निर्वाचन घोषणा भएपछि नैतिक जिम्मेवारीबाट पन्छिँदै मन्त्रीहरुले राजीनामादिई दलका झण्डा बोकेर चुनावी मैदानमा जानु अनुचित भएको उहाँहरुको भनाइ थियो।

## माघभित्रै....

सर्वोच्च अदालतका प्रवक्ता अर्जुन कोइरालाले आगामी २० गते तारेख तोकिएको बताउनुभएको छ। अदालतमा संसद पुनःस्थापना, सरकार गठन प्रक्रियालगायत विषयमा परेका १७ वटा रिट निवेदनमा सुनुवाइ आगामी माघ २० गतेपछि अघिबढाउने भएको छ। गतसाता मंगलबार सर्वोच्च प्रशासनले रिट निवेदकहरुलाई आगामी माघ २० गतेका लागि साधारण तारिख दिएको थियो। संसद विघटनविरुद्ध दर्ता भएका रिटमाथि संवैधानिक इजलासले यसअघिनै प्रारम्भिक सुनुवाइगर्दै विपक्षीहरुका नाममा कारण देखाउ आदेश जारीगरेको थियो। अदालतको आदेशअनुसार अधिकांश विपक्षी ( राष्ट्रपति कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत) बाट गत सातानै लिखित जवाफ प्राप्त भइसकेको थाहाभएको छ। सबै पक्षको लिखित जवाफ प्राप्त भएपछिमात्र अन्तिम सुनुवाइका लागि पेशी तोकिने कानूनी प्रक्रिया रहेकाले अदालतले २० गतेको तारिख तोकेको छ। प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतको नेतृत्वमा रहेको संवैधानिक इजलासमा पाँच जना न्यायाधीशहरु रहनुहुने छ। यसअघि अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरेपनि मुद्धाको गम्भीरतालाई ध्यानमा राख्दै लिखित जवाफ आएको सात दिनभित्र अन्तिम सुनुवाइको मिति तयगर्न आदेश दिएको थियो।

## क्रान्तिकारीका...

आरोपमा क्रान्तिकारीका केन्द्रीय सदस्य पूर्णबहादुर खड्कालाई सिन्धुली जिल्लाको दुधौलीबाट पक्राउ गरिएको छ। उहाँलाई दुधौली चोकमा कोणसभा गरी पर्चा वितरणगर्दै हिँडिरहेको अवस्थामा प्रहरीले पक्राउ गरेको थाहाभएको छ। क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालका महसचिव सिपि गजुरेलले एक बक्तब्य प्रकाशितगरी आफ्नो पार्टीका नेताको शिघ्र रिहाईको माग गर्नुभएको छ। त्यसैगरी सोही पार्टीका बर्दियाका सेक्रेटरी विनय रानाले आफू नेपाली कम्युनिष्ट पार्टीमा प्रवेशको प्रचार मिथ्या भएको भन्दै आपत्ति प्रकट गर्नुभएको छ। उहाँले एक प्रेस विज्ञप्ति जारीगर्दै सो कुरा बताउनु भएको हो।

## बालेन....

सञ्जालमार्फत दिएको टिप्पणी लोकतान्त्रिक बहसको मर्मविपरीत रहेको उजुरीमा उल्लेख गरिएको छ। निवेदनमा बालेनले प्रयोग गरेका ७६ जना बच्चाको हत्यारा, आतंकवादी, देश जलाउनेजस्ता शब्दहरु कुनै प्रमाण वा अदालतको निर्णयबिनै लगाइएका गम्भीर, आपराधिक तथा तथ्यहीन आरोप भएको दाबी गरिएको छ। यस्ता अभिव्यक्तिले व्यक्तिको सामाजिक प्रतिष्ठामा गम्भीर क्षतिपुऱ्याउने, वैधानिक राजनीतिक दलप्रति जनघृणा फैलाउने तथा मतदाताको मानसिकता भ्रमितपार्ने खतरा रहेको निवेदनमा उल्लेख छ। त्यसैगरी निवेदनमा रास्वपाले महोत्तरी लगायतका क्षेत्रमा चुनावी प्रचारका लागि भारतीय नम्बर प्लेटका सवारी साधन प्रयोग गरेको देखिने भिडिओ सामाजिक सञ्जालमा सार्वजनिक भएको उल्लेखगर्दै सो कार्य पनि निर्वाचन आचारसंहिता विपरीत भएको दाबीगरिएको छ। बालेन आगामी निर्वाचनको प्रचारका लागि उपत्यका बाहिर गएपछि उहाँको घरमा चोरी समेत भएको छ। गत साता साहको काठमाडौंको मन्डिखाटारमा रहेको घरमा चोरी भएको हो। प्रहरीले चोरहरुले घरमा जडान गरिएका सिसीटिभी क्यामेरा, फुटेज रेकर्ड हुने डिभिआर (डीभीआर) मेशिन र बाथरुम तथा भान्साका धाराका टुटीहरुसमेत चोरेर लगेको पाइएको जनाएको छ। निर्वाचन आयोगले समेत आचारसंहिता उल्लंघन गरेको आरोपमा बालेन साहमाथि कारवाही अगाडि बढाएको छ। साहलाई अभिव्यक्ति र निर्वाचन आचारसंहिता उल्लंघनलगायत विषयलाई लिएर आयोगले स्पष्टिकरण सोधेको थाहाभएको। बालेनले दिएका अभिव्यक्तिविरुद्ध आयोगमा उजुरी परेको छ। हालैमात्र उहाँले रास्वपाका सभापति रवि लामिछानेको बहकाउमा लागेर अझै दुईबर्ष कार्यकाल बाँकी रहेको कामपाको प्रमुख पद छाड्नुभएको थियो। भनिन्छ कामपामा बरबुझारथ नभएका कारण पूर्जि काट्ने तयारी भैरहेको छ।

## पूर्बमाओवादी...

मिल्नेसँग एकतागर्ने भन्दै मालेमावादी पार्टीको सुदृढीकरणनै पार्टीको मूल नीति रहेको बताउनुभएको छ। महासचिव चन्दले चुनावी मोर्चामा सहकार्यगर्न तयार नहुने पार्टीले एकताको चर्चागर्नु कम्युनिष्ट आन्दोलनमा प्रयोग गर्दागर्दै थोत्रो भइसकेको काम नलाग्ने जालझेलको बासी र असफल हुइयाँमात्र भएको उल्लेखगर्दै फेसबुकमा चुनावी मोर्चामासमेत सहकार्यगर्न तयार नहुने पार्टीले एकताको चर्चागर्नु कम्युनिष्ट आन्दोलनमा प्रयोग गर्दागर्दा थोत्रो भइसकेको काम नलाग्ने जालझेलको बासी र असफल हुइयाँमात्र होभन्ने उल्लेख गर्नुभएको छ। उहाँले अनेकौं मोर्चाका अनुभवसहित समाजवादी गन्तव्यतर्फ अघिबढिरहेको माओवादी पार्टीनै एकता, अग्रगमन र सम्भावनाको केन्द्र भएको दाबीगर्दै आगामी भविष्यले त्यसलाई प्रमाणितगर्ने बताउनु भएको छ। हाल नेपाली कम्युनिष्ट पार्टीको संयोजक समेत रहनुभएका पुष्पकमल दाहालले अन्य माओवादी समूहहरुसँग एकताभन्दा उनीहरुलाई फुटाएर आफ्नो पार्टीमा मिलाउने अभियान थाल्नु भएपछि पूर्ब माओवादी समूहहरुबाटै उहाँको बिरोध भएको हो। त्यसैगरी पूर्ब माओवादी समूहको मुख्य घटक मानिएको क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालले नेपाली कम्युनिष्ट पार्टीलाई संशोधनवादी पार्टी र पुष्पकमल दाहाललाई दक्षिणपन्थी चरम अवसरवादी नेता ठहर गरेको छ। नेपाली कम्युनिष्ट पार्टीले अनुशासनको कारवाहीगरी पार्टीबाट निष्काशन गरेकाहरुलाई संयोजक दाहालले महत्वका साथ आफ्नो पार्टीमा संगठितगर्ने गर्नुभएको छ।

## राष्ट्रिय..

गराउन, राष्ट्रिय झण्डा उल्टो (चन्द्रमा तल पर्नेगरी) राख्न, राष्ट्रिय झण्डा च्यात्न, जलाउन, फ्याँक्न, कुनै सामान पोको पार्न, व्यापारिक प्रयोजनका लागि विज्ञापनको उद्देश्यले राष्ट्रिय झण्डाको दुरुपयोगगर्न, व्यक्तिले आफ्नो शरीरमा राष्ट्रिय झण्डाको प्रतीक टाँस्दा, छाप्दा वा लगाउँदा कम्मरभन्दा माथिको भागबाहेक अन्यत्र लगाउन वा यसरी प्रयोगगर्दा चन्द्रमा तल पर्नेगरी लगाउन, शरीरको छातीभन्दा तलको भागमा लगाइने कुनै पनि भित्री/बाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतिक/चित्र राख्न, फहराउने प्रकृतिको (राष्ट्रिय झण्डा ओहालेर राख्दाबाहेक) कार्यमा बाहेक अन्यत्र राष्ट्रिय झण्डाको प्रयोगगर्न निषेध गरिएको छभनेको छ। पछिल्ला दिनमा बिभिन्न पार्टीका उम्मेदवारहरुले राष्ट्रिय भण्डाको दुरुपयोग गरिरहेको आवाज उठेपछि गृहको उपरोक्त सूचना बाहिर आएको बुझिएको छ।

## काठमाडौं...

छ। उनीहरुका साथबाट बा १२ च ७७०१ नंको कार र बागमती प्रदेश ०१०० ज ८७६६ नम्बरको ट्याक्सी तथा छथान मोटरसाइकलसमेत बरामद गरेको छ। जेनजी आन्दोलनपछि सो समूह सक्रिय भएको अनुसन्धानले देखाएको छ। तामाङको समूहले काठमाडौं र भक्तपुरका बिभिन्न स्थानमा मध्यरातका समयमा महिला तथा पुरुषबाट सुनका गरगहना र पैसा लुटपाट गर्नेगरेको अनुसन्धानबाट खुलेको प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाले जानकारी दिनुभएको छ। डाका समूहका नाइके विनय जेनजी आन्दोलनकाक्रममा महाराजगञ्ज वृत्तको हिरासतबाट भागेको रहस्य पनि खुलेको छ। उक्त समूहले स्वयम्भूमा सात, बूढानीलकण्ठ, बौद्ध, गौशालामा तीन/तीन र भक्तपुरको ठिमीमा १३ वटा लुटपाटका घटना घटाएको प्रहरीले जनाएको छ। विनय यसअघि पनि ०७९ मा चोरी र ०८२ मा डाँका चोरीमा संलग्न रहेको पाइएको छ। हाल चोरीका घटनाहरु पनि बढेका छन्। प्राप्त समाचारअनुसार काठमाडौं महानगपालिका-३० डिल्लीबजार डेरागरी बस्ने बारा घर भएका राजु पटेलको कोठाबाट करिब तीनलाख ९४ हजार रुपैयाँ बराबरको धनमाल चोरीभएको छ। त्यसैगरी काठमाडौंको नागार्जुन नगरपालिका-४ डेरागरीबस्ने रामेछाप घर भएकी अञ्जुको कोठाबाट नगद, सुन तथा चाँदीका बिभिन्न गरगहना समेतगरी करिब तीनलाख ५९ हजार ५०० रुपैयाँ बराबरको धनमाल चोरी भएको छ। त्यसैगरी झापाको अर्जुनधारा नगरपालिका-९ कालिस्थान सिरानबस्ने नारद पोखेलको घरबाट नगद, सुन तथा चाँदीका बिभिन्न गरगहना समेतगरी करिब आठलाख रुपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले उपरोक्त सबै घटनाको छानविन भैरहेको जनाएको छ।

## नेपाललाई...

जोखिम औंल्याउँदै नेपालको अर्थतन्त्र अझै नगदमा आधारित, अनौपचारिक अर्थतन्त्रको हिस्सा ठूलो, आधुनिक प्रणालीको प्रभावकारी नियमनगर्न नसकिएको, दक्ष जनशक्ति र प्रविधिको अभाव तथा कानून बने पनि कार्यान्वयन कमजोर रहेको समस्या रहेको बताउनु भएको थियो। घरजग्गा कारोबार तथा सुनचाँदी कारोबारका क्षेत्रमा सम्पत्ति शुद्धीकरणको जोखिम बढी रहेको उहाँको भनाइ थियो। उहाँले जोखिममा आधारित प्रणाली कार्यान्वयन, कानूनी सुधार तथा अद्यावधिक, अनुसन्धान निकायबीच समन्वय र सहकार्य, अन्तर्राष्ट्रिय समन्वय विस्तार, आधुनिक प्रविधिबाट हुने अपराध न्यूनीकरण, एकीकृत सूचना साझेदारी प्रणाली निर्माण, डिजिटल अर्थतन्त्रको नियमन तथा साइबर अपराध नियन्त्रणमा विशेष जोड दिनुपर्ने आजको आवश्यकता हो भन्नुभएको थियो। महान्यायाधिवक्ता सविता भण्डारीले सम्पत्ति शुद्धीकरण निवारणका लागि नेपालले अन्तर्राष्ट्रियस्तरमा स्पष्ट नीतिगत प्रतिबद्धता जनाएकाले यस विषयलाई उच्च प्राथमिकतामा राखी सम्बन्धित कानूनको तर्जुमा तथा प्रभावकारी कार्यान्वयनमा विशेष ध्यानदिइएको बताउनु भएको थियो। उहाँले एफएटीएफको मापदण्डअनुसार जोखिममा आधारित अनुगमन तथा नियमन प्रणाली लागू गर्नुपर्नेमा जोड दिनुभएको थियो। फ्रान्सको पेरिसमा सन् २०२५ को अक्टोबर २० देखि २४ मा भएको एफएटीएफको चौथो पूर्ण बैठकमा नेपालको प्रयास नपुगेको ठहर गरेको थियो। बैठकमा नेपाली टोलीको समेत सहभागिता थियो। बैठकपछि एफएटीएफले जारीगरेको वक्तव्यमा नेपालले सुधारका प्रयास जारीराखे पनि अझै अपर्याप्त रहेको र थप गति बढाउन अत्यावश्यक रहेको उल्लेख थियो। ग्रेलिष्टबाट बाहिर ल्याउन एफएटीएफको कार्ययोजना कार्यान्वयन गर्नुपर्ने र प्रमाण या नतिजामा आधारित प्रगति देखाउनुपर्ने एफएटीएफको बैठकमा सहभागी सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय समन्वय समितिले जनाएको छ। नेपालले सन् २०२५ फेब्रुअरीमा एफएटीएफ र एशिया प्यासिफिक ग्रुप (एपीजी) सँग आफ्नो सम्पत्ति शुद्धीकरण निवारण प्रणालीको प्रभावकारिता बलियो बनाउन उच्चस्तरीय राजनीतिक प्रतिबद्धता जनाएको थियो। ग्रेलिष्टबाट बाहिरिन नेपालले अवलम्बन गरेको बाटो सही भएपनि प्रयास पर्याप्त नभएकाले त्यसको गति बढाउनुपर्नेएफएटीएफले औंल्याएको छ। यही सन् २०२६ को फेब्रुअरीमा मेक्सिकोमा हुने एफएटीएफ बैठकमा नेपालबाट राजस्व सचिव भूपाल बरालको नेतृत्वमा एक टोली पनि सहभागी हुने समाचार बाहिर आएको छ। त्यहाँ नेपाली टोलीले दुईबर्षमा ग्रेलिष्टबाट बाहिर आउन भए/गरेका कामबारे ब्रिफिङ गर्नुपर्ने जानकारहरुको भनाई छ। नेपालले बर्षको कम्तीमा तीन पटक एफएटीएफको बैठक ( प्लेनरी) मा आफ्नो कार्यप्रगतिबारे ब्रिफिङ गर्नुपर्छ। यतिबेला सम्पत्ति शुद्धीकरणमामात्र होइन, नेपाल अति भ्रष्टाचार हुने देशको सूचीमा समेत परेको छ। ट्रान्सपरेन्सी इन्टरनेसनलले नेपाललाई १८० देशमध्ये १०७ औं स्थानमा राख्दै अति भ्रष्टाचार हुने देशमा सूचीकृत गरेको छ।

आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**डा.केशव देवकोटा**
**प्रधान सम्पादक**
E-mail: krdevkota@gmail.co
deshprem977@gmail.com
सम्पर्क : काठमाडौं-२८ बागबजार
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि.भक्तपुर-१
फोन/फ्याक्स ६६१७७४०,मो.९८५१०९८७०३
फोन. : ५३३२८९०,पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं
कम्प्युटर : देशप्रेम कम्प्युटर्स, बागबजार, काठमाडौं ।

*सम्पादकीय*

# सबै क्षेत्र र पक्षको चाहना स्वतन्त्र, निष्पक्ष तथा भयरहित निर्वाचन

**आगामी फागुन २१ गते हुने भनिएको प्रतिनिधिसभाको निर्वाचन जति नजिकिँदैछ, त्यति चुनावी वातावरण गर्माएर गएको छ। यसअघि बिभिन्न राजनीतिक पार्टी र स्वतन्त्र उम्मेदवारहरु समेतले आआफ्नो चुनावी घोषणापत्र सार्बजनिक गरेर त्यसका आधारमा उम्मेदवारी दिने गरिएकोमा यसपटक त्यसको ठीक बिपरितका गतिबिधिहरु भैरहेका छन्। बिघटित संसदको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस बिभाजित भएको अवस्था छभने दोश्रो ठूलो दल एमालेले घोषणापत्र लेखनका लागि सुझाव माग्न शुरु गरेको छ। अन्य दलहरुमाभने घोषणापत्र लेखनको खासै चासो नरहेकोजस्तो देखिएको छ। तर सबैतिरबाट स्वतन्त्र, भयरहित र निष्पक्ष निर्वाचनको मागभने एकसाथ उठेको देखिन्छ। सुन्दा र भन्दा सामान्य कुरा भएपनि नेपालमा स्वतन्त्र, भयरहित र निष्पक्ष निर्वाचन आफैमा एक प्रकारको चुनौती भनेजस्तो भएको छ। कतिपय ब्यक्तिहरु आफू बिजयी हुन उम्मेदवार भएका छन्भने कतिपयले खुलेयाम अरुलाई हराउने उद्घोष गरेका छन्। सामाजिक सञ्जालको चरम दुरुपयोग भैरहेको देखिएको छ। जसलेगर्दा निर्वाचन आयोगमा आचारसंहिता उल्लंघन भएकोभन्दै उजुरी पर्नेक्रम पनि बढेर गएको देखिन्छ। ०७२ को संविधानले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा मुलुकमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिमा लाने परिकल्पना गरेको भनिएको थियो। तर घोषणा भएको १० बर्ष बित्दा पनि सो संविधानको पूर्णरुपमा कार्यान्वयन हुन सकिरहेको छैन। हुँदाहुँदा गत भदौमा केही व्यक्ति र शक्तिहरुले केवल सरकार परिवर्तन गराउनका लागि बिध्वंशको बाटो रोजेका थिएभने सोही घटनालाई आधार बनाएर देशको राष्ट्रिय राजनीतिलाई नै संकटतर्फ धकेल्ने काम भएको थियो। संसदको बर्षे अधिवेशन चलिरहेकै अवस्थामा संसदसँग सामान्य परामर्शसमेत नगरी संसद बाहिरबाट प्रधानमन्त्रि नियुक्त गरेर र उल्टै संसद बिघटन गरेर नयाँ निर्वाचनको मिति घोषणा गर्ने/गराउने काम भएको थियो। अनिर्वाचिन तथा मनोनित प्रधानमन्त्रिको सिफारिसमा निर्वाचित संसदनै बिघटन गर्ने/गराउने काम भएकाले सबैले अब फेरी नयाँ संसद र सरकार गठन भएपनि त्यो कति समय टिक्छ ? भन्ने प्रश्न गर्नेगरेका छन्। आगामी निर्वाचन हुन करिव एक महिना हुँदासमेत सर्बोच्च अदालतमा दायर भएको संसदको पुनर्स्थापना सम्बन्धी रिटको टुंगो लाग्नसकेको छैन।**

**सो बिषयले पनि आगामी निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन ब्यवधान सिर्जना गरेको देखिएको छ। आगामी निर्वाचित सरकारबाट संविधानमा नमिलेका एवं नेपाली समाजका लागि बाधक रहेका कतिपय विषयवस्तुहरुलाई तत्काल प्रक्रियागतरुपमा हटाई संशोधनगरी प्रभावकारी कार्यान्वयन हुने अपेक्षा पनि भैरहेको छ। खासमा गत भदौको जेनजी आन्दोलनबाट भएको मानवीय एवं भौतिक क्षतिको सत्यतथ्य छानविनको लागि गठित जाँचबुझ आयोगले निर्वाचन पूर्वनै आफ्नो प्रतिवेदन सार्वजनिक गर्नुपर्नेमा त्यो हुननसक्ने अवस्था सिर्जना हुँदैगएको छ। त्योभन्दा पनि उक्त बिध्वंश मच्चाउने तत्वमाथि सख्त कारवाही हुनुपर्नेमा सोही पक्षको प्रशंसा भएका कतिपय दृश्यहरु पनि देखिएका छन्। जो जसले गत भदौमा बिध्वंश मच्चाउनेहरुलाई अगाडि सारेर आगामी निर्वाचनमा बिजय प्राप्तगर्ने उम्मेद राखेका छन्। उनीहरुबाट स्वतन्त्र उम्मेदवारहरु त्रसित हुनु कुनै आश्चर्यको बिषय होइन। त्यसैले जो जसले आगामी प्रतिनिधिसभाको निर्वाचन हुनुभन्दा अगाडिनै आफूलाई प्रधानमन्त्रिको दाबेदार भनेर मतदातालाई प्रभावित गर्ने/गराउने प्रयास गरिरहेका छन्, उनीहरुमाथि नियन्त्रण आजको प्रमुख आवश्यकता भएको छ। कतिपयले निर्वाचनको प्रचारमा महँगा गाडिको प्रयोग गरेका छन्भने आफ्नो चुनाव प्रचारमात्र गर्नुपर्नेमा अर्काको बिरोधलाई तीब्र बनाएका छन्। आगामी निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष, धाँधली एवं भयरहित वातावरणमा सुरक्षित तवरले सञ्चालनगर्न निर्वाचनलाई बिथोल्न सक्ने शक्तिहरुको सुक्ष्म निगरानी भरपर्दो समन्वयात्मक सुरक्षा योजना तथा सोको प्रभावकारी कार्यान्वयनगरी सुरक्षित चुनावी वातावरण तयार गर्नुपर्ने अवस्था रहेको छ। विगतको तुलनामा एक दलले अर्को दलका मतदाताहरुलाई निषेधगर्ने प्रबृत्ति यो निर्वाचनमा झन बढेको देखिएको छ। जसले शान्ति सुरक्षामा नकारात्मक असरगर्न सक्ने अवस्था रहेको छ। त्यसैले सम्बद्ध पक्षले बिशेष चनाखो र सजगता अपनाउनुपर्ने देखिएको छ।**

# नेपालको राजनीतिमा बढ्दो बाह्य प्रभाव र आगामी निर्वाचन

**देश/परिवेश** — डा. केशव देवकोटा

एकातिर आगामी फागुन २१ गतेको निर्वाचनको मिति नजिकिँदै गएको छभने अर्कातिर नेपालको राजनीतिमा बढ्दो बाह्य प्रभाव र त्यसले आगामी निर्वाचनमा पार्ने असरको बिषयलाई लिएर बिभिन्न किसिमका टिकाटिप्पणी र आंकलनहरु पनि भैरहेका छन्। बाह्य प्रभावकै कारण गत भदौमा अवधी नसकिएको संसदको बिघटन र बहुमतमा रहेको सरकारको परिवर्तन गरिएको थियो। उक्त बिघटन र परिवर्तनमा बाह्य प्रभाव रहेको बिषयमा पछिल्ला दिनमा धेरै गहन टिकाटिप्पणीहरु भएका छन्। त्यसैले आगामी निर्वाचनका सन्दर्भमा नेपालको आन्तरिक राजनीतिमा परेको र पर्नसक्ने बाह्य प्रभावका बारेमा छलफल हुनु आफैमा सान्दर्भिक कुरा हुनजान्छ। नेपालको राजनीतिक इतिहास, भूराजनीतिक संवेदनशीलता, आन्तरिक अस्थिरता र बाह्य शक्तिहरुसँगको जटिल सम्बन्धका बिभिन्न पाटाहरुलाई केलाउनुपर्ने भएको छ।

पहिलो त नेपाल दुई ठूला छिमेकी राष्ट्र भारत र चीनका बीचमा रहेकाले उनीहरुको प्रभाव पर्नु तथा दुबैतिरबाट तानातान हुनु स्वाभाबिक रहेको छ। दोश्रो नेपालमा अमेरिका लगायतका पश्चिमी राष्ट्रको बढ्दो प्रभाव र गतिबिधिलाई पनि नजरअन्दाजगर्न सकिने अवस्था छैन। नेपालको राजनीतिमा बाह्य प्रभावका प्रमुख श्रोत भनेकै छिमेकी मुलुकहरु भारत र चीनको प्रभावको कुरा हो। नेपालमा खुला सीमा, आर्थिक निर्भरता, रोजगारी, ऊर्जा, व्यापार र ऐतिहासिक-सांस्कृतिक सम्बन्धका कारण भारतको प्रभाव गहिरो छ। केही राजनीतिक दल वा नेताहरु भारतसँग नजिक भएका कारणले पनि बिभिन्न प्रभावहरु परेका छन्। त्यसैगरी पूर्वाधार लगानी, बीआरआई र कूटनीतिक सक्रियतामार्फत चीनको प्रभाव पनि बढ्दैगएको देखिएको छ। सीमा जोडिएको र परापूर्ब कालदेखिको घनिष्ट सम्बन्ध रहेका कारण चीनको प्रभावलाई पनि अन्यथा मान्न सकिने अवस्था छैन। विशेषगरी नेपालका केही कम्युनिष्ट पार्टीहरुसँग चिनियाँ कम्युनिष्ट पार्टीको सम्बन्धले पनि कतिपय प्रभावहरुको सिर्जना गरे/गराएको देखिएको छ। पछिल्ला बर्षहरुमा नेपालमा अमेरिकालगायतका पश्चिमी मुलुक र अन्तर्राष्ट्रिय संस्थाहरुको प्रभाव पनि बढेर गएको छ। अमेरिका, युरोपेली संघ, र दातृ निकायहले नेपालको सुशासन, मानवअधिकार, समावेशिता, संघीयता, र लोकतान्त्रिक अभ्यासमा जोड दिनेगरेका छन्। जसका लागि आर्थिक सहयोग र ऋणको मात्रा बढ्दैगएको देखिएको छ। नेपालमा पछिल्ला बर्षहरुमा पश्चिमा मुलुक प्रायोजित एनजिओ/आइएनजिओहरुको सक्रियताले नीति निर्माण, नागरिक समाज र जनमतमा प्रभावपार्ने काम गरेको स्पष्ट छ। कतिपयले यसलाई सकारात्मक दबाब मानेका छन्भने कतिपयले नेपालको आन्तरिक मामिलामा हस्तक्षेपका रुपमा लिएका छन्। कतिसम्म भने नेपालको सरकार गठन/विघटनमा समेत बाह्य कूटनीतिक चासो देखिने गरेको छ। नेपालमा लागू भए/गराइएका ठूला परियोजनामा भूराजनीतिक प्रतिश्पर्धा देखिएको छ। राजनीतिक दलहरुभित्र विचारधारात्मक ध्रुवीकरण पनि बढ्दो छ। मिडिया, सामाजिक सञ्जाल र जनमत निर्माणमा न्यारेटिभको प्रभाव परेको देखिन्छ। जसलेगर्दा नेपालमा बढ्दैगएको बाह् प्रभावको प्रत्यक्ष असर आगामी निर्वाचनमा पर्ने देखिएको छ। जसमा राष्ट्रवाद, विदेशी हस्तक्षेप, सार्वभौमिकताको मुद्धा चुनावी नाराकारुपमा प्रयोग हुने गरेका छन्। त्यसैगरी केही दलहरुले आपसमा फलानो देश समर्थक वा विदेशी एजेन्डा बोकेको आरोप लगाउने गरेका छन्। बाह्य शक्ति सन्तुलनलाई ध्यानमा राखेर नेपालका दलहरुका बीचमा गठबन्धन बन्ने र भत्कनेक्रम पनि जारी रहेको छ। युवा र शहरी मतदातामा वैदेशिक रोजगारी, विकास र अन्तर्राष्ट्रिय छविको चासो रहेको छ। त्यसैगरी ग्रामीण क्षेत्रमा राष्ट्रवाद र स्थायित्वको मुद्धा उठेको छ। आगामी फागुन २१ को निर्वाचनपछि बन्ने सरकारले कुन मुलुक वा शक्ति सन्तुलनलाई प्राथमिकता दिन्छभन्ने बिषयमा पनि जोड घटाउ हुनेगरेको देखिएको छ। नेपालको भूराजनीतिक अवस्थाका कारण बाह्य प्रभाव पूर्णरुपमा टार्न असम्भव देखिएको छ। तर राष्ट्रिय हितलाई केन्द्रमा राख्दै सन्तुलित कूटनीति र स्वाधीन निर्वाचन प्रक्रिया सुनिश्चित गर्नसक्ने होभने बाह् प्रभावलेसमेत कुनै नकारात्मक असरगर्न नसक्ने हुन्छ। नेपालमा विदेशी हस्तक्षेपका सन्दर्भमा बिवेचनागर्दा ऐतिहासिकतालाई समेत राम्ररी ध्यान दिनसक्नु पर्दछ। नेपालमा राजनीतिक परिवर्तननै भारतको प्रभावको आधारमा हुनेगरेको छ। ००७, ०४६ र ०६३ का परिवर्तनहरु उपरोक्त कुराका ताजा उदाहारणहरु रहेका छन्। जस्तो नेपालमा नेपाली कांग्रेस र कम्युनिष्ट पार्टीको प्रभाव बढिरहेको छ। अन्य पार्टीहरु उनीहरुकै वरिपरी घुमिरहेका छन्। नेपाली कांग्रेस र कम्युनिष्ट पार्टीको स्थापनानै भारतीय भूमीमा भएको हो।

००७ सालको राणा शासनविरुद्धको आन्दोलन भारतीय भूमिबाटै सञ्चालन भएको थियो। जसको प्रभावमा नेपाल र भारतकाबीचमा सन् १९५० सन्धी भएको थियो। जसलाई नेपालका जनपक्षीय शक्तिहरुले असमान भन्दैआएका छन्भने भारतीयहरुले त्यसलाई कार्यान्वयन गर्न/गराउन भरमग्दुर प्रयास गरेको देखिएको छ। यसैक्रममा नेपालमा ०४६ सालको राजनीतिक परिवर्तनपनि भारतीय दबाव र प्रभावमा भएको कुरा अब दिनको घाम जतिकै छर्लङ्ग भएको छ। नेपालमा ०४६ सालको राजनीतिक परिवर्तनपछि भारतीय हस्तक्षेप घनिभूत भएको र त्यसैक्रममा अमेरिकी हस्तक्षेपसमेत भित्रिएको ठानिएको छ। ००७ सालमा पनि भारतीयहरुले नै नेपालको जन आन्दोलनमा मध्यस्तताको भूमिका निर्वाह गरेका थिएभने ०६३ को परिवर्तनमा पनि उनीहरुकै मध्यस्त भूमिका प्रमुख रहेको थियो। त्यसैगरी नेपालमा ०५२ सालबाट करिव १० बर्ष भएको जनयुद्धको उठान र बैठानमा पनि भारतीय भूमिका देखिएको छ। जसलाई त्यहाँका शासकहरुले बेलाबखत स्वीकार पनि गर्नेगरेका छन्। हालसम्म पनि ०६२ मंसिर सातगते भारतको नयाँ दिल्लीमा १२ बुँदे सहमति गरेर १० बर्षे जनयुद्धको बिसर्जन गर्नेहरुको राजनीतिक सम्बन्ध नयाँ दिल्लीसँग कायमै रहेको देखिएको छ। नेपालमा बाह्य प्रभाव बलियो हुनुका भित्री कारणहरुमा यहाँको राजनीतिक अस्थिरता, निर्णय प्रक्रियामा पारदर्शिताको कमी, नेताहरुको अस्पष्ट अभिव्यक्ति, जनतामा बढ्दो अविश्वास प्रमुख रहेका देखिन्छन्। नेपालजस्तो सानो भूगोल र कमजोर आर्थिक अवस्था भएको मुलुमा बाह्य शक्तिले प्रभाव बढाउनु कुनै आश्चर्यको बिषय होइन। जसका लागि नेपालमा देशभक्तिको भावना बढाएर लानुपर्ने र स्वाबलम्धी अर्थतन्त्रको विकास गर्नुपर्ने टड्कारो आवश्यकता देखिएको छ।

राष्ट्रिय हितमा आधारित निर्णय, पारदर्शिता, र उत्तरदायित्वपूर्ण नेतृत्वले मात्र स्वस्थ, स्वाभिमानी र दीर्घकालीन राजनीतिक स्थिरता सुनिश्चितगर्न सक्छ। त्यसैले नेपालको राजनीतिनै सोही अनुसारको ब्यवस्था गरिएको हुनुपर्दछ। आगामी निर्वाचनमा प्रमुख दलहरुले देशभक्तिलाई प्रमुख नारा बनाउन सकेको खण्डमा एकातिर नेपाली जनतालाई संगठित गर्न/गराउन सहज हुन्छभने अर्कातिर विदेशी चासोलाई नियन्त्रणगर्न पनि सहज हुन्छ। नेपालको आन्तरिक राजनीतिमा विदेशी सहयोग आकर्षित गर्ने/गराउने कार्य तत्काल रोकिनु आवश्यक छ। जस्तो भारतले नेपालको आगामी फागुन २१ को निर्वाचनका लागि २०० वटा गाडी उपलब्ध गराएको छ। जसलाई नेपालको सरकारले सहर्ष स्वीकार गरेको छभने अन्य पक्षबाट बिरोध पनि भैरहेको छैन। खासमा नेपालको आन्तरिक निर्वाचनजस्तो **बाँकी ७ पेजमा**

# नेपाललाई ग्रेलिष्टबाट बाहिरिन निकै मेहनत गर्नुपर्ने अवस्था

काठमाडौं। नेपालले ग्रेलिष्टबाट बाहिरिन तीब्र आर्थिक सुधार गर्नुपर्ने अवस्था रहेको बताउन थालिएको छ। यसैक्रममा वित्तीय कारोबारको निगरानीगर्ने अन्तर्राष्ट्रिय मञ्च फाइनान्सियल एक्सन टास्क फोर्स ( एफएटीएफ) को ग्रेलिष्टबाट बाहिरिन आगामी एक बर्षभित्र तीव्रगतिमा सुधारका काम गर्नुपर्ने अवस्था सिर्जना भएको हो। एफएटीएफले नेपाललाई ग्रेलिष्टबाट उम्किन दिएको दुई बर्षमध्ये एक बर्षको समयावधी सकिएको छ। अबको बाँकी एकबर्षमा तोकिएको सबै पूरा गरेमात्र बाहिर निस्कन पाइने अवस्था छ। सन् २०२५ को फेब्रुअरी (०८१ को गत फागुन ) मा नेपाल ग्रेलिष्टमा परेसँगै त्यसबाट बाहिरिन एफएटीएफले कार्ययोजना बनाएर दिएको थियो। एकबर्षभित्र सोहीही योजनामात्र प्रभावकारी रुपमा कार्यान्वयनगर्न सके ग्रेलिष्टबाट बाहिरिन सकिने अवस्था रहेको छ।

कार्ययोजना प्रभावकारी कार्यान्वयनगर्न नसके थप केही समय ग्रेलिष्टमै बस्नुपर्ने र त्यसपछि ब्याललिष्टमा पर्नसक्ने खतरा छ। गतसाता बुधबार 'सम्पत्ति शुद्धीकरण निवारण : पारदर्शिता र वित्तीय सुशासन' भन्ने मूल नारासहित काठमाडौंमा आयोजित सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवस-०८२ काक्रममा सरोकारवालाहरुले ग्रेलिष्टबाट निस्कन सबै निकायको संयुक्त प्रयास अपरिहार्य रहेको बताउनुभएको थियो। सो कार्यक्रममा अर्थमन्त्री रामेश्वर खनालले आगामी एक बर्षभित्र ग्रेलिष्टबाट बाहिर निस्किनेगरी कामगर्न सरकारी निकायलाई निर्देशनसमेत दिनुभएको थियो। ग्रेलिष्टबाट जतिसक्दो चाँडो बाहिर निकाल्न सबै क्षेत्र र निकाय जिम्मेवार भएर लाग्नुपर्नेमा उहाँको जोड थियो। तोकिएको समयभन्दा अघिनै आवश्यक सबै सुधारका काम सम्पन्नगरी आगामी एक बर्षभित्र नेपाललाई ग्रेलिष्टबाट बाहिर निकाल्न सबैले जोडबलकासाथ काम गर्नुपर्ने अर्थमन्त्री खनालको भनाइ थियो। वित्तीय कारोबारको निगरानीगर्ने एफएटीएफले नेपाललाई सम्पत्ति शुद्धीकरणगर्ने मुलुकको ग्रेलिष्टमा राखेको छ। सुशासन कायमगरी प्रभावकारी कदम चालेर त्यसबाट बाहिर निस्कन एफएटीएफले नेपाललाई दुई बर्षको समय दिएकामा एक बर्ष बितिसकेको छ। अब बाँकी एकबर्षमा जतिसक्दो चाँडो बाहिर निकाल्न सबै क्षेत्र र निकाय जिम्मेवार भएर लाग्नुपर्ने अर्थमन्त्री खनालले बताउनु भएको थियो।

उहाँले अन्तर्राष्ट्रिय समुदायले नेपालमाथि कुनै दबाब दिएर वा बाध्य पारेर यी सुधार कार्य कार्यान्वयनगर्न लागिएको होइन, आफ्नै संस्थालाई भ्रष्टाचारमुक्त, पारदर्शी र सुशासनयुक्त बनाउन तथा अर्थतन्त्रलाई बलियो बनाउने उद्देश्यसहित यो प्रक्रिया अघि बढाइएको हो। सम्पत्ति शुद्धीकरण निवारणका लागि भइरहेका सुधार प्रयासले अतिरिक्त आर्थिक दायित्व वा अनावश्यक लागत सिर्जना गर्दैन भन्नुभएको थियो। अर्थमन्त्री खनालले विदेशी लगानी अपेक्षाअनुसार नआउनुको एक कारण वित्तीय प्रणालीप्रतिको विश्वास कमजोर हुनुरहेको उल्लेखगर्दै सुधारमार्फत लगानी वातावरण सुधार गर्नुपर्नेमा जोड दिनुभएको थियो। उहाँले एफएटीएफ र एशिया प्यासिफिक ग्रुपले सन् २०२७ को जनवरी सम्ममा सुधार गर्नुपर्ने बिभिन्न विषय समेटेर सुझाव दिएको स्मरण गर्नुभएको थियो। अर्थमन्त्री खनालले पछिल्लो एक बर्षमा केही सुधार भएको र अबको एक बर्षभित्र बाँकी सबै सुधारका काम पूरागर्नुपर्ने आवश्यकता औंल्याउनु भएको थियो। सन् २०२६ को अन्त्यतिर सबै सुधार कार्य सम्पन्न हुने उहाँको अपेक्षा थियो। अर्थमन्त्री खनालले सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित मुद्धामा अनुसन्धान, अभियोजन र कारबाही प्रक्रियालाई प्रभावकारी बनाइनुपर्नेमा जोडदिँदै प्रमाणसहित बलियो मुद्धा तयारगरी तत्काल सम्पत्ति जफतगर्ने व्यवस्था मिलाउनुपर्ने बताउनु भएको थियो। वित्तीय बजारमात्र नभई पूँजीबजारमा समेत पारदर्शितासम्बन्धी समस्या रहेको उहाँको आशंका थियो। उहाँले सोही कारण गत एकगतेदेखि पाँचलाखभन्दा बढीको व्यावसायिक कारोबार बैंकिङ प्रणालीमार्फत मात्र गर्नुपर्ने व्यवस्था लागूगरिएको बताउनु भएको थियो। निजी क्षेत्रबाट यस व्यवस्थाले समस्या सिर्जना गरेको भनिए पनि नगद कारोबारको सीमा नबढाइने उहाँको भनाई थियो। सोही कार्यक्रममा कानून, न्याय तथा संसदीय मामिला मन्त्री अनिलकुमार सिन्हाले नेपालको वित्तीय स्वच्छता र सुशासनका लागि विश्वव्यापीरुपमा देखिएका कानूनी, नीतिगत तथा संस्थागत चुनौतीहरुलाई थप प्रभावकारी ढंगले सम्बोधन गर्नुपर्ने बताउनु भएको थियो। उहाँले हालको अवस्था चुनौती मात्र नभई आत्मसमीक्षा र थप सुधारका लागि अवसरसमेत भएको बताउनु भएको थियो। मन्त्री सिन्हाले अब कार्ययोजनालाई प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने बेला आएको बताउनु भएको थियो। उहाँले ग्रेलिष्टबाट बाहिर निस्कन आगामी ०८३ सालको माघसम्म गर्नुपर्ने कार्ययोजना तय भइसकेको छ। त्यसको कार्यान्वयनमा सबै निकाय र क्षेत्रले आआफ्नो जिम्मेवारी पूरा गर्नुपर्छभन्नुभएको थियो। कार्यक्रममा नेपाल राष्ट्रबैंकका डेपुटी गभर्नर बमबहादुर मिश्रले नेपाल ग्रेलिष्ट मा रहेको अवस्थामा अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुले नेपालसँगको कारोबारमा कड्याइँगर्न सक्ने चेतावनी दिनु भएको थियो। यसले देशभित्र गम्भीर सामाजिक तथा आर्थिक समस्या सिर्जनागर्न सक्ने मात्र नभई अन्तर्राष्ट्रियस्तरमा नेपाली नागरिकको यात्रामा कड्याइ, रेमिट्यान्स तथा अन्य अन्तर्राष्ट्रिय कारोबारको लागत बढ्न सक्ने चुनौती रहेको उहाँको भनाई थियो। उहाँले ग्रेलिष्टमा पर्नुभनेको वित्तीय अपराध नियन्त्रणमा नेपालको कमजोरीकारुपमा अन्तर्राष्ट्रिय समुदायले बुझ्ने भएकाले यसबाट बाहिर निस्कन प्रभावकारी सुधार अपरिहार्य रहेको छ भन्नुभएको थियो। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक गजेन्द्रकुमार ठाकुरले सम्पत्ति शुद्धीकरण निवारण कुनै एक निकायकोमात्र जिम्मेवारी नभई अर्थतन्त्रसँग जोडिएका सबै निकायको सामूहिक प्रयास आवश्यकपर्ने बताउनु भएको थियो। महानिर्देशक ठाकुरले यस क्षेत्रमा ५० भन्दा बढी सरकारी निकाय र ८० हजारभन्दा बढी सूचक संस्था संलग्न छन्। कुल गार्हस्थ्य उत्पादनको तीनदेखि पाँच प्रतिशतसम्म आतंककारी गतिविधि र अवैध कारोबारसँग सम्बन्धित हुनसक्ने **बाँकी ८ पेजमा**

# राष्ट्रिय जनमोर्चाको चुनावी घोषणापत्र अन्य पार्टीका लागि चुनौती

**यो साताको बिशेष**

काठमाडौं । राष्ट्रिय जनमोर्चाको चुनावी घोषणापत्र अन्य पार्टीका लागि चुनौती हुने देखिएको छ। किनकी सो पार्टी निर्वाचन लड्ने तर सरकारमा नजाने पार्टी हो। जसले आफ्नो चुनावी घोषणापत्रमै देशमा लागूगराइएको संघीय शासनको बिरोध गरेको छभने विकेन्द्रित र सन्तुलित विकासमा जोड दिएको छ। सो मोर्चाका अध्यक्ष चित्रबहादुर केसीले निर्वाचनको समयमा जनतामा भ्रम छर्ने शक्तिहरुप्रति सजग रहन आम मतदातालाई आह्वान पनि गर्नुभएको छ। गतसाता बुधबार रुपन्देहीको बुटवलमा पार्टीको निर्वाचन घोषणापत्र सार्वजनिकगर्दै अध्यक्ष केसीले नयाँका नाममा नक्कली र आकर्षक तर भ्रामक कुरागरेर जनतालाई दिग्भ्रमितगर्ने प्रयास भइरहेको बताउनु भएको थियो। उहाँले यस्ता तत्वबाट सचेत भई विवेकपूर्ण मतदानगर्न मतदातालाई आग्रह गर्नुभएको थियो। अध्यक्ष केसीले मुलुकको अस्तित्व र राष्ट्रिय स्वाधीनता जोगाउने विषयमा सबै देशभक्त र जनतान्त्रिक शक्तिहरु एकजुट हुनुपर्नेमा जोड दिनुभएको थियो। विगतका निर्वाचनहरुमा भ्रम फैलाउने र चर्का भाषणगर्ने व्यक्तिहरुलाई संसद पठाइएको प्रशंग उल्लेखगर्दै उहाँले त्यस्तो गल्ती पुनः दोहोऱ्याउन नहुने बताउनुभएको थियो। उहाँले सबै देशभक्त र जनतान्त्रिक शक्तिहरुका साथै पत्रकारहरुले पनि जनतालाई यथार्थ जानकारी दिनुपर्छ। अहिले राष्ट्र कुन मोडमा उभिएको छभन्ने कुरा जनतालाई सजग गराउन आवश्यक छ। नयाँनयाँ स्वरुपमा बिभिन्न व्यक्तिहरुले जनतालाई भ्रममा पार्ने प्रयास गरिरहेका छन्। त्यसबाट दृढतापूर्वक जनतालाई सचेत गराउनुपर्छ। विगतमा गल्ती गर्नेहरुलाई पनि हामीले सांसद बनायौं, त्यसमा नेतामात्र होइन मतदाताको पनि जिम्मेवारी हुन्छ। अब लहलहैमा लागेर उक्साउने, नक्कली र कृत्रिम कुरा गर्नेहरुलाई भोट हाल्नु हुँदैन भन्नुभएको थियो। अध्यक्ष केसीले वर्तमान सरकार गैरसरकारी संस्थाहरुको प्रभावमा बनेको दाबीगर्दै त्यस्तो सरकारबाट देश र जनताको हितमा काम हुने अपेक्षागर्न नसकिने धारणा व्यक्त गर्नुभएको थियो। राजमोले आफ्नो चुनावी घोषणापत्रमा नेपालको क्षेत्रीय सन्तुलनसहितको विकासका लागि विकेन्द्रित र सन्तुलित विकासको नीति अपनाउनुपर्नेमा जोड दिएको छ। आगामी फागुन २१ गते हुने भनिएको प्रतिनिधिसभाको निर्वाचनका लागि राष्ट्रिय जनमोर्चाले चुनावी घोषणापत्रमा सार्वजनिकगर्दै विकासका दृष्टिकोणले पछाडी परेका जिल्ला र दुर्गमस्थानको विकासमा राज्यले प्राथमिकता दिनुपर्नेमा जोड दिएको हो। राजमोले देशको दीगो विकासमा भ्रष्टाचार सबैभन्दा गम्भीर समस्याकारुपमा रहेको निष्कर्ष निकालेको छ। त्यसका लागि उच्चस्तरीय शक्तिशाली आयोगको गठन गरेर सबै तहका भ्रष्टाचारको छानबिन र कारवाही गरिनुपर्ने घोषणापत्रमा उल्लेख गरेको छ। देशको सर्वाङ्गीण विकासको प्रमुख आधार पर्यटन क्षेत्रको ठूलो महत्व रहेकाले पर्यटन क्षेत्रको विकासको सम्भावना बोकेका जिल्ला र स्थानको अध्ययन, अनुसन्धानगरी ती क्षेत्रको गुरुयोजना बनाएर काम अघिबढाउनुपर्ने जनाएको छ। घोषणापत्रमा लुम्बिनी, कपिलवस्तुको तिलौराकोट ऐतिहासिक महत्वका रुपन्देही, कपिलवस्तु र पश्चिम नवलपरासीका प्राचीन वा बौद्ध पूरातात्विक अवशेष, भग्नावशेषलाई मिलाएर बौद्ध पूरातात्विक शहरको निर्वाण गरिनुपर्नेमा जोड दिइएको छ।

**अध्यक्ष केसी भन्नुहुन्छ :** आगामी फागुन २१ गते हुने चुनावका लागि नेपालका ४२ जिल्लाका ७० निर्वाचन क्षेत्रमा राष्ट्रिय जनमोर्चाका ७० उम्मेदवारहरु चुनावमा उठ्नु भएको छ। त्यो बाहेक समानुपातिकतर्फ



राजमोका ११० उम्मेदवारहरु उठ्नु भएको छ। उहाँहरु सबैलाई आफ्नो महत्वपूर्ण मत दिएर विजयी बनाउनको लागि राष्ट्रिय जनमोर्चाले सम्पूर्ण मतदातासित अपिल गर्दछ। सर्वप्रथमता हामीले यो स्पष्टगर्न चाहन्छौंकि यो चुनाव जनतामाथि लादिएको अनावश्यक चुनाव हो। यो चुनावपछि पनि देशमा कुनै खास परिवर्तन आउने छैन। संसदमा व्यक्तिहरु बदलिन सक्दछन्, तर व्यवस्था वा जनताको अवस्थामा कुनै परिवर्तन नहुने कुरा स्पष्ट छ। त्यो अवस्थामा यो चुनाव किन हुँदैछ ? त्यो गम्भीर र रहस्यमय प्रश्न पनि हो। यो चुनाव सम्पन्न गर्नका लागि पहिले प्रतिनिधिसभाको विघटन गरियो। प्रतिनिधिसभाको त्यस प्रकारको विघटनको लागि कुनै वैज्ञानिक आधार थिएन। त्यस सन्दर्भमा यो विषय पनि उठाउन सकिन्छकि अहिलेको चुनाव गराउनका लागि करिब २९ अरब रुपैया खर्च भएको छ वा हुँदैछ। पहिले जेनजी आन्दोलनको दौरानमा भएका तोडफोड, आगलागी र ध्वंसात्मक कार्यहरुबाट सरकारी र नीजि क्षेत्रमा गरी करिब ८४ अरब ४५ करोड रुपैयाँको नोक्सानी भयो। यो प्रश्न उठाउने ठाउँ छ, पहिलेका सांसदहरुको ठाउँमा केही नयाँ सांसदहरु बनाउन वा कुनै खास व्यक्तिलाई प्रधानमन्त्री बनाउनका लागि नै देशमा त्यति धेरै ध्वंसात्मक कार्यहरु गरिएका वा त्यति ठूलो रकम खर्च गरिएको ता होइन ? सायद इतिहासले त्यो प्रश्नको जबाफ खोज्ने छ वा दिनेछ। जे भए पनि अहिले चुनाव हुँदैछ, त्यो अवस्थामा नयाँ प्रकारले चुनावमा भाग लिनु हाम्रा लागि आवश्यक हुनगएको छ। वर्तमान व्यवस्थाअन्तर्गत हुने संसदीय चुनावबाट बिद्यमान व्यवस्था वा जनताको अवस्थामा कुनै खास परिवर्तन नहुने कुरा निश्चित छ। त्यसका लागि देशमा नयाँ जनवादी व्यवस्था कायम हुनु आवश्यक छ। त्यही पनि संसदमा सही व्यक्तिहरु निर्वाचित हुन सकेमा उनीहरुले देश र जनताका हितमा आवाज उठाउन सक्ने छन् र त्यसबाट देश र जनताको हितमा केही न केही मदत पुग्ने छ भन्ने आशा गर्न सकिन्छ। त्यही आशाका साथ हाम्रो पार्टीले चुनावमा भाग लिँदै छ। इतिहासबाट यो कुरा प्रमाणित भइसकेको छ र आम जनतालाई पनि यो कुरा थाहा भइसकेको छ कि राष्ट्रिय जनमोर्चा देशको एउटा यस्तो पार्टी हो जसले आफ्नो इतिहास कालमा कहिल्यै कुनै प्रकारको आर्थिक अनियमितता वा भ्रष्टाचार गर्ने काम गरेको छैन। त्यसका नेताहरु सरकारमा गएको बेलामा, लेखा समितिको सभापति जस्तो उच्च पदमा गएको बेलामा वा सांसदमा चुनिएको बेलामा पनि कहिल्यै आर्थिक अनियमितता गर्ने, भ्रष्टाचार गर्ने वा दलबदलगर्ने जस्ता कुनै कार्य गरेका छैनन्। नेपालमा सरकारको उच्च तहदेखि सांसदहरुले पनि व्यापक रुपमा बिभिन्न प्रकारका आर्थिक अनियमितता र भ्रष्टाचार गर्नेगरेको पृष्ठभूमिमा राष्ट्रिय जनमोर्चाका सरकार, लेखा समितिको उच्च पद वा सांसदहरुमा चुनिएको बेलामा पनि बिना अपवाद कसैले पनि कुनै प्रकारको आर्थिक अनियमितता वा भ्रष्टाचार नगर्नु साधारण कुरा होइन। राजमोको शुरुदेखि नै सिद्धान्तनिष्ठ संगठनात्मक प्रणाली र चरित्रका कारणले नै त्यस्तो हुनगएको हो। अहिले नेपालको राजनीतिमा सिद्धान्त वा विचारलाई छाडेर व्यक्तिगत फाइदा वा पदलाई नै सबैभन्दा माथि राखेर कामगर्ने जुन प्रकारको भ्रष्ट मानसिकता तयार भएको छ त्योभन्दा बेग्लै र उच्च सैद्धान्तिक धरातलमा नै राजमोको निर्माण भएको हुनाले नै हाम्रो पार्टी कहिल्यै कुनै प्रकारको आर्थिक अनियमितता वा भ्रष्टाचारमा संलग्न हुने गरेको छैन र आगामी दिनहरुमा पनि हाम्रो पार्टीले सिद्धान्तनिष्ठ भएर देश र जनताप्रति आफ्नो जिम्मेवारी पूरागर्ने छभन्ने कुराको हामीले सबैलाई विश्वास दिलाउन चाहन्छौ। अहिले सम्पूर्ण देश भ्रष्टाचारमय भएको छ भने पनि सायद फरक पर्ने छैन। भ्रष्ट राजनीतिक तत्वहरु नै बारम्बार सांसदमा चुनिने र त्यही प्रकारका भ्रष्ट तत्वहरुको बाहुल्यता भएको सरकारको गठन हुने गरेकाले नै देश भ्रष्टाचारमय बन्न पुगेको छ र देशको विकास पनि पछाडि परेको छ। त्यसकारण त्यस प्रकारको भ्रष्टाचारको निरन्तरतालाई तोडेपछि नै देशमा सुशासन कायम हुन सक्नेछ र देशको विकास पनि हुनसक्ने छ। त्यसका लागि भ्रष्टाचारमा संलग्न व्यक्तिहरु होइन, कुनै पनि प्रकारको भ्रष्टाचारमा नमुछिएको पार्टीका स्वच्छ र निष्कलंक छवि भएका व्यक्तिहरुनै संसदमा निर्वाचित हुनु आवश्यक छ। राष्ट्रिय जनमोर्चा नै त्यस प्रकारको कुनैपनि भ्रष्टाचारमा नमुछिएको र निष्कलंक छवि भएको पार्टी हो र अहिलेसम्म त्यसका कुनै पनि सांसदमा त्यस प्रकारको दाग लागेको छैन। त्यो अवस्थामा राष्ट्रिय जनमोर्चाका उम्मेदवारहरु ठूलो संख्यामा प्रतिनिधिसभामा चुनिएर गएपछि नै भ्रष्टाचारमाथि नियन्त्रण गर्नु सम्भव हुने छ र देशको विकास हुन सक्नेछ। अहिले देशमा एकातिर प्रतिगमनको गम्भीर खतरा छ भने अर्कातिर साम्राज्यवादको पनि खतरा बढ्दैगइरहेको छ। त्यसरी देशमा गणतन्त्र र राष्ट्रियता दुवैका विरुद्ध गम्भीर खतरा बढ्दै गइरहेको छ। राजमोले सधैं प्रतिगमन र साम्राज्यवादको खतराका विरुद्ध लगातार, दृढतापूर्वक र सम्झौताहीन प्रकारले आवाज उठाउँदै र संघर्षगर्दै आएको छ। त्यसकारण गणतन्त्र र राष्ट्रियताको रक्षाका लागि पनि राष्ट्रिय जनमोर्चाका उम्मेदवारहरुलाई जिताउनु आवश्यक हुन गएको छ। संघीयता पनि देशको लागि गम्भीर प्रकारको अभिशाप बन्न गएको छ। त्यसबाट राष्ट्रिय विखण्डन हुने तथा क्षेत्रीय र जातीय विग्रह पैदा हुने सम्भावना छ। त्यसमा खर्च भइरहेको अनावश्यक र ठूलो धनराशिका कारणले पनि देशको विकास कुण्ठित भइरहेको छ। संघीयतामा भइरहेको त्यस प्रकारको खर्चमा कटौती गर्ने होभने शिक्षा र स्वास्थ्यलाई पूरै निस्शुल्क बनाउन सकिनेछ भने देशको विकासमा पनि धेरै मद्दत पुग्ने छ। अहिले देशको राजनीतिमा पूराना राजनीतिक पार्टी वा नेताहरु भ्रष्ट भए र अब उनीहरुको नेतृत्वमा देशको विकास हुन सक्दैन भनेर कतिपय नयाँ पार्टीहरु अगाडि आइरहेका छन् र उनीहरुसित सम्बन्धित कतिपय व्यक्तिहरु रातारात राष्ट्रिय नेता बनिरहेका छन्। उनीहरुको देश र जनताको सेवाको कुनै पनि इतिहास रहेको छैन। उनीहरु वास्तवमा कति इमानदार छन् ? उनीहरु देश र जनताको सेवामा कतिसम्म प्रतिबद्ध रहन सक्ने छन् ? त्यो कुरा उनीहरु लामो परीक्षा र इतिहासका बिचबाट गएपछि नै थाहा हुने कुरा हो। बिना त्यस प्रकारको कुनै इतिहास, पृष्ठभूमि वा परीक्षा उनीहरुमाथि विश्वास गर्दा देश र जनतामाथि धेरै धोका पनि हुनसक्दछ। खास गरेर अहिले बिभिन्न साम्राज्यवादी शक्तिहरुले नेपाललाई आफ्ना बिभिन्न प्रकारका साम्राज्यवादी स्वार्थ वा युद्धहरु समेतका लागि प्रयोग गर्न योजनाबद्ध प्रकारले काम गरिरहेको र त्यसका लागि नेपालमा उनीहरुका लागि काम गर्ने एजेन्सी वा बिभिन्न तहमा सामाजिक सञ्जालको समेत निर्माण गरिरहेको पृष्ठभूमिमा बिना कुनै राजनीतिक पृष्ठभूमि वा इतिहास नभएका पार्टी वा व्यक्तिहरुमाथि विश्वास गर्नु देशको लागि गम्भीर प्रकारले घात पनि हुन सक्दछ। त्यसबारे पनि हामीले जनतालाई सतर्क गराउन चाहन्छौं। बिभिन्न गलत वा भ्रष्ट तत्वहरुले स्वयं जनतालाई पनि भ्रष्ट बनाएर चुनाव जित्न चाहन्छन्। उनीहरुले ठूलो पैमानामा जनतामा पैसा बाँडेर चुनावमा विजयी प्राप्त गर्न चाहन्छन्। जनताले यो बुझ्नुपर्दछ कि जसले पैसा बाँडेर वा भ्रष्टाचारका बलमा चुनाव जित्न कोशिस गर्दछन्, उनीहरुले सांसद भएपछि वा सरकार बनाएपछि पनि देशलाई अरु भ्रष्टाचारमा नै लैजानेछन्। त्यसको परिणाम स्वरुप देशमा कुशासनको निरन्तरता रहिरहनेछ र देशको विकास हुनसक्ने छैन। त्यसरी कुनै पार्टी वा उम्मेदवारबाट पैसा लिएर भोट दिने कार्य आत्मघाती नै हुने छ र त्यसबाट देश र जनताका हितमा कुठाराघात नै पुग्ने छ। त्यसैले त्यस प्रकारका भ्रष्ट राजनीतिक तत्वहरुबाट सतर्क हुन र उनीहरुलाई अस्वीकारगर्न हामीले जनतासित अपिल गर्दछौं। अन्त्यमा हामीले राष्ट्रिय जनमोर्चाका समानुपातिक र प्रत्यक्षतर्फका उम्मेदवारहरुलाई भारी मत दिएर विजय बनाउनका लागि सम्पूर्ण मतदाताहरुसित अपिल गर्दछौ।

**प्रतिबद्धता :** भ्रष्टाचारको अन्य र देशको दिगो विकास : अहिले भ्रष्टाचार देशको सबैभन्दा गम्भीर समस्या भएको छ। उच्च राजनीतिक वृत्तदेखि पूरै प्रशासन यन्त्रमा व्याप्त भ्रष्टाचारका कारणले देशको सम्पूर्ण अर्थतन्त्रमा आ"च पुगेको छ भने देशको दिगो विकासमा पनि बाधा पुगेको छ। त्यसकारण उच्चस्तरीय शक्तिशाली आयोगको गठन गरेर सबै तहका भ्रष्टाचारबारे निष्पक्ष छानबिन र कारबाही गरिनुपर्दछ। त्यसकासाथै सबै प्रकारका विकास कार्यक्रमहरुमा हुने नोकरशाही हस्तक्षेप र भ्रष्टाचारको नियन्त्रण गरिनुपर्दछ।

**उद्योग :** देशको आर्थिक विकासका लागि उद्योगहरुको विकास निर्णयात्मक महत्वको कुरा हो। स्वयं कृषिको विकासका लागि पनि औद्योगीकरण आवश्यक हुन्छ। नेपालका राष्ट्रिय वा साना उद्योगहरुको विकासका लागि बिदेशी प्रतिस्पर्धाबाट उनीहरुलाई संरक्षण गर्नुपर्दछ। देशमा बिदेशी र दलाल पूँजीलाई निरुत्साहित गर्नुपर्दछ। साना र घरेलु उद्योगहरुको विकासलाई प्रोत्साहित र सहयोग पनि गर्नुपर्दछ। नोकरशाही हस्तक्षेप र भ्रष्टाचारबाट उद्योगहरुलाई सुरक्षा प्रदान गर्नुपर्दछ। कच्चा सामाग्रीहरुको निर्यातमा जोड दिनुको सट्टा तिनीहरुका आधारमा उद्योगहरुको सञ्चालन गरेर उत्पादनहरुको निर्यातलाई प्रोत्साहित गर्ने नीति अपनाउनुपर्दछ।

**कृषि :** नेपालको अर्थतन्त्रको प्रधान पक्ष कृषि नै हो। त्यसको विकास नभईकन देशको आर्थिक विकास हुन सक्दैन। त्यसका लागि कृषिमाथिको सामन्ती स्वामित्व र सामन्ती अवशेषहरुको अन्त हुने गरी भूमिसुधार गरिनुपर्दछ। हदभन्दा बढीको जग्गा बिना मुआब्जा अधिग्रहणगरी भूमिहीन वा सुकुम्वासी किसानहरुलाई वितरण गरिनुपर्दछ। कृषिको वैज्ञानिकरण र आधुनिकीकरण गरी कृषिको विकासका लागि प्रयत्न गरिनुपर्दछ। कृषिमाथिको अनुपस्थित स्वामित्व समाप्त गरिनुपर्दछ। बाली र चौपायामा हुने क्षतिको लागि बिमाको व्यवस्था गरिनुपर्दछ। सहकारी खेतीलाई प्रोत्साहित गरिनुपर्दछ। कृषकलाई पर्याप्त अनुदान र मल तथा बीउ बिजनको सुलभ व्यवस्था गरिनुपर्दछ। नेपालका कृषि उत्पादनहरुको बजारमा असर पार्ने प्रकारका बिदेशी उत्पादनहरुमाथि रोक लगाइनुपर्दछ। बिदेशबाट आउने कृषि सामग्रीहरुमा विषादीको परीक्षणको कडा व्यवस्था गरिनुपर्दछ। मिटरव्याजी तथा बिभिन्न लघुवित्तीय संस्थाबाट किसानमाथि व्याज असुलीको नाममा भइरहेको शोषणको अन्त्य हुनुपर्छ। कृषि तथा कृषिजन्य उद्योगको वृद्धि र विकासका लागि आवश्यक योजना बनाइनुपर्छ। गरिब किसानले बिभिन्न बैङ्क वा वित्तीय संस्थाबाट लिएको ऋण मिनाहा हुनुपर्छ।

**पर्यावरण :** पर्यावरण अहिले सम्पूर्ण विश्व र नेपालको पनि गम्भीर समस्या बनेको छ। त्यसबाट पुग्ने प्राकृतिक वा मानवीय क्षतिलाई रोक्नका लागि कार्यहरु गरिनुपर्दछ। पानी, वायु, भूमि, ध्वनि तथा अन्तरिक्षलाई प्रदूषणबाट मुक्त गर्न प्राकृतिक वातावरणको संरक्षणमा जोड दिनुपर्दछ। वन जंगलको संरक्षण गर्नुका साथै बालुवा, गिटी, माटो, चुनढुंगा आदिको उत्खनन कार्य रोक्नुपर्छ। विकासको नाममा अधिकतम प्रकृति विनाश गर्ने वा वातावरणीय प्रभाव अस्मूल्यांकन नगर्ने कार्यलाई कड्याइँपूर्वक रोक्नुपर्दछ। कार्बन वा हानिकारक ग्या"स उत्सर्जन गर्ने उद्योग बस्तीदेखि टाढा सार्नुपर्छ। काठमाडौ" उपत्यका बाहिर उद्योगधन्दा खोल्न प्रोत्साहित गर्नका लागि सरकारले आवश्यक सहुलियत, सुविधा र अनुदान दिने व्यवस्था गर्नुपर्दछ।

**पर्यटन विकास :** नेपालको सर्वाङ्गीण विकासका लागि पर्यटनको ठूलो महत्व छ। अहिलेसम्म नेपालको अत्यन्त सीमित क्षेत्रमा र सीमित प्रकारले नै पर्यटनको विकासमा ध्यान दिइएको छ। पर्यटनको लागि राष्ट्रिय उद्योगको रुपमा विकासको लागि प्रयत्न गरिनुपर्दछ। पर्यटन क्षेत्रको विकासको सम्भावना बोकेका जिल्ला र स्थानको अध्ययन, अनुसन्धान गरी त्यस क्षेत्रको गुरुयोजना बनाई कार्य अगाडि बढाइनुपर्दछ। ग्रामीण होमस्टेको विकास र विस्तार गरिनुपर्छ। पर्यटनको विकासका लागि पूर्वाधार तयार पार्न जोड दिइनुपर्छ।

**सहकारी :** सहकारितामा आर्थिक अनियमितता आज देशको अत्यन्त गम्भीर समस्या बनेको छ। सहकारिता देशव्यापी रुपमा निम्न स्तरीय जनतासित सम्बन्धित विषय हो र त्यसमा हुने गरेको आर्थिक अनियमितताका कारणले लाखौं जनता पीडित हुनु परेको छ। त्यसकारण सहकारिताको क्षेत्रमा भएको ठगी र आर्थिक अनियमिततालाई अन्त्यगरी सहकारिताप्रति विश्वासको वातावरण बनाइनु पर्छ। सहकारिता सम्बन्धी कानुनमा आवश्यक संशोधन र सुधार गरिनुपर्दछ। सहकारिताको छवि र आर्थिक अनियमिततासित सम्बन्धित व्यक्तिहरुमाथि निष्पक्ष छानबिन गरेर कडा कारबाही गरिनुपर्दछ। सहकारितामा आर्थिक ठगी र अनियमितताका लागि जिम्मेवार व्यक्तिहरुको पूरै जायजेथा मात्र होइन, उनीहरुले पहिलेदेखि नै बिभिन्न तरिकाले लुकाउँदै आएको सम्पत्तिको समेत छानबिन र जफत गरेर पीडितलाई क्षतिपूर्ति दिने व्यवस्था गरिनुपर्दछ।

**विकेन्द्रित र सन्तुलित विकास नीति :** अहिले विकासका कार्यक्रमहरु मुख्यतः ठुला शहर र विकसित क्षेत्रहरुमा नै केन्द्रित हुने गरेका छन्। संविधानले क्षेत्रीय **बाँकी ७ पेजमा**

# नेपालको राजनीतिमा बढेको एनजीओ र आइएनजीओको दबदवा

**मोहनबिक्रम सिंह**



देशको बिद्यमान स्थिति अत्यन्त गम्भीर र संकटग्रस्त छ। आज एकातिर प्रतिगामी, राजनीतिक शक्तिहरुका कारणले देशमा गणतन्त्र, धर्मनिरपेक्षता र बहुदलीय व्यवस्थामा गम्भीर खतरा उत्पन्न भएको छभने, अर्कोतिर विभिन्न साम्राज्यवादी शक्तिहरुको बढ्दो हस्तक्षेप, अतिक्रमण र घुसपैठसमेतका कारणले देशको राष्ट्रियता र सार्वभौमिकतामा गम्भीर प्रकारको संकटको स्थिति उत्पन्न भएको छ। त्यस सन्दर्भमा एउटा अर्को पक्षतिर पनि हाम्रो ध्यान जानुपर्ने आवश्यकता छ। पहिले चुनावहरुमा देशभित्रको एउटा वा अर्को राजनीतिक शक्तिका विरुद्ध वा राष्ट्रियरुपमा देखापरेको कुनै खतराका विरुद्ध नै संघर्ष गर्नुपरेको हुन्थ्यो। तर अहिले चुनावको स्वरुपमा एउटा महत्पूर्ण परिवर्तन भएको छ। त्यो परिवर्तन के हो भने अहिलेको चुनाव मुख्यरुपले विदेशी साम्राज्यवादी शक्तिहरु वा उनीहरुका पक्षमा काम गरिरहेका एक वा अर्को पात्रहरुका विरुद्धनै मुख्य संघर्ष गर्नुपरिरहेको छ। त्यसरी अहिलेको चुनावमा मुख्य प्रतिश्पर्धा देशीय प्रतिगमनका साथै साम्राज्यवादका विरुद्ध नै हुने भएको छ। नेपालको इतिहासले बारम्बार यो कुरा प्रमाणितगर्दै आएको छकि नेपालमा प्रतिगमन र साम्राज्यवादका बिरुद्ध सँधै दृढतापूर्वक र सम्झौताहीन प्रकारले संघर्षगर्दै आएको राजनीतिक पार्टी ने.क.पा. (मसाल) नै हो र त्यही प्रकारले राष्ट्रिय जनमोर्चाले पनि प्रतिगमन र साम्राज्यवादका विरुद्ध सँधै दृढतापूर्वक र सम्झौताहिन प्रकारले संघर्षगर्दै आएको छ। त्यसैले गणतन्त्र, धर्मनिरपेक्षता र बहुदलीय व्यवस्था तथा राष्ट्रियता, सार्वभौमिकता र अखण्डता समेतको रक्षाका लागि राजमोका उम्मेदवारहरुलाई नै विजय बनाउन राष्ट्रिय आवश्यकता भएको छ। देशमा प्रतिगमन र साम्राज्यवादबाट गम्भीर खतरा त छदै छ त्यसकासाथै स्वयं गणतन्त्र, धर्मनिरपेक्षता र बहुदलीय व्यवस्थाका पक्षमा भएका कतिपय राजनीतिक शक्तिहरु वा उनीहरुका सरकारहरुबाट अपनाइएका भ्रष्ट र जनताप्रतिका गैरजिम्मेवार नीति वा क्रियाकलापहरुका कारणले पनि जनतामा व्यापक असन्तोष र निराशा देखापर्ने गरेको छ। त्यसको परिणामस्वरुप देशमा लोकप्रियतावादी सोचाइ धेरै नै बढेर गएको छ। लोकप्रियतावादी सोचाइ सरकारहरुका गलत नीति वा क्रियाकलापहरुबाट पैदाभएको नकारात्मक प्रकारको सोचाइ हो। त्यस प्रकारको लोकप्रियतावादी सोचाइबाट साम्राज्यवाद वा प्रतिगमन पक्षधर शक्तिहरुलाई आफ्नो जनआधार तयारपार्न धेरै नै मदत पुगेको छ। त्यो अवस्थामा देशमा गणतन्त्र र राष्ट्रियता समेतको रक्षाका लागि हामीले, एकातिर प्रतिगामी र साम्राज्यवादी शक्तिहरुका विरुद्ध उच्च प्रकारको जनचेतना र आन्दोलन उठाउन प्रयत्न गर्दै भ्रष्ट र गैरजिम्मेवार राजनीतिक शक्तिहरुका विरुद्ध पनि तीव्र प्रकारले भण्डाफोर गर्नुपर्ने आवश्यकता छ।

त्यसैले नै देशमा प्रतिगमन र साम्राज्यवादबाट गणतन्त्र तथा राष्ट्रियता र सार्वभौमिकताको रक्षा गर्नु सम्भव हुने छ। त्यसका लागि चुनावमा गणतन्त्र वा राष्ट्रियताबारे सही नीति अपनाउदै आएको राष्ट्रिय जनमोर्चाका उम्मेदवारहरुलाई विजय बनाउन राष्ट्रिय आवश्यकता भएको छ। नेपालमा चुनाव भ्रष्टाचारको केन्द्रनै बन्ने गरेको छ। जसले भ्रष्टाचार गरेर वा नाजायज तरिकाले ठूलो धनराशी जम्मा गर्दछन्, उनीहरुलेनै चुनावको बेलामा ठूलो धनराशी खर्च गरेर भोटहरु किन्ने गर्दछन् र चुनावमा विजय प्राप्तगर्ने गर्दछन्। जबसम्म चुनावमा भ्रष्टाचारको त्यस प्रकारको सिलसिला चलिरहनेछ देशमा सँधै भ्रष्टाचार र कुशासन कायम भइरहनेछ र त्यो कारणले देशको विकास पनि सम्भव हुने छैन। त्यसकारण देशको विकासका लागि भ्रष्टाचारलाई पूरै अन्त गर्नुपर्ने आवश्यकता छ र त्यो कार्यको प्रारम्भ राजनीतिबाट र चुनावबाट नै हुनुपर्दछ। चुनावलाई भ्रष्टाचारमुक्त गराएपछि नै स्वच्छ र निसकलंक छवि भएका उम्मेदवारहरुले चुनाव जित्नेछन् र त्यो अवस्थामा बन्ने सरकार पनि भ्रष्टाचार मुक्त हुने छ। त्यसका लागि भ्रष्टाचारमा कहिल्यै नमुछिएको राजनीतिक पार्टी वा त्यही प्रकारका उम्मेदवारहरुलाई नै चुनावमा विजय बनाउनुपर्दछ। यो कुरा आमरुपमा थाहाभएको कुरा होकि राजमोनै यस्तो पार्टी हो, जो कहिल्यै पनि भ्रष्टाचारमा मुछिने गरेको छैन। त्यसका नेताहरु चाहे सरकारको उच्च पदमा पुगेको बेला होस् वा सांसद भएको बेलामा नै होस्, कहिल्यै पनि भ्रष्टाचार वा कुनैपनि प्रकारको आर्थिक अनियमिततामा मुछिने गरेका छैनन्। देशमा भ्रष्टाचारलाई समाप्त गर्नका लागि कहिल्यै भ्रष्टाचारमा नमुछिएको राजनीतिक पार्टी वा त्यसका त्यही प्रकारका उम्मेदवार हरुलाई विजय बनाउनु निर्णायत्मक महत्वको कुरा बन्नगएको छ। कतिपय व्यक्तिहरुले चुनावलाई व्यक्तिगत पेशा वा जागिरजस्तो बनाउन थालेका छन्। सर्वप्रथम त्यस प्रकारको विकृति राजनीतिक पार्टीहरुबाट नै शुरु भयो। कतिपय राजनीतिक नेताहरुले देश वा जनताको सेवाको लागि राजनीतिक पार्टीमा लाग्नुको सट्टा त्यसलाई व्यक्तिगत फाइदाको एउटा माध्यमजस्तै बनाउँदै लगे। त्यसलेगर्दा राजनीतिमा पार्टीहरुप्रति जनताको वितृष्णा बढ्दै गयो। त्यसको अर्को नकारात्मक परिणाम यो भयोकि अन्य कैयौं मानिसले पनि देश सेवा वा समाजको सेवाका लागि होइन, व्यक्तिगत फाइदाका लागि एउटा पेशाको रुपमा राजनीति वा राजनीतिक पार्टीलाई उपयोगगर्न थाले। पहिले उनीहरुले राजनीतिक पार्टीलाई निषेध गरेर स्वतन्त्रको रुपमा राजनीतिमा प्रवेशगर्ने प्रयत्न गरे। पछि उनीहरुले पनि नयाँनयाँ राजनीतिक पार्टीहरु बनाएर वा राजनीतिक पार्टीहरुमा प्रवेश गरेर सत्तामा पुग्ने प्रयत्नगर्न थालेका छन्। यसरी देशमा राजनीति वा पार्टीलाई अत्यन्त गलत र विकृतरुपमा प्रयोगगर्न थालिएको छ। चुनावको मुखमा कैयौं पार्टी बन्दछन् र उनीहरुले चुनावलाई आफ्नो क्यारिएर बनाउने एउटा माध्यम ठान्दछन्। वास्तवमा चुनाव वा राजनीति कुनै व्यक्तिगत पेशा होइन र हुनुहुन्न र त्यो देशको सेवाको एउटा माध्यम बन्नुपर्दछ। त्यसकारण देशको सेवाका लागि समर्पित र त्यस प्रकारको देशभक्ति र जनसेवाको लामो राजनीतिक पृष्ठभूमि भएका राजनीतिक नेता वा कार्यकर्ताहरु नै चुनावमा उम्मेदवार बन्नु पर्छ, उनीहरु नै सांसदमा चुनिनु पर्छ र त्यस्ता व्यक्तिहरुको नै सरकार बन्नुपर्दछ। तर अहिले राजनीतिसित कुनै पनि प्रकारको सम्बन्ध नभएका विभिन्न प्रकारको व्यक्तिगत पेशा, जागिर, विभिन्न एनजिओ, आइएनजिओ र खुलारुपले साम्राज्यवादको सेवामा लागेका व्यक्तिहरुले पनि पार्टी खोलेर वा पार्टीमा सामेल भएर देश सेवाको अभिनयगर्न थालेको पाइन्छ।

अहिले जबकि लामो राजनीति पृष्ठभूमि भएका नेताहरु पनि भ्रष्ट हुँदैगएका छन्, त्यस प्रकारको कुनै देश सेवा वा राजनीतिक पृष्ठभूमि नभएका व्यक्तिहरु नै सांसद बन्न पुगे वा उनीहरुनै सरकारमा पुगेभने देश झन कैयौं गुणा बढी भ्रष्ट हुने र देशको दुर्गति हुने कुरामा कुनै शंका छैन। त्यसैले खाली एउटा पेशा वा जागिरकारुपमा राजनीतिमा आएका वा आफ्नो क्यारिएर बनाउन खोजेका व्यक्तिहरुप्रति जनतामा उच्च सतर्कताको आवश्यकता छ। आगामी फागुनको चुनावमा कुनै खास अपवादको अवस्थामा बाहेक हामीले कुनै चुनावी तालमेल नगरेर एक्लै चुनावमा जाने निर्णय गरेका छौं। त्यसको अर्थ हामीले गठबन्धन वा चुनावी तालमेललाई नीतिगत रुपमानै गलत ठानेका छौंभन्ने होइन। राष्ट्रियरुपमा कसैसँग चुनावी तालमेल नगर्ने हाम्रो नीति भएपनि कुनै स्थान विशेषमा विश्वसनिय समझदारी कायम हुनसकेमा चुनावी तालमेलगर्ने हाम्रो नीति रहेको छ। त्यसअनुसार बागलुङमा नेपाली कम्युनिष्ट पार्टीसित हाम्रो चुनावी तालमेल भएको छ। त्यो बाहेक देशको अरु कुनै भागमा अन्य कुनै पक्षसित हाम्रो चुनावी तालमेल भएको छैन र चुनावभरि अन्य पक्षसित तालमेल नगर्ने हाम्रो स्पष्ट नीति रहेको छ। तर जहाँ हामीले चुनावी तालमेल गरेका छौं, त्यहाँ इमानदारितापूर्वक नै त्यो तालमेललाई पालनगर्ने हाम्रो नीति हुने छ र अन्य पक्षसित पनि हामीले त्यही प्रकारको आशा गरेका छौं।

# अन्तराष्ट्रिय

## चीनमा सैन्य प्रमुखमाथि भएको कारवाहीले जन्माएको आशंका

**कर्तव्य**

चीनमा गत जनवरी २४ मा सैन्य प्रमुखमाथि भएको कारवाहीले बिभिन्न आशंकाहरु जन्माएको देखिएको छ। जसकाबारेमा अन्तराष्ट्रिय समाचार संस्था बिबिसीलगायतले बिभिन्न कोणबाट निरन्तर ब्याख्या र बिश्लेषण गरिरहेका छन्। जसका आधारमा चिनियाँ सुरक्षा ब्यवस्थाका बारेमासमेत थरीथरीका आंकलनहरु पनि हुनथालेका छन्। चीनले गतसाता अकस्मात केन्द्रीय सैन्य आयोगका उपाध्यक्ष जनरल झाङ योक्सियामाथि छानविन थालेपछि त्यसले चिनियाँ सेनामा गम्भीर संकट निम्त्याएको अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरुको टिप्पणी रहेको छ। गत जनवरी २४ मा चिनियाँ विदेश मन्त्रालयले एक विज्ञप्ति जारीगर्दै झाङ र यस आयोगमा सदस्य जनरल लिऊ झेन्लीमाथि छानविन भइरहेको जनाएको थियो। यससँगै अब सात सदस्यीय आयोगमा अध्यक्ष राष्ट्रपति सी जिनफिङ र सदस्य झाङ सिङमिनमात्रै बाँकी रहेको बताइन्छ। चिनियाँ सैन्य आयोगमा सीपछिको



वरियतामा रहेका झाङमाथि अनुशासन र कानून उल्लंघनको गम्भीर अभियोग लागेको छ। सीले सन् २०१२ मा आफू सत्तामा आएयता भ्रष्टाचार विरोधी अभियान थाल्नुभएको थियो। सो अभियानकाक्रममा चीनमा दुईलाखभन्दा धेरै अधिकारीहरु कारवाहीमा परिसकेका छन्। पछिल्लो छानविनलाई पनि त्यसैको हिस्सा मानिएको छ। त्यहाँको कम्युनिष्ट पार्टीले यसअघि आयोगका अर्का उपाध्यक्ष विदोङलाई अक्टुबरमा निलम्बन गरेको थियो। त्यसैगरी सन् २०२४ मा यस आयोगका सदस्य रहेका पूर्व रक्षामन्त्री लि साङफु र मियो हुवा भ्रष्टाचारको आरोपमा निलम्बनमा पर्नुभएको थियो। चीनका दशौं लाख सैनिकलाई नियन्त्रणगर्ने भएकाले सैन्य आयोगलाई निकै शक्तिशाली मानिन्छ। सन् १९८० को दशकमा देङ सियाओपिङ सो आयोगको अध्यक्षबाहेक अन्य कुनैपनि पदमा थिएनन्। तर, राष्ट्रपति र अन्य वरिष्ठ नेताले पनि उहाँकै योजनामा काम गर्थे। अमेरिकी सञ्चारमाध्यम द वाशिंटन पोष्टले बिभिन्न श्रोतहरुको हावालादिदैं झाङमाथि चीनको आणविक हतियार कार्यक्रमबारे प्राविधिक तथ्यांक अमेरिकालाई उपलब्ध गराएको र घुस खाएको आरोप लगाइएको जनाएको छ। चीनका शीर्ष जनरल झाङ युसिया र अर्का वरिष्ठ सैन्य अधिकृत जनरल लिउ झेनलीलाई पदबाट हटाइएपछि त्यहाँ चलिरहेको शक्ति संघर्षकाबारेमा गम्भीर प्रश्नहरु खडाभएका छन्। यसले चीनको युद्ध क्षमतामा कस्तो असर पर्ला, चाहे त्यो ताइवानलाई बल प्रयोग गरेर कब्जागर्ने योजना होस् वा अन्य कुनै ठूलो क्षेत्रीय द्वन्दमा संलग्न हुने चिन्ता पनि थपेको छ। ७५ वर्षीय झाङ सेन्ट्रल मिलिटरी कमिसन (सीएमसी) का उपाध्यक्ष हुनुहुन्थ्यो। कम्युनिष्ट पार्टीको यो समूह देशका नेता सी जिनपिङको नेतृत्वमा रहन्छ र यसलेनै सशस्त्र बलहरुलाई नियन्त्रण गर्दछ। सामान्यतया सातजना सदस्य रहने सीएमसी अहिले खुम्चिएर सी र जनरल झाङ सेङमिन दुईजनामा मात्र सीमित भएको छ। अन्य सबै सदस्यहरुलाई यसअघिका पक्राउका लहरहरुसँगै भ्रष्टाचार विरोधी अभियानअन्तर्गत हटाइएको छ।

सीएमसी लाखौं सैनिकहरुलाई नियन्त्रणगर्न जिम्मेवार छ। सो निकाय कति शक्तिशाली छभने सन् १९८० को दशकमा जब देङ सियाओपिङ देशका सर्वोच्च नेता हुनुहुन्थ्यो उहाँले अधिकांश समय यही एउटा पदमात्र सम्हाल्नुभएको थियो। एशिया सोसाइटी पोलिसी इन्स्टिच्युटका लाइल मोरिसका अनुसार, सीएमसीमा सी र एकजना जनरलमात्र बाँकी रहनु अभूतपूर्व घटना हो। जानकारहरुले पीएलए अस्तव्यस्त अवस्थामा रहेको बताएका छन्। चीनको सेनामा अब नेतृत्वको ठूलो शून्यता देखिएको छ। यति धेरै शीर्ष जनरलहरुलाई हटाउनुको वास्तविक कारणबारे धेरै हल्लाहरु चलिरहेका छन्। नेशनल युनिभर्सिटी अफ सिंगापुरका एशोसिएट प्रोफेसर चोङ जा इयानले पनि झाङको पतनको वास्तविक कारणबारे अनभिज्ञता प्रकट गर्नुभएको छ। आधिकारिक घोषणामा झाङ र लिउ अनुसन्धानको दायरामा रहेको बताइएको छ र उनीहरुमाथि अनुशासन र कानूनको गम्भीर उल्लंघनको आरोप लगाइएको छ। जुन भ्रष्टाचारको लागि प्रयोग गरिने घुमाउरो भाषा हो। उहाँले अमेरिकालाई आणविक गोप्य सूचना चुहाएकोदेखि लिएर कू (विद्रोह) को योजना बनाएको र गुटबन्दीको लडाइँसम्मका कुराहरु आएका छन्। बेइजिङमा गोली हानाहान भएको हल्लासमेत चलेको छ। तर झाङ र लिउको पतन तथा यी अनियन्त्रित अनुमानहरुले दुईवटा कुरा प्रष्ट पार्छन्। सी अझै पनि चुनौतीभन्दा माथि रहनु भएको छ र बेइजिङमा सूचनाको पहुँच अत्यन्त सीमित छ। जसले अनिश्चितता र यस्ता अनुमानहरुलाई बढावा दिन्छ। आधिकारिक घोषणामा झाङ र लिउ अनुसन्धानको दायरामा रहेको बताइएको छ र उनीहरुमाथि अनुशासन र कानूनको गम्भीर उल्लंघनको आरोप लगाइएको छ। जुन भ्रष्टाचारको लागि प्रयोग गरिने घुमाउरो भाषा हो। त्यसपछि पीएलए डेलीले एक सम्पादकीयमा यसलाई थप स्पष्ट पार्दै यो कदमले कम्युनिष्ट पार्टीको भ्रष्टाचारलाई दण्डित गर्ने... चाहे त्यो कोही पनि होस् वा जतिसुकै उच्च पदमा होस्भन्ने शून्य सहनशीलताको दृष्टिकोण देखाएको जनाएको छ। यी सबै जनरलहरुमाथि लागेका खास आरोपहरु सार्वजनिक गरिएका छैनन् र कहिल्यै नगरिन पनि सक्छन्। यद्यपि उनीहरु अनुसन्धानमा छन् भन्नुको अर्थ लगभग निश्चितरुपमा उनीहरुले **बाँकी ७ पेजमा**


# कम्युनिष्ट आन्दोलनका एक अबिस्मरणीय योद्धा एकदेव आले




काठमाडौं। नेपालको कम्युनिष्ट आन्दोलनमा बिर्सिन नहुने एउटा अग्रज क्रान्तिकारी योद्धा ब्यक्तित्वको नाम हो कमरेड एकदेव आले ! जसले नेपालको प्रजातान्त्रिक आन्दोलनमा मुक्ति योद्धाकारुपमा तथा कम्युनिष्ट आन्दोलनमा नयाँ जनवादी कार्यक्रम र क्रान्तिको पक्षमा दृढरहेर अबिस्मरणीय योगदान पुर्‍याएका छन्। तनहुँ जिल्लको मानौं गाउँमा एउटा गरीब किसान परिवारमा जन्मिएका थिए आले। उनको तन्नेरी उमेर हली गोठालोमा बित्दैगर्दा गाउँका आफ्ना अरु दौंतरीजस्तै उनी पनि बृटिश गोर्खा फौजमा भर्नाभएर जानी नजानी त्यस बेलाको विश्वको फासिष्ट शक्ति जर्मनीको बिरुद्धको धावामा युद्ध मोर्चामा सामेल भए दोश्रो विश्व युद्धको बेला। त्यस क्रममा उनले यूरोपका बिभिन्न देशहरु देखे। त्यहाँको उन्नति प्रगति हेरे र आफ्नो देशको दुर्दान्त र दारुण अवस्थासँग तुलना गरे। शिक्षा लिए। दोश्रो विश्वयुद्ध पछि बृटेनले काम चल्दाको भाँडो, काम सकिएपछि ठाँडोभने जस्तैगरी गोर्खा सिपाहीहरुलाई बिदा गर्‍यो। लाहुरे एकदेव पनि अरुसँगै स्वदेश फर्किए। तर आफू लाहुरे बनेर फर्कदा उनको मनमा देशलाई राणा शासनबाट मुक्त गर्नुपर्ने हुटहुटी पलाइसकेको थियो। त्यसैले बृटिश भारतबाट भारतीय स्वतन्त्रताको आन्दोलनको कारण बृटिश शासक बर्गले बिदा लिदैगरेका बेला लाहुरबाट स्वदेश नेपाल फर्किएका एकदेव आले आफ्नो देशमा राणा शासन बिरोधी आन्दोलनमा सक्रिय भए। उनको फौजी पृष्ठभूमिले गर्दा स्वभावतः उनी मुक्त योद्धाकै भूमिकामा क्रियाशील भएर लागे। तर जहाँनियाँ एकतन्त्री राणाशासन बिरोधी आन्दोलन सम्पूर्ण सामन्ती ब्यबस्थाकै बिरुद्ध बिकसित हुन थालेपछि दिल्ली सम्झौता गरेर क्रान्तिलाई आधा अधूरै छाडिदा एकदेव आलेलगायतका मुक्ति योद्धाहरु भिमदत्त पन्त, डा. के आई सिंह, चित्रबहादुर गुरुङ्ग, रामप्रसाद राईहरुको मन कुडियो। उनीहरुले हतियार बिसाउन मानेनन्। त्यसैले पक्राउ परे र थुनिए। तर क्रान्तिकारी योद्धा एकदेवले थुनछेकलाई पनि छिचोल्दै जेल ब्रेकगरेर बाहिर निस्किए र दिल्ली सम्झौताको बिरोध गरे बापत सिंहदरबार फौजी गारतमा थुनामा रहेका डा. केआईसिंहलाई पनि अर्का फौजी योद्धा रामप्रसाद राईसँग मिलेर सिंहदरबार गारतबाट मुक्त गरे। यो सानो बिद्रोह थिएन। जुन बिद्रोहलाई केहाईसिंह काण्ड पनि भन्ने गरिन्छ। त्यस बेलामा उनीहरुले गठ्ठाघर (जो फौजी हातहतियार राख्ने स्थान हो त्यतिबेलाको) कब्जा गरे, आकाशबाणी अफिस कब्जा गरे र यसरी ठूलो बिद्रोहको बाटो पक्रिए। यो वास्तवमा नेपालको इतिहासमा चानेचुने घटना थिएन। यसरी समग्रगमा जुन **बाँकी ५ पेजमा**

# विश्वमा बढ्दै गएको महाबिनाशकारी युद्धको खतरा

लोकनारायण सुवेदी



अमेरिकाद्वारा भएको भनेजुएलाको अतिक्रमण तथा त्यसपछि ग्रिनल्याण्ड हडप्ने अमेरिकी साम्राज्यवादको उदण्ड हठले विश्वभरी नै मानिसहरुमा पहिले कहिल्यैभन्दा गम्भीर र निकै गहिरो चिन्ता बढाएको छ। युद्धको सन्देहलाई कमगर्नु जहिले पनि विश्वका लागि एउटा निकै सार्थक उद्देश्य रहँदैआएको हो । तर पछिल्लो समय बिकसित कतिपय बिशेष कारणले गर्दा हालैको समयमा युद्ध रोक्ने अभियानलाई बढी सशक्त बनाइनु पर्ने आवश्यकता पहिलाभन्दा कयौं गुणा बढेको छ। दुइ बर्षभन्दा बढी समयदेखि यूक्रेनमा चलिरहेको नाटो र रुस बीचको 'प्रोक्सी वार' अनि एक बर्षभन्दा बढी समयदेखि चलिरहेको प्यालेष्टिनीमाथिको अतिक्रमण घोर दमन र हत्या तथा गाजाहुँदै लेबनानसम्म फैलाइएको नृशंश नरसंहार पनि अमेरिकी समर्थनको इजरायली आक्रमण बाहेक अरु केही होइन, थिएनभन्ने कुरा जगजाहेर छ। त्यसमा अरु त अरु नेपाल पनि साम्राज्यवाद र युद्धको पक्षमा तानिएको छ र आफ्नो असंलग्न परराष्ट्र सम्बन्धको परम्परालाई लत्याउदै बिनाशकारी युद्धको पक्षमा लतारिदै छ। यस्ता कुराहरुबाट जोगिदै र सच्चिदै विश्व शान्ति र युद्धको बिपक्षमा छिमेकी र अन्य शक्ति राष्ट्रहरुसँग अनाक्रमण सन्धि गर्न नेपाल जस्ता देशहरुलाग्नु र खडा हुन अत्यन्त जरुरी छ।

अन्यथा नेपाललाई पनि असैह्य युद्ध र महाबिनाशको शिकार हुनबाट कसैले रोक्नसक्ने छैन। विश्व यतिबेला अत्यन्तै खतरनाक महायुद्धको सँघारमा पुगिरहको स्थिति बिकसित भइरहेको छ। त्यसैले अहिले चालु नरसंहारकारी युद्धको पहिलो चिन्ताको सबैभन्दा ठूलो कारण त के हो भने महाबिनाशक हातहतियार को उपलब्धीबाट युद्ध आजका दिनमा असैह्यहदसम्मको अत्यन्तै बिनाशक बन्नपुगेको छ। यतिबेला विश्वका नौवटा देशहरुसँग परमाणु हातहतियार रहेका छन्। अनि अरु कतिपय देशमा अमेरिका र रुसका हतियार तैनाथ गरिएका या भण्डारण गरिएका छन्। अनि कतिपय देशहरुमा लुकाइ छिपाई राखिएका रासायनिक तथा जैबिक हतियार भएको पनि संभावना तथा आशंका रहेको छ। सामान्य मानिने हातहतियार पनि पहिलाभन्दा अत्याधिक बिध्वंशकारी स्तरका बनिसकेका छन्। अर्को यसको महत्वपूर्ण कारण के छभने विश्वमा जलवायु परिबर्तन जस्ता कतिपय अति गम्भीर पर्याबरणीय समस्याहरु पनि उपस्थित छन्।

जसले पृथ्वीको जीवनदायिनी क्षमतालाई नै खतरामा धकेलिदिन सक्छन् र धकेलिरहेका छन्। यसको रक्षाका लागि निकट अन्तर्राष्ट्रिय सहयोग र अमन चयनको सकारात्मक माहोल चाहिन्छ। छिमेकी देशहरुका बीच बिशेष गरेर बढ्दो सहयोग र त्यसको निरन्तरताको आवश्यकता अझ बढेको छ। युद्धको माहोलमा त्यस्तो सहयोग उपलब्ध हुन सक्तैन। युद्ध या युद्धकोमाहोलमा बढ्दो अन्तर्राष्ट्रिय सहयोगलाई निरन्तरता प्राप्तगर्न सम्भव हुँदैन। तेश्रो ठूलो कारण के छभने युद्ध मानब जीवनका लागि अत्यन्तै बिनाशकारी हुनुका साथसाथै यो एउटा ठूलो प्रदूषकको माध्यम पनि हो। ग्रीन हाउस ग्यासको एउटा ठूलो श्रोत युद्ध र युद्धको तयारी हो र धेरैजसो अन्य प्रदुषण हतियार निर्माण र तैनाथी आदिसँग जोडिएका हुन्छन्। जहाँ एकारितर युद्ध र युद्धको आशंकालाई कमगर्नु पहिला कहिल्यैभन्दा धेरै आश्वयक हुनगएको छभने यहाँ अर्को दुःखद सत्य के छभने हालैको दशकमा चलेका बिभिन्न युद्धहरुले नराम्रोसँग बर्बादी निम्त्याइसकेको छ। सम्भवतः सबैभन्दा ठूलो चिन्ताको कुरा यो छकि परमाणु हतियारहरको उपयोगको आशंका बिभिन्न कारणले अझ बढेको छ। यसप्रकारका परमाणु शस्त्रास्त्रको उपयोको आशंका रोक्नका लागि जुन सम्झौताहरु अमेरिका र रुसमा पहिलादेखि नै रहेका थिए तिनको पनि नबिकरण हुनेगरेको छैन।

यस्तो बिकट र भयावह परिस्थितिमा यो कुरा विश्वस्तरमा अत्यन्तै आवश्यक हुन पुगेको छ कि युद्धको आशंकालाई रोक्नका लागि र अमनचयन कायम राख्नका लागि आबश्यक सबै पहल र प्रयासहरुलाई अझ प्रभावकारी र सबल तुल्याइनु पर्दछ र त्यसलाई निरन्तरता दिइरहनु पर्दछ र यसलाई एउटा ठूलो विश्व जन अभियानकोरुप दिइनु पर्दछ। यसो गर्नुपर्ने आबश्यकता पहिलादेखिनै पनि थियो। तर शान्ति र अमनचैयनका जन अभियानको आवश्यकता आज अझ बढेको छ त्यस्तो हिजो कहिल्यै बढेको थिएन। यस प्रकारको अभियानलाई सबल बनाउनका लागि शान्ति अभियानलाई महिला आन्दोलन, न्याय, समानता र जनतन्त्रको आन्दोलन र अभियानसँग निकट तुल्याइनु र जोडिनु पर्दछ। परिबार तथा स्कूल कलेज जस्ता सबैभन्दा महत्वपूर्ण संस्थाहरुमा युद्धका बिरुद्ध र शान्ति सुव्यवस्थाका पक्षमा तिनलाई सबल बनाउने सन्देश दिइनु पर्दछ। बिभिन्न देशहरुको अमन चयन र शान्तिको आन्दालनहरुले एक अर्का देशको आन्दोलनलाई सहयोग गर्ने खालको समुचित अवसर प्रदान गर्ने बातावरण बनाइनु पर्दछ। अनि कला, सँस्कृति, सञ्चार माध्यमहरुको स्तरको आदान प्रदानको पनि यस अभियानमा सार्थक भूमिका हुन सक्तछ। शान्ति सुव्यसथाको सन्देशलाई सबल तुल्याउन महिलाहरुको बहुतै महत्वपूर्ण भूमिका हुनसक्छ। पाठ्यक्रमहरुमा बिभिन्न स्तरमा शान्ति र सुव्यस्थको सन्देशलाई महत्व दिन सकिन्छ। आधुनिक युद्ध कत्ति खतरनाक भइसकेको छ र यस खतराबाट बच्न अत्यन्तै आवश्यक छ भन्ने समझदारी बिभिन्न स्तर र तहका मानिसहरुका बीच पनि पुग्नु पर्दछ। यतिबेला के प्रश्न धेरैजसो बिश्लेषकहरुले सोधिरहेका छन् भने निकट भबिष्यमा कुन महाशक्तिको दबदबा बढी तीब्रताकासाथ बढ्ने छ ? यो प्रश्न राजनीतिक, सामरिक र आर्थिक सबै सन्दर्भमा सोधिन थालेको छ। तर यो भन्दा पनि आधारभूत कुरा के छ भने जबसम्म विश्वमा आधिपत्यको होडबाजी चलिरहन्छ तबसम्म विश्वको तनाव हटाउन सकिने छैन। अनि हामी एउटा युद्धबाट अर्को युद्धतर्फ नै गइरहेका हुन्छौ। यो विश्वमा आधिपत्यको दौड मानब इतिहासमा बहुतै बिनाशकारी युद्ध हुँदैआएका छन्। बीसौं शताब्दी दुइटा विश्व युद्ध भइसकेका छन्। त्यसबेलादेखि अहिलेसम्म विश्वमा बिनाशकारी शस्त्रास्त्रको मार हान्ने क्षमता हजारौं गुणा बढिसकेको छ। अनि यत्तिका धेरै परमाणु हतियार भण्डारणमा छन् कि तिनले विश्वका अधिकांश मानब **बाँकी ७ पेजमा**

## साम्राज्यवाद...

के आई सिंह काण्ड भनिन्थ्यो त्यो यथार्थमा 'एकदेव आले र रामप्रसाद राई काण्ड' थियो। तर त्यसरी के आई सिंहलाई बाहिर निकाले पछि केआई सिंह चीनको तिब्बततिर भागे। रामप्रसाद राई त्यहीदेखि बेपत्ता पारिए या मारिए अहिलेसम्म कुनै अत्तोपत्तो छैन। एकदेव आले पुनः पक्राउ परे। त्यसपछि नै जेलमा पक्राउ परेका अरु कम्युनिष्ट साथीहरुसँग सम्पर्कमा आले आइपुगे। उनी देशको कम्युनिष्ट आन्दोलनमा सरिक हुने बातावरण यसरी सिर्जना भयो। जेलबाट छुटेपछि कमरेड पुष्पलालको हातबाट कम्युनिष्ट पार्टीको सदस्यता लिएर उनी गण्डकी अञ्चलमा किसानहरुकाबीचमा काम गर्ने जिम्मेवारीकासाथ सामन्तवाद बिरोधी किसान आन्दोलनमा सक्रिय भएर लागे। किसानहरुका बीचमा कामगर्दा एकदेव आलेले बाझो र पर्ती जग्गा गरीब सुकुम्बासी किसानहरुलाई बितरण गर्ने र उनीहरुलाई जग्गाको मालिक बनाउने आधारभूत कार्यगर्न थाले र लागे। नेपालको इतिहासमा शायद एकदेव आलेनै पहिलो ब्यक्ति हुनुपर्दछ जसले ब्यवहारतः जग्गा जोत्नेकोभन्ने नारालाई साकार रुप दिने र ब्यवहारमा खरो उतार्ने ! यद्यपि पश्चिम नेपालमा पनि दिल्ली सम्झौताको बिरोधगर्ने किसान नेता भीमदत्त पन्तजस्ता महानन्द सापकोटाको क्रान्तिकारी कबिता गाउँदै'कि त जोत हलो, कि त छोड थलो, यदि होइनभने अब हुन्न भलो' भनेर सामन्ती जमिन्दार बर्गलाई लल्कार्ने एक साहसी र सचेत योद्धा एकदेबकै समकालीन थिए। यसरी हली, गोठाला, सुकुम्बासी किसानहरुलाई संचेत र संगठित गर्ने र कम्युनिष्ट आन्दोलनलाई साँच्चै नै बर्ग आधारित आन्दोलनमा विकसितगर्न तल्लिन एकदेव आले ०१७ सालको प्रतिगामी शाही फौजी काण्डपछि अरु बाम तथा लोकतान्त्रिक नेताहरु जस्तै पक्राउ नपर्ने कुरै थिएन, परे नै। पक्राउ परेको एक बर्षपछि उनी पुनः पाल्पाको जेल प्रशासनको मन मस्तिष्कमा त्यति बेला 'नौग्रह जुधेर प्रलय हुनलागेको' भन्ने जुन अन्धबिवासयुक्त हल्ला चलाइएको थियो। त्यसका आधारमा आँखामा धूलो छरेर जेलबाट चलाखीपूर्ण तरीकाले बाहिर निस्केर सिधै कमरेड पुष्पलालसँग बनारसमा कम्युनिष्ट पार्टी हेडक्वाटरमा सम्पर्कमा आइपुगे। नेपाल कम्युनिष्ट पार्टीमा ०१७ सालको शाही प्रतिगामी कदमपछि त्यसै कुरालाई लिएर तीब्र मतभेद पैदा भएको कमरेड पुष्पलालले त्यसलाई प्रजातन्त्रको हत्यागर्ने प्रतिगामी कदमकारुपमा ब्याख्या गरेर बाम तथा प्रजातान्त्रिक शक्ति एकजुट भएर लड्नुपर्ने कार्यनीति अघि सारेका थिएभने डा. केशरजंग रायमाझीको नेतृत्वमा राजावादी कम्युनिष्टहरुले राजाको कदम राष्ट्रीय हितमा चालिएको प्रगतिशील कदम भनेर राजाको समर्थनमा कम्युनिष्ट आन्दोलनलाई बिर्सजन गरेका थिए। मूलत यसैकुरालाई लिएर २०१९ सालको तेश्रो महाधिवेशनपछि बिभाजित भएर त्यो बिभाजित भएको कम्युनिष्ट आन्दोलन ठूलो अल्मल र अन्योलमा परेको बेला एकदेव आलेजस्ता योद्धा समेतको साथपाएर कमरेड पुष्पलालभने सामन्ती अधिनायकवादी पञ्चायती ब्यवस्थाको बिकल्प : नयाँ जनवादी गणतन्त्रको कार्यक्रम नयाँ जनवादी कार्यक्रम मस्यौदागर्न लागि परेका थिए। यस कुरामा एकदेव आलेको पूर्ण समर्थन र योगदान रहेको थियो। यसै कार्यक्रमलाई अघि बढाउन २०२५ सालमा नेपाल कम्युनिष्ट पार्टीको तेश्रो ऐतिहासिक सम्मेलनगरी क्रियाशील भइरहेको कम्युनिष्ट पार्टीलाई किसानकाबीच बसोबासो गराउन लागेको अत्यन्तै महत्वपूर्ण बेलामा कमेरड एकदेव आलेलाई गम्भीर क्यान्सर रोगले पक्रियो। भारतको दरभंगामा क्यान्सर रोगको उपचाररत रहेका बेला आफू बाच्ने आशा कम भएको वास्तविकता बुझेपछि उनले आफूलाई उपचारगर्ने चिकित्सकलाई भनेका थिए -डा.साहेब मलाई अस्पतालमा मर्नु नपरोस्, म मैरै देशमा सामन्तवादसँग लड्दै मर्न चाहन्छु। यद्यपि चिकित्सकहरुको अथक प्रयत्नले पनि आलेको जीवन बचाउन सकेन। जनताका निमित्त देशी बिदेशी शक्तिको शोषण, अन्याय र अत्याचारका बिरुद्ध सँधै अलख जगाइराख्ने र समाजवादको ध्येयप्रति अटुट आस्था राख्ने कमरेड पुष्पलालका एक अनन्य सहयोद्धाको २०२५ साल माघ १२ गते दुःखद देहावसान भयो। कमरेड पुष्पलाल आफ्ना एक अनन्य एवं निष्ठाबान योद्धा नेपाली कम्युनिष्ट आँन्दोलनले असमयमा गुमाएकोमा अत्यन्तै चिन्तित दुःखी भएका थिए। उनले आलेजस्ता देश र जनताप्रति शतत समर्पित, सिद्धान्तनिष्ठ र संघर्षशील अग्रज योद्धा गुमाएकोले कम्युनिष्ट आन्दोलनले एक होनाहार नेताबाट बिमुख हुनपरेको अत्यन्तै पीडादायक र बिदीर्ण अवस्थाको उल्लेख गर्दै र कमरेड आलेका असल क्रान्तिकारी जीवन तथा कर्मबाट शिक्षा लिएर अघिबढ्न सम्पूर्ण सच्चा कम्युनिष्ट क्रान्तिकारीहरुलाई सामन्तवाद र साम्राज्यवादका बिरुद्ध सम्झौताहीन र निर्णायक संघर्षमा लाग्न आह्वानगर्दै यसोगर्न सकेमामात्र कमरेड एकदेव आलेले नेपालको जनवादी आन्दोलनमा पुर्याएको महत्वपूर्ण योगदान र कमरेड आलेको पनि उचित सम्मान हुने कुरा औंल्याएका थिए। हुन पनि कमरेड आले सादा जीवन र उच्च बिचारका एक कर्मशील र उच्च क्रान्तिकारी नैतिकताका धनी ब्यक्तित्व थिए। उनी सामान्य पढालेखा मात्र भएपनि त्यतिबेला दलीय राजनीति प्रतिबन्धित रहेको अबस्थामा मूलतः भारतको गोरखपुर, कुँडाघाटमा बसेर नेपालबाट भारतको बनारस र अन्यत्र उच्च शिक्षा लिन र कामको खोजीमा जाने यूवा बिद्यार्थीहरुलाई सम्झाएर सामन्ती अधिनायकवादी पञ्चायती ब्यवस्थाका बिरुद्ध क्रान्तिकारी बाटोमा लाग्न निरन्तर उत्प्रेरितगर्ने गर्दथे। उनको तर्कपूर्ण, प्रष्ट र विश्वासिलो किसिमको सम्झाउने शैली, सर्ब साधारणसँगको मृदु ब्यवहार र सादा जीवन देखेर यूवा बिद्यार्थीहरु उनीबाट प्रभावित हुन्थे र कम्युनिष्ट पार्टीमा सरिक हुने अठोट गर्दथे। यो कम महत्वपूर्ण कुरा थिएन। आफ्ना एक इमानदार, क्रान्तिप्रति समर्पित तथा निष्ठाबान सहयोगद्ध एकदेव आलेको असामयिक दुःखद निधनले मर्माहत भएका कमरेड पुष्पलालले कमरेड आलेको समग्र जीवन र कर्मप्रति समर्पित एउटा निक्कै लामो लेख कमरेड आले र साधु कामी शीर्षकमा लेखेका थिए। जुन लेख तत्काल प्रकाशित हुने गरेको झुकझुको पत्रिकामा प्रकाशित र सुरक्षित छ। त्यो लेख अहिले पनि क्रान्तिकारीहरुमा उत्साह जगाउने खालको र अत्यन्तै पठनीय एवं कार्यनीतिक महत्वको छ। त्यस लेखमा कमरेड पुष्पलालले एउटा हली, गोठालो र लाहुरे कसरी एउटा सिद्धान्तनिष्ठ, क्रान्तिकारी कम्युनिष्ट योद्धा र नेपाली जनताको अबिस्मरणीय र असल नेता बन्न सक्तछ भन्ने कुरामा यथेष्ठ प्रकाश पारेका छन्। आजको बीचलित र बिश्रृंखलित भएको नेपालको जनवादी तथा कम्युनिष्ट आन्दोलनलाई सही दिशा दिने होभने सबै क्रान्तिकारी जनवादी तथा कम्युनिष्टहरुले कमरेड एकदेबबाट सिक्नै पर्दछ।

# क्रिया/प्रतिक्रिया

## मिडिया एलाइन्सद्वारा बिरोध

काठमाडौं। नेपाली सञ्चार क्षेत्रको अग्रणीमध्येको एक सञ्चार गृह नेपाल रिपब्लिक मिडिया (नागरिक दैनिक) मा गतसाता गरिएको तालाबन्दीप्रति मिडिया एलाइन्स नेपालले आफ्नो गम्भीर ध्यानाकृष्ट भएको जनाएको छ। मिडिया एलाइन्सले पत्रकार महासंघजस्तो जिम्मेवार संस्थाबाट भएको तालाबन्दीको कार्यले आफूहरुलाई आश्चर्यमा पारेको र यस्तो कार्य सैह्य नहुने पनि जनाएको छ। एलाइन्सले प्रचलित कानून तथा संवैधानिक व्यवस्थासमेतको बर्खिलाप हुनेगरी कुनै पनि पत्रपत्रिकाको प्रकाशनमा प्रत्यक्ष अवरोध पुऱ्याउने मनसायसहित भए/गरिएका यस्ता कार्यहरु कुनै पनि अवस्थामा स्वीकार्य नहुने भएकोहुँदा यस संस्था त्यस्ता कार्यहरुको भर्त्सना गर्दछ भनेको छ। मिडिया एलाइन्सले कुनै पनि विवादहरुको अन्तिम समाधान कानूनी प्रक्रियाबाट नै हुने भएकोले अनावश्यक दबाब सिर्जनाका लागि अन्य तरिकाले गरिने सबै कार्यहरु तथा सोबाट सञ्चार गृह सञ्चालक/प्रकाशक र सञ्चार गृहको ख्यातिमा पर्ने हानि सम्झाउँदै विवादको शान्तिपूर्ण र कानूनी समाधान नै अन्तिम तथा उपयुक्त मार्ग भएकोहुँदा विधिको शासनलाई उच्च सम्मानगर्दै सोअनुसार अघिबढ्न पनि पत्रकार महासंघलाई आग्रह गर्दछौं भनेको छ।

## बीबीसीका दिग्गज पत्रकारको निधन

काठमाडौं। लामो समयसम्म भारतको आवाजकारुपमा चिनिनुभएका बीबीसीका वरिष्ठ पत्रकार सर मार्क टुलीको गतसाता निधन भएको छ। सर मार्क टुलीको निधनसँगै दक्षिण एशियाली पत्रकारिताले एक संवेदनशील, निष्पक्ष र कथामुखी आवाज गुमाएको छ। दिल्लीस्थित एक निजी अस्पतालमा उहाँको ९० वर्षको उमेरमा निधन भएको हो। सर मार्क टुली सन् १९७० को दशकदेखि लामो समयसम्म बीबीसीको भारत ब्युरो प्रमुखकारुपमा कार्यरत हुनुहुन्थ्यो। उहाँले भारतको आधुनिक इतिहासका थुप्रै निर्णायक क्षणहरुलाई विश्वसामु प्रस्तुत गर्नुभएको थियो। उहाँका रिपोर्टहरु केवल समाचारमा सीमित नभई भारतको सामाजिक, राजनीतिक र सांस्कृतिक जटिलतालाई गहिराइमा बुझाउने खालका हुन्थे। एकपटक उहाँले बीबीसीमा दशकौं काम गरेपछि म दक्षिण एशियामा एउटा नाम बनें, तर त्यसले मेरो लेखन शैलीलाई पनि गहिरो रुपमा परिवर्तन गऱ्यो भन्नुभएको थियो। सर टुलीलाई सबैभन्दा बढी आकर्षितगर्ने विषय आधुनिक भारत नै थियो। उहाँको जन्म सन् १९३५ मा कोलकातामा बेलायती मूलका विलियम स्टुअर्ट क्लार्क टुली र एप्रेस ड्रेसीको परिवारमा भएको थियो। त्यही बर्ष भारत सरकार ऐन पारितभई सत्ता हस्तान्तरणको प्रक्रिया शुरुभएको थियो। जसको १२ वर्षपछि भारत स्वतन्त्र भएको थियो। उहाँका पिता एक व्यापारिक कम्पनी गिल्डर्स एण्ड आर्बुथनटमा वरिष्ठ साझेदार हुनुहुन्थ्यो। उहाँको परिवार त्यस समयमा कोलकातामा रहेको थियो। भारत भारत छोडो आन्दोलन, साम्प्रदायिक हिंसा र दोश्रो विश्वयुद्धको प्रभावबाट गुज्रिरहेको बेला सर मार्क टुली बेलायती शासनको अन्तिम चरणको मानसिकता र वातावरणमा हुर्किनुभएको थियो। सोही अनुभवले पछिगएर उहाँको पत्रकारितामा गहिराइ र संवेदनशीलताको आधार तयार गरेको थियो।

## गीतकार किरण खरेललाई पुरस्कार प्रदान

काठमाडौं। चर्तित गीतकार किरण खरेललाई हेटौंडामा बिजुलीमाया वनः श्रेष्ठ अन्तरराष्ट्रिय संगीत पुरस्कार प्रदान गरिएको छ। भीम विराग संगीत साहित्य कला प्रतिष्ठान नेपालले हेटौंडा एक समारोहबीच एकलाख नगदसहित खरेललाई पुरस्कृत गरेको हो। हेटौंडाका व्यवसायी कन्हैयाकृष्ण श्रेष्ठले आमा जीवितै रहँदा ०६४ सालदेखि यो पुरस्कार सौजन्यगर्दै आउनुभएको हो। गीतकार खरेललाई प्रतिष्ठानका अध्यक्ष केशवलाल श्रेष्ठले सम्मानपत्र प्रदान गर्नुभएको हो। ०१४ सालदेखि संगीत क्षेत्रमा सक्रिय गीतकार खरेलले अहिलेसम्म ७०० भन्दा बढी गीत लेखिसक्नुभएको छ। लोकप्रिय गीतका सर्जक खरेलका चारवटा गीतसङ्ग्रह प्रकाशित छन्। आधुनिक गीत लेखनदेखि चलचित्र क्षेत्रमा समेत महत्त्वपूर्ण र सफल गीतका सर्जक खरेलको योगदानको उच्चमूल्यांकनगर्दै यस वर्षको अन्तरराष्ट्रिय संगीत पुरस्कार प्रदान गरिएको आयोजकले जनाएको छ। प्रतिष्ठानले देश तथा विदेशमारही नेपाली वाङ्मय क्षेत्रमा उल्लेखनीय योगदान पुर्याउँदै आएका सर्जक, स्रष्टालाई सम्मानित एवं पुरस्कृतगर्दै आएको छ। यो पुरस्कारबाट हालसम्म अम्बर गुरुङ, प्रेमध्वज प्रधान, भक्तराज आचार्य, फत्तेमान राजभण्डारी, शान्ति ठटाल, दीप श्रेष्ठ, प्रकाश श्रेष्ठ, न्हुछेबहादुर डंगोल, मीरा राणा, कर्म योञ्जन, चेतन कार्की, दावा ग्याल्मो, दीपक जंगम, किरण प्रधान, राजेन्द्र थापा र नीर शाह सम्मानित भइसक्नुभएको छ। उद्यमी तथा व्यवसायी श्रेष्ठले आफ्नी ममतामयी आमा बिजुलीमाया वनःको सम्झनामा ०६४ सालमा पुरस्कारको स्थापनागरी ५० हजारबाट शुरु गरिएका पुरस्कार राशि ०६७ सालदेखि एक लाख पुऱ्याइएको हो।

## सत्यतथ्य र यथार्थ समाचारमा जोड

काठमाडौं। सत्य तथ्य र यथार्थ समाचारमा जोड दिइएको छ। यसैक्रममा राष्ट्रिय सूचना आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचनमा सत्यतथ्य र यथार्थ समाचार सम्प्रेषणगर्न सबैलाई आग्रह गरेको छ। आयोगले पत्रकार सम्मेलनगरी आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र र भयरहित बनाउन सूचना प्रवाहमा जिम्मेवार बन्न सबैलाई आग्रह गरेको हो। पत्रकार सम्मेलनमा आयोगका आयुक्त एवं प्रवक्ता गगन विष्टले निर्वाचनका क्रममा फैलिने भ्रामक, गलत तथा नियोजित सूचनाले लोकतान्त्रिक प्रक्रियामा गम्भीर असर पार्नेभन्दै सूचना प्रवाहलाई सत्यतथ्य र यथार्थमा आधारित बनाउनुपर्ने बताउनुभयो। सरोकारवालाले सार्वजनिक गर्ने निर्वाचनसम्बन्धी सूचना समयमै, सबैले बुझ्नेगरी सार्वजनिक गर्नुपर्ने प्रवक्ता विष्टले उल्लेख गर्नुभयो। गलत र भ्रामक सूचनामाथि निगरानी तथा नियमनगर्न सम्बन्धित निकायलाई सक्रिय बनाइराख्न उहाँले सरकारलाई सचेत गराउनुभयो। निर्वाचन आयोगलाई मतदाता शिक्षा थप प्रभावकारी बनाउन, बहुभाषिक माध्यममार्फत सूचना प्रवाहगर्न तथा निर्वाचनसम्बन्धी ऐन, कानुन, निर्देशिका र आचारसंहिता समयमै सार्वजनिक गर्नुपर्ने आयोगले जनाएको छ। आयुक्त विष्टले राजनीतिक दल र उम्मेदवारलाई आफ्नो उम्मेदवारबारे तथ्यमा आधारित सूचना मात्र प्रवाह गर्न, गालीगलौज, दुष्प्रचार, मिथ्या तथा भ्रामक सूचनाको प्रयोग नगर्न निर्देशन दिनुभएको थियो।

# ध्यान साधनाबाट प्राप्त हुने बिचारका बारेमा केही कुरा

नेत्र सुवेदी

## साझा मञ्च

योगासन, प्राणायम र ध्यान एकपछि अर्कोगरी अभ्यास गरिन्छ। योग र प्राणायम ध्यानका लागि पूर्वतयारी हुन्। वास्तवमा ध्यान लागेपछि शरीर हलुका महशुस हुन्छभने मनमा शान्ति छाउँछ। सही अर्थमा ध्यानबाट आनन्दको अनुभूति हुन्छ। जुनसुकै काममा पनि ध्यानस्थ हुने क्षमता विकास हुन्छ। भनिएको छकि ध्यान आफ्नो लक्ष्यप्राप्तिको हुनुपर्दछ। आफूतिर नफर्की ध्यान हुँदैन। खोजेको आनन्द सम्बन्ध, सम्पत्ति, शान्ति, बुद्धि केमा हो सोहीअनुसार ध्यान लगाउनुपर्दछ। ध्यानको अभ्यासमा हामीहरु बाहिरी जगतभन्दा पनि भित्री आकाशमा मन लगाउँछौं। हामीभित्रको आकाश सच्चिनान्द स्वरुपमा छ। त्यसैले भनिएको होला निराकारमात्र पूर्ण छ।

आकाशको सीमा नभएजस्तै निराकार पनि विस्तृत छ, पूर्ण छ। उपनिषद्मा उल्लेख भएको 'ॐ पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते। पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते॥' ले इंगित गरेको पूर्णता अक्षुण छ अर्थात् आकाशबाट आकाश घटाउँदा शेष पनि आकाश नै रहन्छ। यही पूर्णता प्राप्तितर्फको अभ्यास हो ध्यान। ध्यानका लागि कुनै आसनमा बसेर आँखा चिम्लनु पर्दछभन्ने छैन। जुन काममा संलग्न छौं त्यसैमा ध्यान लगाउनु पनि ध्यान नै हो। विभिन्न आध्यात्मिक मार्गहरुले जीवन जिउनुको उद्देश्यलाई आफ्नै ढंगले व्याख्या गरेको पाइन्छ। जस्तो कि भगवान् शिवको भाषामा कैविल्य, महर्षि पतञ्जलीको भाषामा निर्विकल्प समाधी र बुद्धको भाषामा निर्वाण प्राप्ति। मानव जीवनको उद्देश्य भनेको दुःखबाट मुक्ति र परमानन्द प्राप्ति नै हो। जीवनको यही उद्देश्य प्राप्तिका लागि ऊर्जा आवश्यक पर्दछ र सो ऊर्जाको सिर्जना र उपयोगका लागि पनि ध्यान आवश्यक पर्दछ। त्यसो त समृद्धिको पूर्वाधार भनेको पनि जीवन ऊर्जा हो। शरीरमा ऊर्जाको कमी भयोभने समृद्धि प्राप्तिको विषय खोक्रो सावित हुन्छ। ध्यान गरे पनि धन आर्जन गरे पनि आधारभूत विषय भनेको ऊर्जा हो। ऊर्जामा मूलतः तीनवटा पक्ष सँगसँगै रहन्छन्। पहिलो हो- शारीरिक शक्ति, जुन हामीमा कायम गर्दै मजबुत हुनुपर्ने हुन्छ। दोश्रो हो-मानसिक शक्ति जुन शक्ति विचार, इच्छाशक्ति र सन्तुलनका लागि आवश्यक छ। तेश्रो हो-भाव शक्ति जसबाट केही प्राप्ति भएको अनुभूति हुन्छ। यी तीनवटै शक्तिको जग भनेको चेतना शक्ति हो। हामीले बोलीचालीको भाषामा यसलाई 'होस' पनि भन्दछौं। चेतना जागृतगर्ने र प्रयोगगर्ने कलानै ध्यान हो। धेरैले आफ्नो काममा एकाग्रता भएन भन्छन्। एकाग्रता भनेको एउटा विषयमा ध्यान लगाउनु हो। एकाग्रता हुनु कुनै कामका लागि अनिवार्य त छ तर पर्याप्तभने नहुन सक्छ। चेतना वा सजगता भने एकाग्रताभन्दा पनि उच्चस्तरको शक्ति हो। ध्यान सम्बन्धमा रचित गीतको लाइन 'साक्षीपूर्ण चेतनाले जाने जति ज्ञान भयो, प्रेमपूर्ण भावनाले छानेजति ध्यान भयो'बाट ध्यानका लागि चेतना र प्रेम सँगसँगै चाहिन्छभन्ने बुझ्न सकिन्छ। ध्यानलाई आनन्द प्राप्तको माध्यम वा बाटो मान्ने हो भने बोध भनेको आनन्द प्राप्तिको अवस्था वा गन्तव्य हो। बोध भनेको वास्तविक योग तथा ध्यान अभ्यास मात्र नभई त्यो भन्दा पनि गहिरो विषय रहेछ। आफूप्रति सजगभई ध्यान गर्दैछु म, ध्यानप्रति सजग भई बोध गर्दैछु मभन्ने जीवन विज्ञानसम्बन्धी गीतको लाइनबाट पनि बोध भनेको ध्यान गहिरिदै जाँदा पुगिने चरण र नतिजा रहेछ भन्ने बुझिन्छ।

ध्यानका लागि आसनमा बस्दा पवित्रता, अभयता र सजगता यी तीन विषय ख्याल गर्नुपर्दछ। ध्यानका बखत आँखा खोल्दा अरुलाई देखिन्छ भने आँखा बन्द गरेपछि आफैँलाई देखिन्छ। ध्यान भनेकै भित्रबाट परिवर्तन गर्ने विधि हो। यसका माध्यमबाट जीवनमा सकारात्मकता, स्वस्थता र आनन्द प्राप्ति सम्भव हुन्छ। भनिन्छ कि सुखदुःखका कारण हामी आफैं हो र ध्यान आफूतिर फर्काएर नयाँ दृष्टिकोणका साथ सरल समाधान खोज्ने विधि हो। त्यसै भनिएको हैन 'मनको ढोका खोलेर भित्र जाउँ, हृदयमा भेटिन्छ शान्त ठाउँ' भनेर। जसरी खाना खाँदा अघाइन्छ र सन्तुष्टि प्राप्त हुन्छ, त्यसैगरी ध्यानबाट आनन्द प्राप्ति हुन्छ। तर पवित्रता, अभयता र सजगताको त्रिवेणीमा निष्ठा र धैर्यतापूर्वक साधनागर्न जरुरी हुन्छ। मभित्र के भइरहेको छ थाहा पाउन शुरु गर्नु ध्यानको पूर्वशर्त हो। ध्यानको ऊर्जाले नै ज्ञानको ऊर्जा सिर्जना गर्दछ। जे गर्न नी चेतना चाहिने र चेतनाको सहज प्राप्तिको बाटो नै ध्यान। चार अक्षरको शब्द सजगता ध्यानको पहिलो चरण हो यसले मनमा जे चलिरहेको छ थाहा पाउन मद्दत गर्दछ। सजगताका तीनगुण अहिले, अप्रतिक्रियात्मक र अध्ययन हुन्। सजगताका पाँच तह छन्। पहिलो सजगता श्वाशप्रति, दोश्रो शरीरप्रति, तेश्रो आत्मगुफाप्रति, चौथो गुरुप्रति र पाँचौं सजगता ईश्वरप्रति हुनुपर्दछ। हामी ध्यानगर्दा आफैंले अनुभूत गर्दछौं, जबकि पुस्तक पढ्दा भने अरुको विचार पढिन्छ। ध्यानले जागेको ऊर्जालाई स्थिर बनाउँछ। जीवनमा सजगता टिकाउनका लागि पवित्रता आवश्यक पर्दछ। यसका लागि दिव्य नवब्रतको पालना आवश्यक पर्दछ। यदि यी नवब्रतमध्ये कुनै वा सबै कमजोर भयो भने सजगता तुहिन्छ वा चुहिन्छ।

नौवटा गुणहरु रहेको दिव्य नवब्रत सङ्कल्प साथसाथै पालनाको विषय पनि हो। ती गुणहरु भनेका सत्यता, स्वाध्याय, निहंगकारिता, क्षमाशीलता, सर्वकल्याण भाव, सेवाभाव, मधुरवाणी, लक्ष्यसँग एकाकार र मुमुक्षा हुन्। बोधप्राप्तिका लागि ध्यान गरिरहँदा सजगताप्रति भन्दा मुख्य दुईपक्ष हुन सक्छन्-म कि अरु। अरुप्रतिको सजगतामा प्रेम जरुरी छ जहाँ भय रहँदैन। आफूप्रतिको सजगताका लागि स्वाध्याय आवश्यक पर्दछ जसको सरल अर्थ भनेकै आफ्नो अध्ययन हुन्छ। त्यस्तै आफूप्रतिको सजगता बढ्दै गयोभने ध्यान बोध बन्दछ। आफ्नो अध्ययन कसरी भन्ने प्रश्न उठ्न सक्छ। यसका दुई तरिका छन्। मेरो मन विचार कस्तो छ, राम्रा नराम्रा कस्ता कुरा खेल्छन् ? बानीव्यहोरा के छन् ? यो पहिले त आफैंले बुझ्न जरुरी छ। दोश्रो पक्ष भनेको अरुप्रति गरिने व्यवहार हो। आफूलाई जुनसुकै व्यवहारगर्ने किन नहोस् अरुप्रति व्यवहार गर्दा प्रतिक्रिया व्यक्त नगरेर त्यस्तो व्यवहार किन गर्‍योभन्ने पत्ता लगाउनु पनि स्वाध्याय हो। के बुझ्न जरुरी छ भने हामीलाई दुःखले जति सताएको छ, त्योभन्दा बढी सुखले पनि सताएको छ। सुख पनि दुःखमा परिवर्तन हुन्छ। जस्तोकि आफूलाई मायागर्ने व्यक्तिको देहान्त भयोभने हामी दुःखी हुन्छौं। आफैँमा समाहित हुनुमात्र आनन्द हो, यो मात्र स्थायी रहन्छ। आममानिस दुई प्रकारका हुन्छन्। पहिलो बाहिरतिर खोज्ने अर्थात् सांसारिक र दोश्रो ध्यानी। आफूप्रति सजग हुँदै गयोभने कुनै विन्दुमा पुग्दा शून्यता फेलापर्दछ, त्यहाँ दुःख हुँदैन न त सुख नै हुन्छ। भनिन्छकि सजग व्यक्ति जीवन जिउन जान्ने व्यक्ति हो। सजगतापश्चात् फेलापर्ने शून्यता नै बोध हो। अकम्पको अनुभवलाई शून्यता पनि भनिन्छ। शून्यताका तीनगुणका रुपमा निर्विचार, निराकार र निःशब्द रहेका छन्। आँखा बन्दागर्दा दुई आँखीभौंका बीचमा जे देखिन्छ त्यो नै आत्मगुफा हो। यसलाई आन्तरिक आकाश पनि भनिन्छ।

शुरुमा पूरै अँध्यारो र क्रमशः उज्यालो देखिन्छ। यसरी देख्ने भनेकै शिव नेत्रले, तेश्रो आँखाले हो। यसैलाई वेदमा व्योमा भनिन्छ। पुराणमा यसलाई बृन्दावन भनिन्छ भने शिवपुराणले कैलाश र मृगस्थली दुबै प्रयोग गरेको पाइन्छ। उपनिषदमा भने यसलाई अरण्य भनिन्छ। विज्ञानको जगत्मा यसलाई क्वान्टम फिल्ड, द युनिफाइड फिल्ड जस्ता शब्द प्रयोग हुन्छन्। आत्मगुफालाई सन्ध्या पनि भनिन्छ। आत्मगुफा भनेको हाम्रो असली परिचय हो अनि मभित्रको म हो। म कै आध्यात्मिक नाम आत्मगुफा हो। आत्मागुफालाई सुक्ष्म शरीर, देह पनि भनिन्छ। मृत्युपश्चात् पनि आत्मगुफा मर्दैन। 'आँखा छोपे अँध्यारो देखिन्छ, अँध्यारोमै मूल ज्योति भेटिन्छ' भने झैं गहिरो साधनाबाट मात्र बोध प्राप्ति सम्भव हुन्छ। अपेक्षा इच्छा पनि दुःखको कारण हो। इच्छा कम गर्नका लागि इच्छा प्रतिको जागरुकता/सजगता आवश्यक हुन्छ। चाहना दुई किसिमको हुन सक्छ : निजी चाहना र परोपकारी चाहना। जब जगतको हित गर्न थालिन्छ, स्वार्थी चाहना हराउँछन्। त्यसैगरी वेदले इन्द्रीयलाई गो भन्दछ भने इन्द्रीय दानलाई गोदान भनेको छ। वास्तवमा गोदान भनेको इन्द्रीयलाई बसमा राख्ने विषय हो। ऊर्जाको **बाँकी ४ पेजमा**

# समाचार विविध

## जय मातृभूमि पार्टीद्वारा निर्वाचन परिचालन समिति गठन

काठमाडौं। जय मातृभूमि पार्टीले आसन्न निर्वाचनलाई लक्षितगर्दै २५१ सदस्यीय केन्द्रीय निर्वाचन परिचालन तथा चुनाव प्रचार-प्रसार मूल समिति गठन गरेको छ। जय मातृभूमि पार्टीको चुनाव चिन्ह बच्चा काखमा लिएको आमा रहेको छ। पार्टीका अध्यक्ष सुरेशकुमार कार्कीको अध्यक्षतामा गठित उक्त समितिमा केन्द्रीय कार्य सम्पादन समिति, केन्द्रीय समिति, बिभिन्न विभागका सदस्य तथा सल्लाहकार र शुभेच्छुकहरुलाई



समेटिएको छ। पार्टीको केन्द्रीय कार्यालय आमा घरमा अध्यक्ष कार्कीको अध्यक्षतामा बसेको केन्द्रीय समितिको बैठकले निर्वाचन रणनीति, प्रचार-प्रसार र संगठनात्मक परिचालनका विषयमा गम्भीर छलफल गरेको हो। बैठकको थालनीगर्दै अध्यक्ष कार्कीले निर्वाचनमा उम्मेदवार बन्ने सबैलाई शुभकामना व्यक्तगर्दै पार्टीले अघिसारेका देशभक्ति र राष्ट्र निर्माणका एजेन्डा जनतामाझ निर्भीकताका साथ लैजान निर्देशन दिनुभएको थियो। बैठकमा महासचिव गोविन्द गिरीले प्रस्तुत गरेका एजेन्डामाथि व्यापक छलफल भएको थियो। पार्टीका सह-अध्यक्ष रामशरण पाण्डे र वरिष्ठ नेता क्या.के.वि. लिम्बुले जय मातृभूमि पार्टीका एजेन्डा पुरातनवादी दलहरुकाभन्दा फरक र स्पष्ट राष्ट्र निर्माणको दृष्टिकोणसहितका रहेकोभन्दै ती एजेन्डा प्रभावकारीरुपमा जनतासम्म पुऱ्याउन सके उम्मेदवारको विजय सुनिश्चित हुने धारणा व्यक्त गर्नुभएको थियो। वरिष्ठ उपाध्यक्ष रोमलाल गिरी तथा उपाध्यक्षहरु टुलराज बस्याल र आर.के. ढकालले पार्टी गतिविधिको समीक्षागर्दै प्रचार-प्रसारलाई अझ तीव्र बनाउनुपर्ने सुझाव राख्नु भएको थियो। बैठकमा उप-महासचिव लक्ष्मीदत्त भट्ट र कृष्णराज राई, सचिव तेजेन्द्र प्रशाई र तोप गुरुङ, कोषाध्यक्ष आनन्द सिंखडा, प्रवक्ता डा. खेमबहादुर क्षेत्री लगायत सहभागीहरुले आआफ्ना धारणा प्रस्तुत गर्नुभएको थियो। बैठकले पाँच सूत्रीय एजेन्डा पारितगर्नुका साथै केन्द्रीय कार्यसम्पादन समितिका निर्णय अनुमोदन गरेको छ। साथै आर्थिक संकलन र लेभी व्यवस्थापन सम्बन्धी निर्णयगर्दै उम्मेदवारहरुलाई विजयी गराउन सबै क्षेत्रमा केन्द्रीय प्रतिनिधि तोक्ने निर्णय गरिएको छ। जय मातृभूमि पार्टीले पूर्वदेखि सुदूरपश्चिमसम्म प्रत्यक्ष उम्मेदवारी दिएको जनाएको छ। राष्ट्रियता, नागरिकतन्त्र, सुशासन, समृद्धि र नेपालवाद पार्टीका मूल मार्गनिर्देशक सिद्धान्त रहेका छन्। पार्टीमा बिभिन्न क्षेत्रका विज्ञ, राजनीतिककर्मी, पूर्वसुरक्षाकर्मी, पूर्व उच्च कर्मचारी, सुशासन अभियन्ताहरुको सहभागिता रहेको छ।

## राष्ट्रिय वाणिज्य बैंकले नेतृत्व गरेको दाबि

काठमाडौं। राष्ट्रिय वाणिज्य बैंकको ६१ औं वार्षिकोत्सव गतसाता बिभिन्न कार्यक्रमहरु गरेर मनाइएको थियो। सो बैंकको चालु आर्थिक वर्षको प्रथम छ महिनासम्मको निष्क्रिय कर्जा ४.५५ प्रतिशत रहेको छ। नाफाभने एक अर्ब ७५ करोड रहेको बताइन्छ। बैंकले निक्षेपतर्फ ४७ लाख ४३ हजार र कर्जातर्फ दुई लाख २६ हजारभन्दा बढी ग्राहकलाई सेवादिँदै आएको जनाएको छ। चुक्ता पूँजी १५ अर्ब ६३ करोड भएको




बैंकले चालु आर्थिक वर्षको छमहिनामा कूल निक्षेप पाँच खर्ब ५३ अर्ब संकलन तथा १९ अर्ब बराबरको कर्जा प्रवाह गरेको तथ्यांक रहेको छ। बैंकको ६१औं वार्षिकोत्सवका अवसरमा गतसाता आयोजित एक कार्यक्रममा बैंक सञ्चालक समितिका अध्यक्ष देवकुमार ढकालले उत्पादनशील क्षेत्रलाई प्राथमिकतामा राखेर बैंकले कर्जा प्रवाह गरिरहेको बताउनुभएको थियो। उहाँका अनुसार हाल पूँजीबजार, निर्माण, सेवा, लगानी प्रवर्द्धन एवं विकास निर्माणका क्षेत्रमा सकारात्मक संकेत देखिएकाले अर्थतन्त्रमा आशाको सञ्चार गरेको छ। बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले नवीन शोच र संकल्पकासाथ बैंकले वित्तीय सेवा प्रवाहगर्दै आएको बताउनुभएको थियो। कर्जा प्रवाह बढाउनु चुनौतीपूर्ण रहेको उल्लेखगर्दै उहाँले बैंकको पूँजीको आधार सुदृढ बनाउन तीन **बाँकी ४ पेजमा**

# बैंकहरुले कार्यालय सञ्चालन खर्च घटाउन थाले

काठमाडौं। बिभिन्न बैंकहरुले आफ्नो कार्यालय सञ्चालन खर्च समेत घटाउन थालेका छन्। प्राप्त समाचारअनुसार चालु आबको गत मंसिरसम्ममा वाणिज्य र विकास बैंकहरुले कार्यालय सञ्चालनमा १६ अर्ब ५६ करोड रुपैयाँ खर्च गरेको राष्ट्र बैंकको तथ्यांक रहेको छ। सो रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.८७ प्रतिशत कम रहेको बताइन्छ।

गत आबको मंसिरसम्ममा बैंकहरुले १६ अर्ब ७१ करोड रुपैयाँ कार्यालय सञ्चालनमा खर्च गरेका थिए। सो शिर्षकमा दैनिक कामकाज सहजरुपमा चलाउनका लागि आवश्यक खर्च, कार्यालय भाडा, बिजुली-पानी-इन्टरनेटजस्ता सेवा शुल्क, कम्प्युटर तथा प्रविधि प्रणालीको मर्मतसम्भार, सुरक्षा, सरसफाइ तथा प्रशासनिक व्यवस्थापनसँग सम्बन्धित खर्चहरु रहन्छन्। बैंकहरुको त्यस्तो खर्च घट्नुमा खर्च कटौती रणनीति मुख्य कारण भएको बताइएको छ। राष्ट्र बैंकले शाखा गाभ्न वा समायोजनगर्ने सहज नीति ल्याएसँगै बैंकहरु शाखा संख्या घटाएर खर्च न्यूनीकरण गर्नेतर्फ केन्द्रित भएको जानकारहरुको भनाई छ। चालु आबको गत मंसिर मसान्तसम्ममा वाणिज्य बैंकहरुले कार्यालय सञ्चालनबापत १४ अर्ब ६४ करोड रुपैयाँ खर्च गरेका छन्। जुन गत आबको सोही अवधिको तुलनामा १.७६ प्रतिशतले कम हो। गत आबको पाँच महिनासम्ममा वाणिज्य बैंकले कार्यालय सञ्चालनमा १९ अर्ब ९० करोड रुपैयाँ खर्च गरेको पाइएको थियो। चालु आबको पाँच महिनासम्ममा ग्लोबल आइएमई बैंकले सबैभन्दा धेरै कार्यालय सञ्चालन खर्च गरेको पाइएको छ। सो बैंकले यस अवधिमा एकअर्ब ३१ करोड रुपैयाँ कार्यालय सञ्चालनमा खर्च गरेको देखिन्छ। जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.५२ प्रतिशतले कम हो। गत मंसिरसम्ममा नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको कार्यालय सञ्चालन खर्च ०.६२ प्रतिशतले घटेर एकअर्ब दुई करोड, लक्ष्मी सनराइज बैंकको ७.१४ प्रतिशतले बढेर एक अर्ब दुई करोड, नबिल बैंकको २.०५ प्रतिशतले बढेर ९७ करोड रुपैयाँ रहेको छ। त्यसैगरी एनआईसी एशिया बैंकको कार्यालय सञ्चालन खर्च २२.९३ प्रतिशतले घटेर ९६ करोड, सिद्धार्थ बैंकको ४.२३ प्रतिशतले बढेर ९० करोड र प्रभु बैंकको १२.७४ प्रतिशतले घटेर ८८ करोड, हिमालयन बैंकको ८५ करोड, कुमारी बैंकको ७१ करोड रुपैयाँ रहेको छ। त्यसैगरी एनएमबि बैंकले ६९ करोड, एभरेष्ट बैंकले ६६ करोड, राष्ट्रिय वाणिज्य बैंकले ६६ करोड, कृषि विकास बैंकले ६१ करोड, सिटिजन्स बैंकले ५६ करोड, सानिमा बैंकले ५६ करोड, नेपाल बैंकले ५४ करोड, माछापुच्छ्रे बैंकले ५२ करोड रुपैयाँ कार्यालय सञ्चालन खर्च गरेका छन्। त्यस्तै एसबिआई बैंकले ४३ करोड, प्राइम बैंकले ४२ करोड र स्टान्डर्ड चार्टर्ड बैंकले २७ करोड ९१ लाख रुपैयाँ कार्यालय सञ्चालनमा खर्च गरेका छन्। यस अवधिमा विकास बैंकहरुले एक अर्ब ९२ करोड रुपैयाँ कार्यालय सञ्चालनमा खर्च गरेको पाइएको छ। जुन गत आबको सोही अवधिको तुलनामा ६.४३ प्रतिशतले बढी हो। गत आबको पाँच महिनासम्ममा विकास बैंकको कार्यालय सञ्चालन खर्च १ अर्ब ८० करोड रुपैयाँ थियो। विकास बैंकमा सर्वाधिक कार्यालय सञ्चालनमा खर्च गर्नेमा मुक्तिनाथ विकास बैंक रहेको छ। गत मंसिर मसान्तसम्ममा बैंकले ३५ करोड रुपैयाँ खर्च गरेको छ। जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ८.४८ प्रतिशतले बढी हो। चालु आबको पाँच महिनासम्ममा कार्यालय सञ्चालन खर्च गरिमा विकास बैंकको २८ करोड, ज्योति विकास बैंकको २१ करोड, सांग्रिला डेभलपमेन्ट बैंकको २० करोड, कामना सेवा विकास बैंकको १९ करोड, महालक्ष्मी विकास बैंकको १८ करोड, शाइन रेसुंगाको १६ करोड, लुम्बिनी विकास बैंकको ११ करोड रुपैयाँ रहेको छ।

## सानिमा बैंकका सिइओ आचार्यद्वारा पदवहाली

काठमाडौं। नेपालको चर्चित सानिमा बैंक लिमिटेडका नवनियुक्त प्रमुख कार्यकारी अधिकृत (सिइओ) पवनकुमार आचार्यले गतसाता पदभार ग्रहण गर्नुभएको छ। सानिमा बैंक सञ्चालक समितिको गत कात्तिक २४ गते बसेको बैठकको निर्णयबमोजिम आचार्य सिइओमा नियुक्त हुनुभएको हो। बैंककाअनुसार २१ वर्षदेखि सानिमा बैंकमा विशिष्ट योगदान पुऱ्याउँदै आउनुभएका आचार्यले संयुक्त राज्य अमेरिकाको पिट्सबर्ग स्टेट युनिभर्सिटीबाट स्नातकोत्तर र भारतको एमएनआइटी जयपुरमा इञ्जिनियरिङमा स्नातक डिग्री हाशिल गर्नुभएको छ। प्रमुख कार्यकारी अधिकृतको पदभार ग्रहण गर्नुअघि उहाँ बैंकको वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृतकारुपमा कार्यरत हुनुहुन्थ्यो। सानिमा बैंकमा आफ्नो लामो सेवाकालका दौरान उहाँले १० भन्दा बढी विभाग तथा शाखाहरुको नेतृत्व गर्नुभएको छ। उहाँको प्रमुख कार्य क्षेत्रहरुमा कर्जा मूल्यांकन, डिजिटलाइजेसन तथा परियोजना वित्त रहेका छन्। आचार्य सानिमा बैंकको सहायक कम्पनी सानिमा क्यापिटलमा पनि अध्यक्षकारुपमा कार्यरत हुनुहुन्थ्यो। बैंकिङ क्षेत्रबाहेक **बाँकी ४ पेजमा**

## राष्ट्रिय..

खर्ब बराबरको ऋणपत्र निष्कासनको तयारीमा रहेको जानकारी दिनु भएको थियो। प्रमुख कार्यकारी अधिकृत खनालका अनुसार बैंकसँग हाल कर्जा निक्षेपको अनुपातका आधारमा एक खर्ब ७१ अर्ब तथा तरलताका आधारमा एक खर्ब ३९ अर्बको लगानीयोग्य रकम देखिए तापनि पूँजी पर्याप्तताका आधारमा थप १८ अर्बमात्र कर्जा प्रवाहगर्ने अवस्था रहेको छ। उक्त वार्षिकोत्सव समारोहको उद्घाटनगर्दै अर्थमन्त्री रामेश्वरप्रसाद खनालले देशका बैंक तथा वित्तीय संस्थामा अध्ययन-अनुसन्धानको संस्कृति कमजोर रहेकाले लगानीको सही क्षेत्र पहिचान हुन नसकेको बताउनुभएको थियो। वित्तीय सेवा प्रदायक संस्थाले अध्ययन-अनुसन्धान नगर्दा देशमा तरलता थुप्रिने, बेरोजगारी बढ्ने र उपभोगमुखी अर्थतन्त्र विस्तार भएको उहाँको भनाइ थियो। देशमा भित्रिने विप्रेषणको ठूलो भाग उत्पादनशील क्षेत्रमा परिचालन नभएकामा चिन्ता व्यक्तगर्दै अर्थमन्त्री खनालले कुन क्षेत्रमा नयाँ लगानीका अवसर सिर्जनागर्न सकिन्छ, अर्थतन्त्रको आकार विस्तार गर्न सकिन्छ, रोजगारी सिर्जनागर्न सकिन्छ र उत्पादन बढाउन सकिन्छ भन्ने विषयमा बैंक तथा वित्तीय संस्थाहरुले गम्भीर अध्ययन-अनुसन्धानगर्ने आवश्यकता रहेको छ भन्नुभएको थियो।

## सानिमा...

उहाँसँग इञ्जिनियरका रुपमा चार वर्षभन्दा बढीको व्यावसायिक अनुभव रहेको मानिन्छ।

## ध्यान..

सदुपयोगको विषय हो। मन स्थिरराख्न सकेमात्र ध्यान लाग्दछ, बोध प्राप्तितर्फउन्मुख भइन्छ। बोध प्राप्त हुनु भनेको दिव्यदृष्टि हासिल हुनु पनि हो। सञ्जयले धृतराष्ट्रलाई कुरुक्षेत्रको घटना हस्तिनापुर बसेर सुनाउँदा पनि दिव्य तेश्रो आँखाको सहारा लिएका थिए। महर्षि व्यासले सञ्जयलाई सिकाएका थिए यो। दिव्यदृष्टिलाई तेश्रो नेत्र पनि भन्न सकिन्छ। गुरुप्रतिको सगताको पनि विशेष महत्व हुन्छ। गुरु भनेको हृदयमा आकाश, मुस्कानमा वैकुण्ठ, बोलीमा वेद र पुराण धारी हुन्छन्। त्यस्तै गुरुका लागि शिष्य भनेका एकमात्र देवता, एकमात्र प्रेम, एकमात्र भविष्य र एकमात्र आशा हुन्। अर्कोतर्फ शिष्यले आफूसँग भएको लोभ, रिस, इर्ष्या, डर, तनाव, कुलत गुरुलाई अर्पण गर्दछ। त्यस्तै धनले किन्न नसकिने इमान्दारिता, समर्पण र निष्ठा पनि प्रकट गर्दछ। कसैले नलिने आँसु, अहंकार, असुरक्षा, अशान्ति पनि गुरुले लिन्छन्। सत्यता, सेवाभाव, मधुरवाणी, मुस्कान भए गुरु खुसी हुन्छन्। गुरुप्रतिको सजगतालाई नित्यावतार पनि भनिन्छ। साधना र सेवामा सहकार्यबाट शक्ति उत्पन्न हुन्छ। सफल जीवनका लागि ध्यानको गहिराई र सेवाको उचाइ दुवै आवश्यक पर्दछ। ध्यानको समुद्र र सेवाको सगरमाथा भएमा कर्मसिद्धि र सफल जीवन सम्भव हुन्छ। अनुसन्धानले पुष्टि गरेअनुसार योग ध्यान गर्नेको स्मरण क्षमता नगर्नेको तुलनामा १४ गुणासम्म बढी भएको अनुसन्धानले देखाएको छ। त्यस्तै ध्यान गर्ने व्यक्तिलाई ४८ प्रकारका रोग त लाग्नै पाउँदैनन् टाढैबाट भाग्छन्। नेपाल योग र ध्यानका लागि उद्गम भूमि हो। धेरै शास्त्रहरुले नेपालमा आध्यात्मिक साधना गर्नका लागि थुप्रै ऋषिमुनिहरु, व्यक्तित्वहरुले समय खर्च गरेको हामी पढ्न पाउछौं तर दुःखको कुरा अहिले विश्वस्तरको आरोग्य नक्साले भने नेपाललाई समेटेको छैन। नेपाल योग र ध्यानको जन्मभूमि हो। जसरी आफ्नो आमालाई कमजोर देख्नुहुँदैन, त्यसैगरी नेपालको यो बृहत् सम्भावनालाई आरोग्य पर्यटनको बृहत् अवधारणाअन्तर्गत सदुपयोग गर्नुपर्दछ। विगत १४ वर्षअघि स्थापना भएर सकृय रहेको जीवन विज्ञानका कार्यक्रम लोकप्रियहुँदै गएका छन्भने अन्तरराष्ट्रियस्तरको साधना केन्द्रकारुपमा धादिङको थाक्रे गाउँपालिकामा जीवन विज्ञान धाम पनि निर्माण हुँदैछ। रासस (लेखक उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सहसचिव तथा प्रवक्ताकासाथै योग साधनाका अनुयायी हुनुहुन्छ)

## बिश्वमा..

अस्तित्वलाई कयौं पटक ध्वस्त पार्न सक्दछन्। अनि यो पृथ्वीको ठूलो क्षेत्रलाई बिषालु र बसिनसक्नु पनि बनाउन सक्छन्। अर्को एकदमै ठूलो चूनौति हाम्रा अगाडि के छ भने आधिपत्यको यस दौडलाई बिना कुनै ठूलो हिंसा समाप्त पारिनै पर्छ। एकातिर त यत्तिका बिध्वंशकारी हतियाहरुको भण्डार मात्र पनि कम खतरनाक हुँदैन अर्कोतिर त्यस्ता डरलाग्दा हतियारबाट सुसज्जित महाशक्तिहरु निरन्तर सन्देह र तनाब तथा दुश्मनीको स्थितिमा रहिरहँदा कुनै पनि समयमा नचिताएको घटना घट्न सक्तछ। अतः समयछँदै यस्ता तनाब र दुश्मनीहरु तथा आधिपत्यको होडको शान्तिपूर्ण समाधान निकाल्नु अत्याबश्यक छ। यसका लागि सामरिक, राजनीतिक, आर्थिक तथा ब्यापारिक सबै स्तमा प्रयास गरिनु पर्दछ। यो एउटा ठूला प्रश्न होकि के यस्तो ठूलो आबश्यक परिबर्तन अमन चैनको माहोल ल्याउन सकिएला त ? हो, यस किसिमको क्षमता बिकासगर्न आज विश्वका लागि एकदमै आवश्यकता र चूनौति बन्न गएको छ। समाजवादी सोभियत संघको बिघटन बाह्य र आन्तरिक कारणले जसरी बिना युद्ध नै हुन पुग्यो त्यसपछि धेरैले विश्वमा शीत युद्ध समाप्त भएर शान्ति सुब्यवस्थाको काल खण्ड आरम्भ हुने अवसर आएको आकलन गरेको थियो तर त्यसो हुन सकेन। कारण उही थियो आधिपत्यको प्रबृत्ति। सोभियत संघको बिघटनपछि विश्वका शक्तिशाली पूँजीवादी देशहरुले सोचे कि त्यो बेला बिघटित रुसलाई अझ दबाउने र कमजोर पार्ने समय हो। तर रुसले आफ्नो सामरिक शक्तिको एक सीमासम्म रक्षा गर्न सक्यो। बढ्दो पश्चिमा बल मिचाईले गर्दा पुनः नयाँ युद्धको स्थिति उत्पन्न भयो । त्यसलेगर्दा युद्ध र अशान्तिलाई नाफाको सर्बोत्तम माल मान्ने पूँजीवादी नाफखोर प्रबृत्तिमा कुनै परिवर्तन आउदैनभन्ने कुरा नै फेरि पनि रहिरहेकै छ र पुनर्पुष्टी भएको छ। यसले नाफाका लागि जसरी नरसंहार मच्चाउन समेत कत्ति आपत्ति मान्दैन भन्ने यथार्थ पटक पटक छर्लंग हुदैआएको छ। त्यसैले हर तरहले विश्व शान्ति आन्दोलनलाई सबल बनाउन र दबाब सिर्जनागर्न निरन्तर विश्व स्तरमै लागि रहनुपर्ने र अशान्ति र तनाबको माहोललाई घटाउने दिशामा लाग्नुको कुनै बिकल्प छैन। तर केवल शान्तिको अपेक्षा गर्नु मात्र पर्याप्त हुँदैन। त्यसैल आज युद्ध रोक्न शान्तिको आन्दोलनलाई सबल तुल्याउने उपायहरु के हुन्छन् या छन् ती सबैको सर्बत्र खोजी गरिनु अत्यावश्यक भइसकेको छ। यसका अतिरिक्त महाबिनाशकारी हतियार र अन्य अति बिध्वंशक हतियारहरुको प्रसार रोक्नका लागि र तिनको बास्तबिक उपयोगको सम्भावनालाई रोक्नका लागि अति आबश्यक सबै प्रयाशको खोजी र तिनको निरन्तरता जारीराखिनु पर्दछ। त्यसका लागि अन्तर्राष्ट्रिय स्तरमा सम्झौता आवश्यक हुन्छ नै। यति बेला त थप चिन्ताको बिषय के पनि छभने यस सम्वन्धमा पहिलादेखि नै भएका सम्झौताहरुको नबिकरण समेत समयमा हुने गरेको छैन। ती सम्झौताहरुको महत्वकाबारेमा पनि ब्यापक स्तरमा जन जागृति जरुरी छ। समग्रमा अन्तर्राष्ट्रिय तनावहरुलाई सुल्झाउनका लागि शान्ति आन्दोलनलाई सघन तुल्याइनु र नया उच्च स्तरमा उठाउन बिशेष पहलहरु गरिनु र जनआन्दोलन हरुको बिकास गरिनु पर्दछ। यस्तो विश्व शान्ति आन्दोलनको चौतर्फी ब्यापक दबाब र युद्धको घोर बिरोध बिना विश्व परमाणु युद्ध र त्यसको अपूर्ब र भयावह खतराबाट मुक्त हुन सकिने छैन।परिणाम अपूर्ब बिनाशलिला र पछुताउनु बाहेक अरु केही रहने छैनभन्ने निष्कर्ष विश्वका बस्तुवादी बिश्लेषकहरुले निकालिरहेका छन्। यसले विश्व शान्ति आन्दोलनलाई ब्यापक, सघन र गहिरो तुल्याउन शान्तिकामी जनसमुदाय र तिनको सही प्रतिनिधित्वगर्ने शक्तिहरुको सक्रिय अग्रसरता अति आवश्यक छ। विश्वभरीका जनता युद्धका बिरुद्ध, बिनाशकारी र घातक हतियारका बिरुद्ध युद्ध बिरोधी महासागर बनेर दृढताकासथ खडाहुनु अपरिहार्य र अनिवार्य बनेको छ। अहिले भेनेजुएलमाथिको साम्राज्यवादी आततायी आक्रमणपछि विश्वब्यापी बिरोधमा उठेको जनसागले पनि जनताको युद्ध बिरोधी र शान्ति आन्दोलनको ठूलो महत्व छ भन्ने यथार्थ औंल्याएको छ। **लेखक : नेकपाका संयोजक हुनुहुन्छ।**

## चीनमा...

कम्तीमा जेल सजाय भोग्नुपर्ने हुन्छ। पीएलए डेलीको सम्पादकीयले झाङ र लिउलाई दोषीनै भएजस्तोगरी चित्रण गरिसकेको छ। उनीहरुले कम्युनिष्ट पार्टीको केन्द्रीय समितिको विश्वास र अपेक्षालाई गम्भीररुपमा धोका दिएको तथा सेन्ट्रल मिलिटरी कमिसनलाई कुल्चिने र कमजोर पार्ने काम गरेको उल्लेख गरिएको छ। जनरलहरुलाई निशाना बनाउनु भ्रष्टाचारसँग सम्बन्धित हुनसक्छ, तर विगतका यस्तै घटनाहरुलाई हेर्दा यो शक्ति राजनीतिको खेल पनि हुनसक्छ। सी जिनपिङ सत्तामा आउँदा चीनमा पक्कैपनि भ्रष्टाचारको समस्या थियो, तर उहाँले आफ्नो भ्रष्टाचार विरोधी अभियान र पार्टीको डरलाग्दो अनुशासन निरीक्षण टोली प्रयोग गरेर सम्भावित राजनीतिक प्रतिद्वन्दीहरु वा उहाँप्रति पूर्णवफादार नदेखिएका सरकारी अधिकारीहरुलाई हटाउने गरेको आरोप पनि लाग्नेगरेको छ। यसले महासचिव सीलाई माओपछिको सबैशक्तिमान नेताकारुपमा अगाडि सारेको छ। कतिपयले यस्तो नेतृत्व प्रत्युत्पादक पनि हुनसक्ने टिप्पणी पनि गरेका छन्। उदाहरणका लागि, सेनाभित्र शंकाको वातावरणले निर्णय प्रक्रियालाई सतर्क र कमजोरसमेत बनाउन सक्छ। सबैभन्दा वरिष्ठ जनरलहरुको बर्खास्तीले तल्लो तहका अधिकारीहरुमा पनि डर पैदागरेको छ। जो अब पालो कसको ? भनेर सोचिरहेका हुनसक्ने कतिपयको टिप्पणी छ। माथिल्लो तहकाहरुको हविगत देखेर उनीहरु त्यो खतरनाक क्षेत्रमा पदोन्नति हुन नचाहन सक्छन्। जहाँ जुनसुकै बेला सीको भ्रष्टाचार विरोधी निसाना सोझिन सक्छ। झाङका पिता सीका पिताका क्रान्तिकारी साथी रहेको बताइन्छ। सीसँग झाङको सम्बन्ध धेरै पुरानो हो र हालैको उथलपुथलअघि उहाँहरुलाई निकट सहयोगीकारुपमा हेरिन्थ्यो। जसलेगर्दा कोही पनि सुरक्षित छैनभन्ने विश्वास बढेको छ र स्थितिलाई झन् खराब बनाएको हुनसक्छ। उहाँ पीएलएका मुट्ठीभर वरिष्ठ अधिकारीहरुमध्ये एक हुनुहुन्थ्यो। जससँग युद्धको लामो र राम्रो अनुभव थियो। त्यसैले उहाँको बहिर्गमन सेनाका लागि महत्वपूर्ण क्षति भएको ब्याख्या र बिश्लेषण पनि भैरहेको छबरि। मोरिसकाअनुसार उहाँको बर्खास्तीले सीका लागि दीर्घकालीन समस्याहरु पनि खडागरेको छ। सीले फेरि एकपटक आफ्नो अधिकार जमाएका हुन सक्ने, तर यो उथलपुथलको अर्थ निरन्तरको घर्षण हो भनिएको छ। यो सबै त्यस्तो बेला भएको छ जतिबेला बेइजिङले ताइवानमाथि दबाब बढाउँदै कुनै बिन्दुमा गएर पूर्ण आक्रमणमार्फत उक्त स्वशासित टापु कब्जागर्ने धम्की दिइरहेको छ। विश्लेषकहरुले यी बर्खास्तीहरुले त्यस्तो सम्भावनालाई कति असर गरेको छ ? भनेर लेखाजोखा गर्नेछन्। उक्त बर्खास्तीले ताइवानलाई नियन्त्रणगर्ने पीआरसीको महत्वाक्यांक्षा लाई कुनै असर गर्दैन। कतिपयले यसलाई अमेरिकी गुप्तचर संस्था सिआइएसँग पनि जोडेर चर्चा गर्नेगरेका छन्। तर ति चर्चाहरु अनुमान मात्र हुन्। किनकी चीनको बन्द नीतिले त्यहाँका महत्वपूर्ण कारवाहीबारे कुनैपनि कुराहरु बाहिर आउन दिँदैन। चीनमा भएको सैनिकमाथिको पछिल्लो कारवाहीले नेपाल लगायतका छिमेकीलाई पनि असरगर्न सक्ने देखिएको छ।

## नेपालको...

संवेदनशील बिषयमा त्यति ठूलो परिमाणमा बाह्य सहयोग स्वीकारगर्नु हुने थिएन। नेपाललाई सहयोग गर्दैआएका बिश्वका अन्य मुलुकहरु पनि रहेका छन्। तर उनीहरुले विकासमा मात्र सहयोग गर्नेगरेको देखिएको छ। कतिसम्मभने अर्को छिमेकी मुलुक चीनलेसमेत राजनीतिमा खासै सहयोग गर्नेगरेको देखिएको छैन। त्यस्तो सहयोग नेपालका लागि उपयुक्त पनि मानिँदैन। निर्वाचनलाई यहाँको लोकतान्त्रिक प्रक्रियाको मूल आधार मानिन्छ। त्यसैले त्यस्ता कार्यहरु गर्दा/गराउँदा नेपालले आफ्नै खुट्टामा टेकेर गराउन सक्नु बढी उपयुक्त हुन्छ। यस्ता कामममा राज्यले आफ्नो क्षमता र तटस्थताको प्रदर्शन पनि गर्न सक्नुपर्दछ। बाह्य सहयोगमा गराइने निर्वाचनबाट बन्ने संसद र सरकारमासमेत त्यसैको प्रभाव पर्ने हुन्छ। नभए पनि देश नैतिकरुपमा तल पर्दछ। नेपाल भूराजनीतिकरुपमा संवेदनशील राष्ट्र रहेको कुरालाई यहाँका प्रायः दलहरुले स्वीकार गरेका छन्। नेपालको राजनीतिक परिवर्तनका मूल शक्ति नेपाली जनतालाई नै बनाउनु पर्दछ। जसकाबारेमा हाल आगामी निर्वाचनका लागि अग्रसर बिभिन्न पार्टी र शक्तिहरुले ध्यान दिनसक्नु पर्दछ। अन्यथा आगामी निर्वाचनपछि पनि नेपालमा राजनीतिक अस्थिरता कायमै रहने छ र यस्ता निर्वाचनहरु बारम्बार गराइरहनुपर्ने अवस्था पनि आउन सक्दछ। आगामी निर्वाचन बर्तमान सरकारले गराउने भएपनि देशमा शासन सत्ता सञ्चालन गर्ने/गराउने दलहरुनै हुन्। त्यसैले उनीहरुले आगामी निर्वाचनको ब्यवस्थापनमा समेत आआफ्नो ध्यान केन्द्रितगर्नु बढी उपयुक्त हुन्छ। यो आजका सन्दर्भमा सबैका लागि बिचारणिय कुरा हो।

## राष्ट्रिय...

सन्तुलन सहितको विकासको संवैधानिक व्यवस्था गरेको छ। संविधानको त्यो व्यवस्था समेतमाथि ध्यान दि"दै विकेन्द्रित र सन्तुलित विकास नीति अपनाइनुपर्दछ। विकासको दृष्टिकोणले पछाडि परेका जिल्ला वा दुर्गम स्थानहरुको विकासमा विशेष प्राथमिकता दिइनुपर्छ।

**बौद्ध पूरातात्विक शहर :** लुम्बिनी र तिलौराकोट ऐतिहासिक महत्वका बौद्ध पर्यटन क्षेत्रहरु हुन्। कपिलवस्तु, रुपन्देही र पश्चिम नवलपरासीका प्राचीन वा बौद्ध पूरातात्विक अवशेष वा भग्नावशेषहरुलाई मिलाएर बौद्ध पूरातात्विक शहरको निर्माण गरिनुपर्दछ। कपिलवस्तु, रुपन्देही र पश्चिम नवलपुरका प्राचीन र बौद्ध कालिन भग्नावशेषहरुको उत्खनन् गरिनुपर्छ। ती तीन वटै जिल्लाका पूरातात्विक स्थानहरुलाई आपसमा जोडेर स्मार्ट शहरको निर्माण गरिनुपर्छ। उक्त स्थानहरुमा पर्याप्त पूरातात्विक ऐतिहासिक सामाग्रीहरुको संकलनगरी बृहत् बौद्ध संग्रहालयको निर्माण गरिनु पर्छ। त्यस प्रकारको बौद्ध पूरातात्विक शहरको निर्माण गरिएमा त्यो खालि नेपालको मात्र होइन, अन्तर्राष्ट्रिय स्तरको नै बौद्ध पूरातात्विक शहर हुने छ। त्यसले नेपालको पर्यटनमा नयाँ आयाम थपिनुका साथै त्यसले नेपालको प्राचीन सभ्यतालाई पनि अभूतपूर्वरुपले विश्व समक्ष ल्याउने छ।

**यातायातको विकास :** नेपालमा हिमालय, पहाड र तराईलाई आपसमा जोड्नका लागि आधुनिक प्रकारको यातायात मार्गहरुको विकासका लागि प्रयत्न गरिनुपर्दछ। त्यसका लागि निम्नलिखित कार्यहरु गरिनुपर्दछ। हिमाल, पहाड र तराईलाई एक आपसमा जोड्न र विकासलाई द्रुत गतिमा अगाडि बढाउन उत्तर-दक्षिण राजमार्ग, पूर्वपश्चिममध्य पहाडी राजमार्ग, पूर्व पश्चिम रेलमार्ग, काठमाडौं-निजगढ फास्ट ट्याकको निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनुपर्दछ र तिनीहरुको स्तरोन्नति गर्नुपर्दछ। सबै जिल्लामा कम्तीमा सदरमुकामसम्म पुगेका कच्ची सडकलाई कालोपत्रे गर्ने र नयाँ सडकलाई स्तरोन्नति गर्दै बाह्रै महिना सुचारु रुपले सञ्चालन हुने अवस्थामा विकास गर्नुपर्छ। प्रत्येक गाउँ पालिकालाई सडक सञ्जालमा जोड्नुपर्दछ। हवाई यातायातलाई पनि भरपर्दो र विश्वसनीय बनाई राजधानी बाहिर पनि अन्तर्राष्ट्रिय स्तरका एयरपोर्ट निर्माण गरिनुपर्दछ। सवारी दुर्घटना न्यूनीकरण गर्न आवश्यक योजना बनाई लागू गर्न गम्भीरतापूर्वक ध्यान दिइनुपर्दछ। यातायातको आधुनिक र नयाँ उपकरणद्वारा पहाडी भागहरुमा व्यापक यातायात सञ्जालको विकास गरिनुपर्दछ। यातायातमा बिद्युत् प्रणालीलाई प्रोत्साहित गर्नुपर्दछ। नेपालको पहाड र हिमालयको ठूलो भागमा आधुनिक र अपेक्षाकृत सस्तो पडवे (एबम ध्बथ) प्रणालीको देशव्यापीरुपमा विस्तार गरिनुपर्छ।

**जलश्रोत :** जलस्रोतका दृष्टिकोणले नेपाल संसारका सबैभन्दा धनी देशहरुमध्ये एउटा हो। तर नेपालको जलस्रोतमाथि बिदेशी राष्ट्र वा कम्पनीहरुले एकाधिकार कायम गर्दै गएको हुनाले यति ठूलो प्राकृतिक सम्पदा नेपालको विकासको लागि उपयोग हुन सकिरहेको छैन। देशको अपार जलस्रोतको समुचित र बहुआयामिक उपयोग गर्नुपर्छ। साना, मझौला तथा बृहत् प्रकारका बिद्युत् परियोजना निर्माण गर्नुपर्छ तर हाम्रो जलसम्पदामा बिदेशीको एकाधिकार कायम हुँदै गइरहेको छ। त्यस प्रकारको एकाधिकारलाई समाप्त गरेर नै नेपालको जलसम्पदाको समुचित विकास हुन सक्ने छ। बिद्युतबाट मुलुकमा आवश्यक इन्धनको आपूर्ति र औद्योगीकणका लागि बाटो खुल्ने छ।**विदेश नीति :** नेपालको बिदेश नीति, एकातिर देशको राष्ट्रियता, सार्वभौमिकता र स्वतन्त्रताको रक्षा गर्ने हुनुपर्दछ भने, अर्कोतिर शान्तिको रक्षा र साम्राज्यवादको विरोध गर्ने प्रकारको हुनुपर्दछ। त्यसका लागि निम्न प्रकारको नीति अपनाउनुपर्दछ। नेपालको राष्ट्रियता, सार्वभौमिकता र स्वतनत्रताका पषमा सधैं" दृढ नीति अपनाउने। विश्वको कुनै पनि देशको स्वतन्त्रता, सार्वभौमिकता माथिको हस्तक्षेप, अतिक्रमण वा आक्रमणको विरोध गर्ने। युद्धको विरोध र शान्तिको पक्षमा आवाज उठाउने। कुनै पनि देशका जनताको राष्ट्रियता र स्वतन्त्रताको पक्षमा वा युद्धका विरुद्धको आवाज वा आन्दोलनलाई समर्थन गर्ने। पारस्परिक हित, समानता र सम्मानका आधारमा बैदेशिक सम्बन्ध तथा सन्धि हुने प्रकारको हुनुपर्दछ।

**राष्ट्रियता :** देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डताको रक्षाका लागि सन् १९५० लगायतका असमान सन्धिसम्झौता खारेज हुनुपर्दछ। एमसिसी सम्झौता खारेज हुनुपर्दछ। २०६४ सालमा जन्मको आधारमा गैरनेपालीले प्राप्त गरेका नागरिकता छानबिन गरी खारेज गर्नुपर्दछ। अंगीकृत नागरिकताप्राप्त व्यक्तिलाई राज्यको प्रमुख पदमा लैजाने षड्यन्त्रको अन्त्य गर्नुपर्दछ। नेपालको जलसम्पदा माथि भारतको प्रभुत्व अन्त्य हुनुपर्दछ। कालापानीबाट भारतीय सेना फिर्ता हुनुपर्दछ। नेपालको बिभिन्न स्थानमा भारतद्वारा अतिक्रमित भूमि फिर्ता हुनुपर्दछ। नेपाल-भारत खुला सीमाको व्यवस्थापन हुनुपर्दछ। बिदेशी सेनामा नेपालीको भर्तीमाथि प्रतिबन्ध लगाउनुपर्दछ।

**मजदुरको हकहित र रोजगारीको व्यवस्था :** मजदुरको हकहितको रक्षाका लागि आवश्यक कानुन बनाइनुपर्दछ। उनीहरुको ट्रेड युनियनको अधिकार सुनिश्चित गरिनुपर्दछ। "नो वर्क नो पे"को गलत नीति खारेज हुनुपर्दछ। प्रतिवर्ष श्रमबजारमा आउने लाखौं जनशक्तिलाई रोजगारका लागि आवश्यक व्यवस्था मिलाउन गुरुयोजना निर्माण गरी कलकारखानाको विकास गरिनुपर्दछ। बेरोजगारलाई राज्यकोतर्फबाट भत्ताको व्यवस्था गरिनुपर्दछ।

**रोजगारीको व्यवस्था :** उद्योग, घरेलु उद्योग र कृषि उत्पादन समेतको व्यवस्था गरी रोजगारी बढाएर रोजगारीका लागि श्रम शक्तिको बिदेशमा भइरहेको पलायनमाथि नियन्त्रण गरिनुपर्दछ।

**पुनर्स्थापना :** प्राकृतिक प्रकोपबाट विस्थापित र आवासविहीन जनतालाई पुनर्स्थापना गर्न आवास निर्माण गरिनु पर्छ। प्राकृतिक प्रकोपबाट पीडितका लागि बिदेशबाट प्राप्त वा जनस्तरबाट उठेको सहायताको सदुपयोग हुने गरेकोमा त्यस प्रकारको अवस्थाको अन्त गरिनुपर्दछ। खेत मजदुर, हलिया, खेताला, मुक्तकमैया,हरुवा, चरुवा, कमलरी, भूमिहीन, सुकुम्बासीको पहिचान गरी उनीहरुलाई पुनर्स्थापना गर्नुपर्छ। उनीहरुको बसोबासका लागि घरघडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था हुनुपर्छ।

**स्वास्थ्य :** संविधानले स्वास्थ्यको अधिकारलाई मौलिक हकको रुपमा संवैधानिक व्यवस्था गरेको छ। गुणस्तरीय स्वास्थ्य सेवा पाउनु सम्पूर्ण जनताको अधिकार हो। त्यसैले स्वास्थ्य सेवालाई पूरै निशुल्क गरिनु पर्छ। संघीयतालाई खारेज गरेर त्यसमा खर्च भइरहेको अनावश्यक रकममा हुने बचतबाट स्वास्थ्यलाई पूरै निशुल्क गर्न सकिनेछ। नागरिकको स्वास्थ्य बिमा सुनिश्चित गर्दै स्वास्थ्य सेवामा जनताको पहु"च सुनिश्चित हुनुपर्दछ। स्वास्थ्य क्षेत्रमा राज्यको लगानी वृद्धि गर्नुपर्दछ। स्वास्थ्य सेवाको निजीकरण र व्यापारीकरण बन्द गर्नुपर्छ। जनताको जीवनशैलीमा सुधार विकास र जनचेतनामा जोड दिनुपर्दछ। सम्पूर्ण देशलाई खुल्ला दिसापिसाबमुक्त क्षेत्र घोषणा गरिनुका साथै शुद्ध खानेपानीमा सबैको पहु"च पुर्याउनुपर्दछ।

**खेलकुद :** देशको युवा जनशक्तिलाई स्वस्थ राख्न तथा मुलुकलाई खेलकुदको माध्यमद्वारा विश्वमा चिनाउनका लागि खेलकुदको विकासमा जोड दिनुपर्दछ। निष्पक्ष ढङ्गबाट खेलाडीको सम्भावनाको खोजी, चयन र बिभिन्न खेलकुद क्षेत्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीलाई भत्ताको व्यवस्था गरिनुपर्दछ। स्थानीय तहसम्म खेलकुदको विकास गर्दै लैजानुपर्दछ।

**शिक्षा :** शिक्षलाई पूरै निशुल्क गरिनुपर्दछ। संघीयतामा खर्च भइरहेको अनावश्यक रकममा कटौती गरेपछि स्वास्थ्य जस्तै शिक्षा पनि पूरै निःशुल्क हुन सक्नेछ। राज्यले प्रदान गर्ने शिक्षा जीवनोपयोगी र रोजगारमूलक हुनुपर्दछ। शिक्षाको निजीकरण र व्यापारीकरण बन्द गरिनुपर्दछ।

**सामाजिक सुरक्षा :** मानव विकास सूचकाङ्कका दृष्टिले धेरै पछाडि परेका, पिछडिएका क्षेत्रका जनतालाई गरिब घरपरिवार राष्ट्रिय परिचय पत्र प्रदान गरी संरक्षण गर्ने नीति अपनाइनुका साथै एकल महिलालाई जीवन धान्न सक्ने गरी अहिले उपलब्ध गराइएको भत्तामा वृद्धि गरिनुपर्दछ। ५ वर्षभन्दा माथिका र १२ वर्षमुनिका बालबालिकालाई बससहित सबै यातायातका साधनमा आधा भाडा छुट हुनुपर्दछ।

**जेष्ठ नागरिक :** जेष्ठ नागरिकहरुको आवास जीवन निर्वाह र स्वास्थ्य समेतको पूरै जिम्मा सरकारले लिनुपर्दछ। उनीहरुका लागि आवश्यकता अनुसार सुविधाजनक बृद्धाश्रमको व्यवस्था गरिनुपर्दछ वा आवश्यक भत्ताको व्यवस्था गरिनुपर्दछ। उनीहरुलाई उनीहरुको परिवार वा सन्तानहरुबाट अपहेलना वा प्रताडना हुन नदिन प्रभावशाली व्यवस्था गरिनुपर्दछ।

**महिला :** महिलामाथि हुने सम्पूर्ण प्रकारका सामाजिक, आर्थिक र राजनीतिक भेदभाव अन्त्य हुनुपर्दछ। लैङ्गिक समानता कायम गर्न लैङ्गिक हिंसा अन्त्य हुनुपर्छ। त्यसका लागि जारी भएका बोक्सीको आरोप सम्बन्धी कानुन, घरेलु हिंसा सम्बन्धी कानुन, छाउपडी गोठ निषेध तथा त्यस सम्बन्धी अन्य कानुनी व्यवस्थालाई कडाइका साथ लागु गर्नुपर्छ। महिलाले सुत्केरी अवस्थामा पाउने बिदा र भत्तामा वृद्धि गर्नुपर्दछ। महिनाबारी भएका बेला बिदाको व्यवस्था गरिनुपर्दछ। महिलाका विरुद्ध सामाजिक कुरीति र दाइजो लगायतका हिंसा रोकिनुपर्दछ। राज्यका सबै अंगमा समावेशी समानुपातिक आधारमा **बाँकी आगामी अंकमा**